सर्वाधिक बिक्री हुने
साप्ताहिक
सबैको लागि सम्पूर्ण

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

SALE
BaLeNO
www.baleno.com
S&K
SAMUEL & KEVIN
Bouddha; 4465008 | Bluestar Complex; 4228833

• वर्ष १२ • अंक ३९ • काठमाडौं, शुक्रबार, फागुन ४, २०६३ • SAPTAHIK • Nepali Weekly • Feb 16, 2007 • पृष्ठ २४ • मूल्य रु. ८/-





मध्यपृष्ठमा अरुणिमा लम्साल

पृष्ठ २४ मा म्यान हन्टमा उपाधि

# के हुन्छ मसाज पार्लरमा ?

● नेहा शर्मा

काठमाडौं– मकवानपुरकी सुनीता (नाम परिवर्तन) ले सानैमा आमाको साथ गुमाइन् । बाल्यावस्थामै आमाको निधन भएपछि सहारा दिने बाबु मात्र थिए, तर बाबुले पनि छोरीको जिन्दगीभन्दा आफ्नै फाइदा हेरे र दोस्रो विवाह गरे । त्यसपछि त के चाहियो र ? सौतेनी आमाको व्यवहार खप्नै नसक्ने भयो । सुरुसुरुमा त सौतेनी भए पनि आमा नै हुन् भन्दै सहेर बसिन् तर अति भएपछि सहिसक्नु भएन । सुनीता घर छाडेर फुपू अनिताको सहारामा पुगिन् ।


भनिन्छ, 'ओरालो लागेको मृगलाई बाच्छोले पनि खेद्छ' । सानैदेखि भाग्यले लखेट्दै आएकी सुनीतालाई पनि त्यही भयो । उनलाई सहारा दिएकी फुपू अनिता 'आतङ्ककारीको सुराकी' भएको आरोपमा मारिइन्- सुरक्षाकर्मीबाट । त्यसपछि उनी पूरै सहाराविहीन भइन् । कहाँ जाने, के गर्ने उपाय भएन । उपाय नभएपछि उनी साथीहरूको लहैलहैमा काठमाडौं आइन् । काठमाडौंमा दुई छाक पेट भर्ने उपाय खोज्दै भौंतारिँदा मसाज पार्लर पुगिन् । अहिले उनलाई खान र बस्नको त चिन्ता छैन, तर जिन्दगी नै बर्बाद हुन थालेको महसुस हुँदैछ । मसाजमा काम गर्दै आएकी सुनीता दुःखेसो सुनाउँछिन्– 'जसले जे भन्यो त्यही गर्नुपर्छ, शरीरै सुम्पनुपर्छ । छाडेर जाऊँ अरू काम गर्ने सीप छैन, गरूँ त मनभरि व्यथा सहेर बस्नुपर्छ ।'

टुहुरो जिन्दगी बिताउँदा-बिताउँदै मसाज पार्लर पुगेकी सुनीताको भन्दा कम दर्दनाक छैन सिन्धुपाल्चोकको अनु (नाम परिवर्तन) को जीवनकथा पनि । राम्रैसँग घरबार चलिरहेका बेला उनका बाबुले कान्छी स्वास्नी भित्र्याए । कान्छी साथमा भएपछि उनले जेठी र उनका बालबच्चालाई हेंला गर्ने मात्रै होइन, हेरचाह नै गर्न छाडिदिए । जेठी छोरी भएकीले आमा तथा भाइबहिनीको लालनपालनको जिम्मेवारी उनकै काँधमा थपियो । काम खोज्दै काठमाडौं छिरेकी अनुले कतै काम पाइनन्, अनि सुरु भयो मसाज पार्लरको यात्रा, तर पार्लरको कामप्रति उनलाई अहिले विरक्त लाग्न थालेको छ । कस्तो ठाउँमा भासिएँ भनेर जिन्दगी र भविष्यको चिन्ता बढ्दैछ । 'यस्तो हुन्छ होला भन्ने के थाहा, थाहा पाएको भए त आउँदिनँथें होला,' उनले एकै वाक्यमा आफ्नो व्यथा सुनाइन् ।

सुनीतालाई पनि सुरुमा मसाजमा 'जागिर' पाएकोमा खुसी त लाग्यो, तर के काम गर्नुपर्छ त्योचाहिं थाहा थिएन । 'यहाँ आएपछि मात्र थाहा भयो, सुनीता भन्छिन्– 'ग्राहकले जे भन्यो त्यही गर्नुपर्छ, कतिले ग्राहकले भनेको नमाने कुटाइ पनि खानुपर्छ ।' सुरुसुरुमा त्यस्तो व्यवहार सहन नसकेर, त्यहाँको वातावरणमा घुलमिल हुन नसकेर उनी एक्लै बसेर रोइन्, काम छाडेर जाने निधोसमेत गरिन्, तर न घर न आफन्त भएकी सुनीतालाई भाग्य नै यस्तै भएजस्तो लाग्यो र जे पर्छ सहँदै बसिन् । 'अरू काम गर्ने सीप थिएन, त्यसैले जे-जस्तो भए पनि काम छाड्न सकिनँ,' उनले भनिन्– 'जति दुःख सहेर भए पनि दिन गुजार्दैछु ।'

मसाजमा काम गर्ने अधिकांश किशोरी तथा

बाँकी पृष्ठ ५ मा






## क्यासेट

### भ्यालेन्टाइन



भ्यालेन्टाइन-२००७ लाई लक्षित गरेर रियाज म्युजिकल लभसङहरूको संग्रह 'भ्यालेन्टाइन' बजारमा ल्याएको छ। यो संग्रहमा डेनी डेन्जोङ्पाको चिसो-चिसो तथा राम थापा र राकेश लामिछानेको लेकाली हो गीतलाई रिमिक्स भर्सनमा रितुसिंह वैद्य तथा अनिल सिंहले स्वर दिएका छन्। संग्रहमा दीपेशकिशोर भट्टराई, भीषण योञ्जन, साबु थापा, रिजा उप्रेती, उदेश श्रेष्ठ, अराज केशव तथा सुमन श्रेष्ठको आवाजमा प्रेमसँग सम्बन्धित गीत सुन्न सकिन्छ।

### शब्द



गीतकार दिनेश अधिकारीका शब्दहरूको गीतिसंग्रह 'शब्द' श्रोतामाझ आएको छ। म्युजिक नेपालले बजारमा ल्याएको यो संग्रहमा कर्ण दास, रामकृष्ण ढकाल, दीपक खरेल, दीप श्रेष्ठ, सुनीता सुब्बा, सपनाश्री, रीमा गुरुङ, कुन्ती मोक्तान, स्वरूपराज आचार्य, लासमित राई, उदय सोताङ तथा विमला राईको स्वर सुन्न पाइन्छ। संग्रहका गीतमा कर्ण दास, सुरेश अधिकारी, प्रकाश गुरुङ, शक्ति बल्लभ, गोपाल योञ्जन, राम थापा, शम्भुजित बाँस्कोटा, न्हयू बज्राचार्य, उदय सोताङ तथा राजु सिंहले संगीत दिएका छन्।

### माछी मार न



धौलागिरि क्यासेट सेन्टरले गायक रमेश खड्काको रिमिक्स गीतिसंग्रह 'माछी मार न' बजारमा ल्याएको छ। यो संग्रहमा सूर्य थुलुङ, हीरादेवी राई तथा साथीहरूले गाएको माछी मार न गीतको रिमिक्स संस्करणमा गायक खड्काका अतिरिक्त मौसमी गुरुङ एवं म्याडजोनको स्वर सुन्न पाइन्छ। नौवटा गीत संग्रहित यो संग्रहमा लोकपप शैलीका गीतको बाहुल्यता छ।

## रंगामञ्च

-कलाकार रागीनी उपाध्यायले भ्यालेन्टायन डेलाई लक्षित गरेर एकल चित्रकला प्रदर्शनीको आयोजना गरेकी छिन्। माघ २८ गते आइतबार दरबारमार्गस्थित द आर्ट सप ग्यालरीमा जर्मन राजदूत फ्रान्ज रिङ तथा उनकी श्रीमती वैली रिङले संयुक्त रूपमा उद्घाटन गरेको उक्त चित्रकला प्रदर्शनीमा माया-प्रेमकै विषयमा आधारित ३२ वटा चित्र राखिएका छन्। मायाको ध्वनि अर्थात् 'साउन्ड अफ लभ' शीर्षक राखिएको उक्त प्रदर्शनी आगामी फागुन १३ गतेसम्म चल्नेछ।

-अन्तर्राष्ट्रिय मातृभाषा दिवस तथा ५५ औं भाषा आन्दोलनको अवसर पारेर नेपाल आर्ट काउन्सिल बबरमहलमा 'अन्तर्राष्ट्रिय मातृभाषा दिवस चित्रकला प्रदर्शनी-२००७' को आयोजना गरिएको छ। माघ २८ गते आइतबार नेपालका लागि बंगलादेशका राजदूत इम्तियाज अहमदले उक्त चित्रकला प्रदर्शनीको उद्घाटन गरेका थिए। प्रदर्शनीमा स्वदेशी तथा विदेशी कलाकारका ४० वटा चित्र राखिएका छन्। प्रदर्शनी फागुन १२ गतेसम्म रहनेछ। प्रदर्शनीको आयोजना बूढीगंगा आर्टस एन्ड क्राफ्ट, नेपाल आर्ट काउन्सिल तथा बंगलादेशी राजदूतावासले संयुक्त रूपमा गरेका हुन्। यो प्रदर्शनीको उद्घाटनका अवसरमा बंगलादेशी राजदूतावासले आयोजना गरेको अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनीमा उत्कृष्ट ठहरिएका कलाकार श्यामलाल श्रेष्ठलाई पुरस्कृत पनि गरिएको थियो।

-ऐतिहासिक स्थल नुवाकोटलाई कलाकारहरूको एक टोलीले क्यानभासमा उतारेको छ। 'सम्पदा, संस्कृति र सिर्जनाको गौरव : प्रथम नुवाकोट महोत्सव-२०६३' को अवसरमा ९ जना कलाकारले क्यानभासमा दृश्य चित्र कोरेका थिए। नेपाल वाटर कलर सोसाइटीका अध्यक्ष रत्नकुमार राईको नेतृत्वमा रहेको टोलीमा कलाकर्मी सिर्जन राजभण्डारी, हरिबहादुर खड्का, शान्तकुमार राई, जीवन उपाध्याय नरेन्द्रसुन्दर सैंजु, सुरेन्द्र प्रधान, रामकृष्ण भण्डारी तथा राजमान महर्जनसहभागी छन्। नुवाकोटको सात तले दरबार, शीतल पाटी, संग्रहालय, मन्दिर तथा हिमाली दृश्यलाई आधार बनाएर चित्र कोरिएका छन्। यही टोलीले यसअघि पनि कास्कीको अर्मलाकोटमा ३० वटा चित्र कोरिसकेको छ भने अब चाँडै नुवाकोटकै बट्टार र त्रिशूलीमा समेत यस्तै कार्यक्रमको आयोजना गरिनेछ। यसरी कोरिएका सबै चित्र सामूहिक प्रदर्शनीमा राखिने सोसाइटीका अध्यक्ष राईले बताए।

## ग्यालरी

-रङ्गमञ्चको क्षेत्रमा कला व्यवस्थापनमा आधारित रहेर गुरुकुलले सोमबारदेखि एउटा कार्यशाला प्रारम्भ गरेको छ। कला व्यवस्थापनका निर्देशक नर्वेजियन गुन्नार थोम लुसियसले सञ्चालन गर्ने उक्त कार्यशालामा नेपाल तथा भारतका रंगकर्मीहरूको सहभागिता छ। गुरुकुलका घिमिरे युवराजका अनुसार कार्यशाला नेपालको परिप्रेक्ष्यमा रंगमञ्चलाई कसरी जनप्रिय बनाउने तथा यसलाई कसरी बजारमा लाने भन्ने विषयमा लक्षित छ।

-नर्वेजियन निर्देशक मोर्टन क्रोगले निर्देशन गरेको नाटक 'ताराबाजी लै-लै' गत माघ २७ गतेदेखि गुरुकुल पुरानो बानेश्वरमा मञ्चन हुन थालेको छ। एक महिनासम्म लगातार मञ्चन हुने उक्त नाटकमा विद्यार्थी जीवनको कथा समेटिएको छ। नाटकमा शिशु कक्षादेखि उच्चशिक्षासम्म विद्यार्थीहरूले भोग्नुपर्ने विविध घटना- परिस्थिति आदिलाई प्रस्तुत गरिएको छ।

## पुस्तक

### युवा खुल्दुली




'साप्ताहिक' ले प्रकाशित गर्दै आएको 'युवा खुल्दुली' चित्रकथाको सँगालो प्रकाशित भएको छ। सँगालो-पुस्तकमा ५१ श्रृंखला समेटिएका छन्। सेभ द चिल्ड्रेन युएस्एद्वारा प्रकाशित यो श्रृंखला साहित्यकार सिर्जना शर्माले लेख्नुभएको हो। यसका चित्र कलाकार बासु क्षितिजले बनाउनुभएको हो। 'युवा खुल्दुली' चित्रकथा-सँगालोमा युवा-युवतीका समस्या तथा तिनको समाधान स्पष्ट पार्न खोजिएको छ। पुस्तकमा युवाका समस्या बढी छन् भने कथा सहरमा केन्द्रित छ।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

सुरुमा मानसम्मान मिल्नेछ। आफ्नो लगनशीलता एवं इमान्दारिताले अरूलाई आकर्षित गर्न एवं मन जित्न सकिनेछ। पराक्रम एवं सोच्ने शक्ति बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर मिल्नेछ। रमाइलो यात्रा हुनसक्छ। अध्ययनमा सफलता प्राप्त हुनेछ। भेटघाटमा रमाउने बेला छ भने मंगलबार तथा बुधबार खर्च, विवाद एवं चिन्ता बढ्न सक्छ।

### वृष

सुरुमा नैराश्यता एवं उदासीनताका साथै कुरा काट्नेहरू पनि बढ्नेछन्। काममा अवरोध आउनाले मनोबल घट्नेछ। स्वास्थ्य गडबड रहनेछ। सोमबारदेखि मानसम्मान मिल्ने तथा काममा सुधार आउने योग छ। ठूला व्यक्तिले तपाईंको भरोसा गर्नेछन्। धन आर्जन गर्ने अवसर तथा अध्ययनमा सफलता मिल्नेछ। यात्रा हुनसक्छ भने धार्मिक कार्यमा रुचि बढ्नेछ।

### मिथुन

काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। शत्रु, अस्वस्थता, कुरा काट्नेहरू तथा गलत विचार बढ्ने योग छ। नैराश्यता एवं उदासीनताले सताउनेछ। अरूको काम धेरै गर्नुपर्नेछ। जस पाउन मुस्किल हुनुका साथै एकपछि अर्को समस्या आइरहनेछ। मंगलबारदेखि मानसम्मान मिल्ने, काममा सुधार आउने, आम्दानी हुने तथा प्रसन्नता बढ्ने योग छ।

### कर्कट

सोच्ने शक्ति एवं व्यवसायमा वृद्धि हुनुका साथै अध्ययनमा पाइने सफलता कायमै रहेछ। धार्मिक कार्यमा रुचि तथा आम्दानी पनि बढ्नेछ। अरूको मन जित्न सकिनेछ। आइतबारदेखि बुधबारसम्म अस्वस्थता एवं आलस्यताले सताउने, काममा बाधा उत्पन्न हुने तथा चिन्ता बढ्ने देखिन्छ। शरीरमा चोटपटक लाग्न सक्छ। झूटा आरोप लाग्ने सम्भावना छ। सफलताका लागि गोपनियता अपनाउनुहोला।

### सिंह

परिश्रम गर्नु परे पनि काम एवं अध्ययनमा सफलता मिल्नेछ।यात्रा हुनसक्छ। भेटघाटमा रमाउने अवसर प्राप्त हुनेछ। आफन्तहरूको सहयोग मिल्नेछ। मंगलबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा दुविधा बढ्ने योग छ। बोलीको प्रभाव बढे पनि कुरा काट्नेहरू सक्रिय हुनेछन्। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्।

### कन्या

घरेलु समस्या बढ्ने तथा काममा अवरोध आउने योग छ। शत्रुले प्रतिष्ठा गिराउने प्रयास गर्नेछन्। गलत विचार बढ्ने तथा समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले अधिकार नै जमाउन सक्छन्। स्वास्थ्यमा समस्या उत्पन्न हुनुका साथै मंगलबार तथा बुधबार प्रसन्नता बढ्ने, काममा सुधार आउने, व्यवसाय बढ्ने एवं यात्रा हुने योग छ। अधुरा कामहरू पनि पूरा हुनेछन्।

### तुला

मन दुःखी हुनसक्छ। काममा पनि अवरोध आउनेछ। शत्रु बढ्नुका साथै स्वास्थ्यमा गडबडी देखिन सक्छ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। बुधबारदेखि काममा सफलता मिल्ने तथा व्यवसायबाट लाभ हुने योग छ। धन कमाउने अवसर मिल्नुका साथै पराक्रम पनि बढ्नेछ। तपाईंको लगनशीलता एवं इमान्दारीताको प्रशंसा हुनेछ।

### वृश्चिक

पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। सोच्ने शक्ति बढ्नेछ भने अध्ययनमा सफलता मिल्नेछ। आइतबारदेखि घरेलु समस्या तथा गलत विचार एवं चिन्ता बढ्ने योग छ। काममा बाधा खडा हुनसक्छ। मित्र बनेर धोका दिनेहरू प्रशस्तै हुनेछन्। विवादमा मुछिनुका साथै धनमाल हराउन सक्छ। शरीरमा चोटपटक लाग्नसक्ने देखिन्छ।

### धनु

नैराश्यता एवं उदासीनताका साथै कुरा काट्नेहरू बढ्नेछन्। विश्वास गरेकाहरूले धोका दिनेछन् भने मनमा दुविधाग्रस्त रहनेछ। गलत विचारले सताउनेछ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। आइतबार तथा सोमबार पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अरूबाट सहयोग प्राप्त हुनेछ। व्यवसायमा राम्रै सफलता मिल्नेछ।

### मकर

मानसम्मान मिल्नुका साथै प्रसन्नता बढ्नेछ। सानै प्रयासले पनि ठूलो काममा सफलता मिल्नेछ। धन आर्जन हुनसक्छ। अध्ययनमा सफलता प्राप्त हुनुका साथै बौद्धिक कार्य पनि फलिभूत हुनेछ। यात्रामा सोचेजस्तै सफलता मिल्नेछ। अरूको विस्वास जित्न सकिनेछ। आइतबार तथा सोमबार विवाद एवं चिन्ता बढ्ने तथा घरेलु समस्याले सताउने योग छ।

### कुम्भ

खर्च एवं विवाद बढ्नेछ भने मनमा दुविधाग्रस्त रहनेछ। कुरा काट्नेहरू बढ्नेछन्। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। धनमाल हराउन सक्छ। रिसको बेग बढ्नुका साथै धैर्यताको कमीले हात परेको काम पनि फुत्कन सक्छ। आइतबार तथा सोमबार मानसम्मान तथा काममा सफलता मिल्ने योग छ। बोली प्रभावशाली हुनेछ। धन आर्जन हुनसक्छ।

### मीन

सोच्ने शक्ति बढ्नेछ। धन आर्जन गर्ने अवसर प्राप्त होला। अध्ययनमा सफलता मिल्नेछ भने मानसम्मान पनि पाइनेछ। अरूको मन जितेर सहयोग प्राप्त गर्ने योग भए पनि आइतबार तथा सोमबार खर्च एवं विवाद बढ्न सक्छ। झूटा आरोप पनि लाग्नेछ। व्यवसायमा उतार-चढाव आउने तथा पतिपत्नीबीच विवाद उत्पन्न हुने देखिन्छ।

### यो साताको पञ्चाङ्ग

फागुन ४ गते : महाशिवरात्री, ७ गते : ७ राष्ट्रिय प्रजातन्त्र दिवस




बिशेष सेवा

रसायन वाजिकरण एवं ताजगीकरण

(Sexopsychology , Sexotherapy & Rejuvination):

नपुंसकता, लिङ्ग उत्तेजना सम्बन्धी समस्या, सिघ्र स्खलन, हस्तमैथुन, स्वप्न दोष, धातु वीर्य तथा शुक्रकीटको विकासका समस्या, सरुवा यौन रोग, पुरुष-स्त्री यौनाङ्ग, स्तन एवं शरीरको कमबढी विकास एवं हर्मोनल समस्या तथा महिनावारीमा गडबडी।

(पूर्ण गोप्यताको वातावरणमा अन्तरङ्ग परामर्श)

सम्पर्क: (विशेष सेवा विभाग)

धन्वन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.

धुम्बाराही चोक, फोन: ४३७१७७१, ०१६२०४१५६

website ; www.sexologistnepal.com E-mail: info@ayurvednepal.com

सुखी विवाहित जीवनको लागि

सेवाको १३ वर्ष

विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।

भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५

पापुलर आयुर्वेद औषधालय

ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

खुल्यो खुल्यो खुल्यो

निशुल्क ब्युटिसियन ट्रेनिङ्ग खुल्यो।



NGO को सहयोगमा नेपाल सरकारवाट मान्यता प्राप्त विदेशवाट तालिम लिएका बरिष्ठ ब्यूटिसियनहरुद्वारा अत्याधुनिक मेसिनहरुवाट छोटो समयमै कोर्षहरु ग्यरेण्टीकासाथ Basic Diploma, Advance, Teaching/ Spacial Beautician Course मा सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।

New ITC ट्रेनिङ्ग सेन्टर

गोगंबु गणेशस्थान रोड, काठमाण्डौं

फोन नं. ०१-२०२३६१८

## साता संक्षेप

माघ २६– तराईको आन्दोलन स्थगित, प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा गरिएको दोस्रो सम्बोधन सकारात्मक भएको मधेसी समुदायको टिप्पणी ।

- पोखरामा भएको सार्वजनिक सुनुवाईमा विद्यार्थी संगठनहरूबीच झडप, १८ विद्यार्थी घाइते ।
- राजनैतिक वक्तव्य दिएर विवादमा आएका पश्चिम पृतनापति दिलीपशमशेर राणालाई सैनिक मुख्यालयद्वारा कारवाही ।
- जनआन्दोलन-२ का दोषीलाई कारबाही गर्न सरकारद्वारा गृहमन्त्रालयलाई निर्देशन ।
- नेपाली मुद्राबाट राजाको तस्बिर र नाम हटाइयो, राजाको स्थानमा सगरमाथा, बुद्ध, डाँफेजस्ता चित्र राखिने राष्ट्रबैंकद्वारा जानकारी ।

माघ २७– रायमाझी आयोगको प्रतिवेदन कार्यान्वयन प्रारम्भ, छानबिनको जिम्मा अख्तियारलाई ।

- तराईमा सशस्त्र संघर्ष गरिरहेका गोइत तथा ज्वाला सिंह समूहलाई वार्ताका लागि सरकारद्वारा पत्राचार ।
- नवलपरासीमा सैनिकको कुटाइबाट १८ गाउँले घाइते, गाउँलेद्वारा सैनिकमाथि कारबाही गर्न माग ।

माघ २८–लमजुङमा भएको राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा) को जिल्लास्तरीय कार्यक्रममा माओवादीद्वारा आक्रमण, २० घाइते, ४ को स्थिति चिन्ताजनक ।

- माओवादीका ७ शिविरमध्ये ५ वटा शिविरमा हतियार प्रमाणीकरण पूरा, माओवादीका सेना ३५ हजारभन्दा बढी हुने अनुमान ।

माघ २९– आफ्नै दलका सांसदहरूद्वारा गृहमन्त्री कृष्णप्रसाद सिटौलाको राजीनामा माग, माओवादी विधायकहरूद्वारा सिटौलाको बचावट ।

- विश्वका समाजवादी पार्टीहरूको काठमाडौं बैठक सम्पन्न, समाजवादी दलहरूको घोषणापत्र जारी ।
- काठमाडौंमा फोहोर उठाउन बन्द, ५ दिनको फोहोरले महानगर दुर्गन्ध ।
- झापामा आदिवासी राजवंशी समुदायद्वारा आह्वान गरिएको बन्दमा स्थानीयवासी तथा राजवंशी समुदायबीच झडप, २ को स्थिति चिन्ताजनक, १२ घाइते ।

फागुन १– माओवादी तथा सर्वसाधारणबीच झडप जारी, रौतहट, कैलाली तथा सुनसरीमा भएका झडपमा १९ व्यक्ति घाइते ।

- पशुपतिको आम्दानी पारदर्शी बनाउन सिसिटिभी जडान गरिने ।
- जनसेनालाई हालसम्म ३५ करोड रुपैयाँ उपलब्ध गराइसकिएको कुरा सरकारद्वारा सार्वजनिक ।
- प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई जन्डिसको लक्षण, ८ मन्त्री तथा १८ कर्मचारीलाई पनि जन्डिस ।
- डेरा गरी बस्नेहरूका लागि पनि मदतानको व्यवस्था गर्न विभिन्न संघसंस्थाद्वारा माग, निर्वाचन आयोग सकारात्मक ।

फागुन २– तराईमा सशस्त्र संघर्ष गरिरहेको तराई जनतान्त्रिक मोर्चाको ज्वाला सिंह समूह सरकारसँग वार्ता गर्न तयार ।

- नेकपा (माओवादी) द्वारा काठमाडौंमा जनसभा, २५ वर्षपछि उक्त दलका अध्यक्ष प्रचण्ड सार्वजनिक ।
- बढ्दो लोडसेडिङलाई मध्यनजर गर्दै भारतबाट एक सय मेगावाट विद्युत् ल्याउने तयारी ।

### संविधानसभा निर्वाचनका विषयमा सबै दल दोधारमा

# सार्वजनिक स्थानमा जेठ, गोप्य बैठकमा मंसिर

**साप्ताहिक समाचार**

काठमाडौं– जनआन्दोलन- २ पछि २०६४ सालको जेठमा संविधानसभाको निर्वाचन नगरे नेकपा (माओवादी) फेरि युद्धमा फर्कने घुर्की देखाउँथ्यो । उक्त दलका अक्ष्यक्ष प्रचण्डसहित सबैजसो नेता जेठमा संविधानसभाको निर्वाचन नभए राजतन्त्र स्थापित हुने तथा आफूहरू फेरि युद्धमा फर्कने त्रास देखाउँथे । संविधानसभा निर्वाचनपूर्व सरकारलाई ठूला-ठूला राजनैतिक व्यवस्थापन गर्नुपर्ने बाध्यता भए पनि माओवादीको लगातार दबाबका कारण जेठमा संविधानसभाको निर्वाचनका लागि सहमति गर्नुपर्ने अवस्था आयो । सरकार-माओवादीबीच शान्ति सम्झौता, हतियार व्यवस्थापन, प्रतिनिधिसभाको विघटन, अन्तरिम संविधान, अन्तरिम संसद् हुँदै सबैजसो अप्ठ्यारा कुराको व्यवस्थापन भैसकेपछि भने अहिले जेठमै संविधानसभाको निर्वाचन गर्नुपर्ने माओवादीको अडानमा विचलन आउन थालेको छ ।

नेकपा (माओवादी) ले सार्वजनिक स्थानमा संविधानसभाको निर्वाचन सार्नुपर्छ भनेर टिप्पणी त गरेको छैन, तर कसरी संविधानसभाको निर्वाचन पर धकेलिन सक्छ भन्ने गृहकार्य भने प्रारम्भ गरिसकेको अन्य दलका नेताहरूको टिप्पणी छ । हतियार व्यवस्थापनपछि पनि आफू अन्तरिम सरकारमा जाने हतारो नभएको टिप्पणी गर्ने प्रचण्डको वक्तव्य तथा निर्वाचन आयोगद्वारा मतदाता नामावलीमा माओवादीका कार्यकर्ताद्वारा अवरोध उत्पन्न हुनु माओवादीद्वारा जेठमा संविधानसभाको निर्वाचन नहोस् भन्ने चाहनाका प्रतिक्रिया हुन् । विज्ञहरूका अनुसार तराईको आन्दोलनले सबैभन्दा बढी घाटा माओवादीलाई पुर्‍याएकाले उक्त दल जेठमै निर्वाचन गर्न अनिच्छुक देखिएको हो ।

तत्काल निर्वाचन भए तराईमा माओवादी नराम्रोसँग पराजित हुने उनीहरू स्वयंको विश्लेषण छ । यति हुँदाहुँदै पनि संविधानसभा निर्वाचन सार्ने दबाब दिँदा आफूले भोटको राजनीति गरेको आरोप लाग्ने भएकाले माओवादीले मुख फोरेर संविधानसभा सार्नुपर्छ भन्ने आँट गरेको छैन । बरु माओवादीका अध्यक्षले सार्वजनिक समारोहमा आफूले भोटको राजनीति नगर्ने टिप्पणी गरेर आफूहरूमाथि लाग्न थालेको आरोपको खण्डन गरेका छन् । 'हामीलाई पनि भोटको राजनीति गरेको आरोप लाग्न सक्छ, त्यसलाई स्पष्ट पार्दै म हाम्रो पार्टी भोटको राजनीति नगर्ने विश्वास दिलाउन चाहन्छु ।' गत मङ्गलबार २५ वर्षपछि सार्वजनिक सभामा प्रकट भएका माओवादी अध्यक्ष प्रचण्डले तराईको आन्दोलनले आफूलाई घाटा लागेको अप्रत्यक्ष रूपमा स्वीकार गर्दै भने– 'हाम्रो नारा तथा नीति चोरेर तराईका जनताबाट हामीलाई अलग्याउने नीति लिएकोमा हामी आक्रोशित छौं ।'

गत साता निर्वाचन आयोगले नेकपा (माओवादी) का कार्यकर्ताले केही पहाडी जिल्लामा मतदाता नामावली सङ्कलनमा बाधा उत्पन्न गराएको तथा तराईका केही जिल्लामा भएको आन्दोलनले निर्वाचन आयोगको काममा गतिरोध उत्पन्न भएकाले समयमै संविधानसभाको निर्वाचन गर्न अप्ठ्यारो हुने जनाएको छ । आयोगले समयमै निर्वाचन सम्पन्न गर्न दलहरूले सहयोग गर्नुपर्ने जनाएको थियो । आयोगका प्रमुख आयुक्त भोजराज पोखरलेका अनुसार जेठमै संविधान सभा निर्वाचन गर्न दलहरू जति चिन्तित हुनुपर्ने हो, त्यति चिन्ता उनीहरूले नदेखाएको आरोप लगाएका छन् ।

निर्वाचन आयोगको आन्तरिक बैठकमा प्रमुख आयुक्त पोखरेलले आफ्ना मातहतका कर्मचारीलाई निर्वाचन समयमा हुन नसकेको दोष आयोगलाई नआउने किसिमले कार्य सम्पादन गर्न निर्देशन दिएका छन् । आयोगका अनुसार पूर्वी तराई जिल्लामा मतदाता नामावली सङ्कलनका लागि पुर्‍याइएका सबै कागजात आन्दोलनमा भएका आगजनीबाट नष्ट भएका छन् भने पहाडी मूलका कर्मचारीहरू तराईका ग्रामीण क्षेत्रमा काम गर्न जान हच्किएका छन् ।

उता प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई संविधानसभा निर्वाचनअघि काङ्ग्रेसको एकीकरण गर्नुपर्ने दबाब परेको छ । संविधान संशोधन, अन्तरिम सरकारको निर्माण तथा मधेसी एवं जनजातिसँगको वार्ताका कारण प्रधानमन्त्री कोइरालाले आफ्नो दलको एकीकरणलाई समय दिन पाएका छैनन् । वार्ता, संविधान संशोधन एवं अन्तरिम सरकारको निर्माण गर्दागर्दै जेठ बित्ने हुनाले नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) ले भनेजस्तै 'सम्मानजनक एकीकरण' को व्यवस्थापन गर्न समय नभएकाले पनि प्रधानमन्त्री कोइराला जेठमा निर्वाचन गर्नुपर्ने अडानमा रहन सकेका छैनन् ।

यद्यपि मधेसी समुदायलाई सम्बोधन गर्दा कोइरालाले जेठमा संविधानसभाको निर्वाचन गर्ने आफ्नो इच्छालाई सबैले सहयोग गर्न अनुरोध गर्नुले प्रधानमन्त्री कोइराला पनि संविधानसभाको निर्वाचन सर्नुको दोष आफ्नो टाउकोमा नआओस् भन्ने चाहन्छन् । प्रजातान्त्रिक काङ्ग्रेसले संविधानसभामा हुने विलम्बका सम्बन्धमा आधिकारिक धारणा बाहिर ल्याएको छैन । उक्त दलका नेताहरूले संविधानसभाको निर्वाचनलाई भन्दा तराईका मागलाई सम्बोधन गर्न तथा दलको एकीकरण गर्न नेतृत्वलाई दबाब दिने गरेका छन् ।

नेपाली काङ्ग्रेससम्बद्ध मधेसी नेताहरू एक पाइला अघि बढेर जति समय लागे पनि पहिले समस्या सम्बोधन गरेपछि मात्र संविधानसभाको निर्वाचनका बारेमा ध्यान दिन आग्रह गरिरहेका छन् । मधेसी जनाधिकार फोरम, तराई जनतान्त्रिक मोर्चा आदि मधेसी संघ-संस्था तथा विद्रोहीहरूले मधेसको समस्या सामाधान नगरे संविधानसभाको निर्वाचन नै हुन नदिने धम्की दिएर संविधानसभाको निर्वाचनलाई जटिल पारेका छन् ।

नेकपा (एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टी तथा जनशक्ति पार्टीले भने तराईको आन्दोलनपछि जेठमै संविधानसभा गर्न सरकारलाई दबाब दिन थालेका छन् । नेकपा (माओवादी) को तराईमा शक्ति क्षयीकरणपछि त्यसको फाइदा लिन एमाले जेठमै संविधानसभाको निर्वाचन गर्न हतारिएको देखिन्छ भने तराई आन्दोलनको आवेगमा संविधानसभाको निर्वाचन भए त्यसको फाइदा राजावादी दलका रूपमा रहेका जनशक्ति पार्टी तथा राष्ट्रिय प्रजातन्त्र पार्टीले पाउने आशाका साथ उनीहरूले जेठमै संविधानसभाको निर्वाचन गर्न दबाब दिएका छन् ।

'परिस्थिति यति अप्ठ्यारो छ कि बेलैमा संविधान सभाको निर्वाचन गर्न गाह्रो छ ।' राजनीतिशास्त्रका अध्यापक दीपेन्द्र कर्ण भन्छन्– 'मधेस आन्दोलन, अन्तरिम संविधानको संशोधन तथा अन्तरिम सरकारको व्यवस्थापनलाई नै समय लाग्छ ।' कर्णको विचारमा सबै दल देशको भन्दा पनि आफ्नै दलको चिन्ता गरिरहेका छन् । नेपाली जनताले वर्षौं संघर्ष गरेपछि प्राप्त गर्न लागेको संविधान बनाउने अधिकारमा पनि दलहरूले आफ्नो मात्र हित हेर्नुले पनि संविधानसभाको निर्वाचनलाई लिएर विज्ञहरूले चिन्ता व्यक्त गर्न थालेका छन् ।

## मुखाले

-हिन्दू अतिवादीहरू तराई आन्दोलनमा असफल भएपछि पशुपतिनाथ मन्दिरतर्फ फर्किएका छन् ।

**माधवकुमार नेपाल, महासचिव,एमाले**

-विधायकहरू ढुक्क हुनुहोस्, नेपाली सेनाले लोकतन्त्रलाई बलियो बनाउन सघाउँछ ।

**रुक्माङ्गत कटुवाल, प्रधानसेनापति**

-संविधानसभा निर्वाचनले नै सबै जात, क्षेत्र तथा सम्प्रदायको भविष्य निर्धारण गर्छ ।

**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री**

-मधेसको मागलाई अझै पनि पहाडिया नजरले हेरिँदैछ ।

**जयप्रकाश गुप्ता, सांसद, ने. का.**

-कुनै बेला मैले देशमा राजा चाहिँदैन भन्दा सबै मान्छे छक्क पर्थे, अहिले देशमा राजा चाहिन्छ भन्दा छक्क पर्ने बेला आएछ ।

**वामदेव गौतम, नेता, नेकपा (एमाले)**

-जेठमा निर्वाचन हुनेभन्दा नहुने सम्भावना देखिरहेको छु ।

**भोजराज पोखरेल, प्रमुख निर्वाचन आयुक्त**

-गृहमन्त्रीको राजीनामा नआई हामी वार्तामा जाँदैनौं ।

**उपेन्द्र यादव**
**अध्यक्ष, मधेसी जनाधिकार फोरम**

-म व्यक्तिगत सम्पत्ति राख्दिनँ ।

**प्रचण्ड, अध्यक्ष, नेकपा (माओवादी)**


पहिले सफल उपचार पछि भुक्तानी
यौन
उत्तेजना नहुने, शीघ्र स्खलन तथा शारीरिक यौन शक्ति (महिला-पुरुष)
स्तन
बढाउने, घटाउने तथा टाइट गराउने
10am-5pm
पोतो
अनुहारको चायाँ, कालो पोतो, डण्डीफोरबाट मुक्ति
दम, वाथ, ग्याष्टिकबाट पूर्ण मुक्ति
विगत १२५ वर्षभन्दा बढी आयुर्विज्ञानमा समर्पित
काम नगरे भुक्तानी पर्दैन
No Side effect, 100% Guarantee
4672065, 2084130

आवश्यकता
यस कम्पनीलाई कर्मचारी चाहिएकोले इच्छुक व्यक्तिहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।
पद: Data Collector
संख्या: 5 Ladies & 10 Gents
योग्यता: SLC or above
तलब: 5000 + TA
नोट: बुझ्न आउँदा योग्यताको प्रमाणपत्र र २ PP फोटो अनिवार्य छ ।
सम्पर्क स्थान :
व्यक्तित्व विकास तथा डाटा कलेक्सन केन्द्र
4366102, 2040675
गोगंबु चोकदेखि उत्तरपट्टि १०० मि. भित्र दायाँ
Selected Person हरूका लागि मात्रै form दिईने छ । Form शुल्क Rs 100 लाग्ने छ ।

English Language
Own course books, audio-visual, self-practice lab
Chinese, Japanese, German, French, Spanish, Korean & Hebrew languages
(अंग्रेजी जान्दै नजान्नेकालागि पनि व्यवस्था)
TOEFL/IELTS Preps.
O'seas Language C. Bag Bazar, 4-268945, Jamal 4-244741
Interactive English (Language VCDs) available in the market OLC, 4-247897





आवश्यकता
एक घरेलु संस्थाको लागि महिला, पुरुष थप नियमित कर्मचारी आवश्यकता, ईच्छुकले तु. सम्पर्क गर्नुहोला ।गृहणी तथा विद्यार्थीलाई पार्टटाईमको व्यवस्था ।
तलब:६०००/-
संख्या: ९ पुरुष,१८ महिला
सम्पर्क:
फोन : २३३५०८३,
मो.नं. :९८४१०००९०९
नोट:शनिवारपनि अफिस खुल्ला रहनेछ






महिला तथा पुरूषहरूको लागी
नि:शुल्क व्यूटिसियन ट्रेनिङ्ग
NGO को सहयोगमा नेपाल सरकारद्वारा मान्यता प्राप्त हबिब, डा. ब्लोशम कोचर साथै विदेशबाट तालिम प्राप्त प्रशिक्षकहरूद्वारा अत्याधुनिक मेशिनमा कोर्ष ग्यारेन्टीका साथ Basic, Advance, Diploma र हेयर कटिङका साथै अन्य Special कोर्षहरूमा ग्यारेन्टीका साथ रोजगारीको अवसर सहित भर्ना खुल्यो ।
विदेश जानेहरूको लागी विशेष कोर्षको पनि व्यवस्था छ ।
सम्पर्क: एन्जल ब्यूटी होम
न्यूरोड लेडिज एण्ड जेन्स् पार्लर -०१६२०७९०४, डिल्लीबजार -४४२४२५६, बाईपास -२१०४०२०
सुर्य विनायक (ट्रलिबस स्टप संगै) -६६१५७७७, कुपण्डोल (कानदेवथान चोक) -५५२३७५१
चावहिल चोक -२१९००८७, ठमेल (सिद्धीगणेश स्कूल अगाडी) -४७००४७७

100% रोजगार मुलक
होटल तालिम
★ कुक ★ वेटर
★ हाउसकिपिङ्ग आदि ।
साथमा इजरायली तथा अंग्रेजी भाषा
कामना, कोटेश्वर
4601878, 2120697

नि:शुल्क व्यूटिसियन ट्रेनिङ्ग
NGO को सहयोगमा विगत ९ वर्षदेखि संचालित नेपाल सरकारद्वारा स्वीकृत प्राप्त विदेशबाट तालिम लिएका वरिष्ठ व्यूटिसियनहरुद्वारा अत्याधुनिक मेशिनहरुमा छोटो समयमा कोर्ष ग्यारेन्टीका साथ Basic, Diploma, Advance, Beautician Teacher Training, Hair dressing र Special Short कोर्षका सिमित सिटमा रोजगारीको अवसार सहित भर्ना खुल्यो ।





नारायणगढ ०५६-५३२७५५ ITC तु. सम्पर्क: प्रशिक्षण केन्द्र
बनेपा ०११-६६०३७२, नयाँ बानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वर चोक २०८१६७०, कलंकी चोक: २१९०२१८, ठमेल चोक २१९०८००, गोंगबु चोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८

संविधान सभा भनेको जनताले आफुलाई शासन गर्ने विधान आफुद्वारा चुनिएका प्रतिनिधीहरुद्वारा निर्माण गरिने पद्धति हो ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# सबै समेटिनुपर्छ

तराईमा गत महिना भएको हिंसामिश्रित आन्दोलनले निम्त्याएको समस्यालाई दीर्घकालीन रूपमा समाधान गर्न सरकारले तराईवासीहरूको मागबमोजिम अन्तरिम संविधानमा संशोधन गर्ने भएको छ । यसका लागि तराई आन्दोलनका नेताहरूसँग सरकारले चाँडै नै वार्ता प्रक्रिया थाल्दैछ । कुनै पनि समस्याको समाधानका लागि वार्ता प्रक्रियाबाट जानु निश्चय पनि सकारात्मक कुरा हो । मुलुकको अहिलेको तरल परिस्थितिमा सरकारले एउटा वर्ग वा सम्प्रदायको माग पूरा गर्नका लागि मात्र अन्तरिम संविधानमा संशोधन गर्ने निर्णय गर्नु अलि हतारको निर्णय मानिन सक्छ । तराईमा देखा परेको जातीय असन्तोषजस्तै असन्तोषहरू मुलुकका अन्य क्षेत्रमा पनि छन् । फरक के मात्रै हो भने तराईको असन्तोष विस्फोटक रूपमा देखा पर्‍यो भने अन्य क्षेत्रमा असन्तोषको आगो भुसको आगोजस्तै सुषुप्त अवस्थामा छ । त्यो आगो कुनै पनि बेला दन्किन सक्छ भन्ने कुरालाई विचार गरेर सरकारले प्रस्तावित अन्तरिम संविधान संशोधन गर्दा मुलुकका सबै वर्ग, सम्प्रदाय तथा जातीय असन्तोषलाई समेट्न सक्नुपर्छ । त्यसो हुन सक्यो भने मात्रै मुलुकले निश्चित शान्तिका लागि आफ्नो मार्ग तय गर्नेछ ।

अहिले मुलुक संक्रमणकालीन अवस्थामा छ । अन्तरिम संसद्, अन्तरिम संविधान, अन्तरिम सरकार सबै अन्तरिम भएको अहिलेको नेपालको गन्तव्य भनेकै संविधानसभाको निर्वाचन हो । संविधानसभाको निर्वाचन जेठभित्रै गराउने जिम्मेवारी सरकारको काँधमा छ । सरकारले निश्चित समयमा संविधानसभाको निर्वाचन गराउने मनसाय व्यक्त गरिसकेको छ, तर निर्वाचन आयोगलगायत कतिपय राजनैतिक विश्लेषक सरकारको अहिलेको कार्यशैलीका कारण जेठ महिनामा संविधानसभाको निर्वाचन होला भन्ने मान्दैनन् । तसर्थ सरकारले मुलुकलाई संविधानसभाको निर्वाचनमा प्रवेश गराउनुअघि सबै किसिमका जातीय तथा वर्गीय समस्याहरूको छिनोफानो गरेर मुलुकको राजनैतिक प्रक्रियालाई सहीबाटोमा ल्याउन सक्नुपर्छ । यो निश्चय पनि सजिलो काम होइन । संक्रमणकालीन अवस्थामा कुनै पनि मुलुकले जे-जस्ता संकटहरू बेहोर्नुपर्छ त्यस्ता संकटबाट नेपाल पनि अछुतो रहन सक्दैन भन्ने कुराको बोध वर्तमान सरकारलाई पक्कै हुनुपर्छ । सरकारले मुलुकलाई संविधानसभामा निर्वाध रूपले प्रवेश गराउनका लागि अहिले देखिएका सबै किसिमका समस्याको छिनोफानो गर्दा कुनै पनि जाति वा सम्प्रदायको चित्त दुखाउने काम गर्नुहुँदैन ।

युगौँयुगदेखि एउटा वर्गविशेषको पकडमा रहेको सत्ताका कारण आफू अपहेलित भएको अनुभव गरेका नेपाली जनताका आकांक्षाहरू अहिले चुलिएका छन् । नेपाली जनताका चुलिएका यस्ता आकांक्षाहरूलाई सुरक्षित रूपमा अवतरण गराउन वर्तमान सरकारले पाइला-पाइलामा विचार पुर्‍याउनुपर्ने देखिन्छ । यस्तो अवस्थामा सरकार आफ्नो जिम्मेवारीबाट पछि हट्नुहुँदैन । मुलुकका सबै वर्ग एवं सम्प्रदायको चित्त बुझाउनु निश्चय पनि चानचुने चुनौती होइन । खासगरी अहिलेको अवस्थामा देखा परेको नेपाली जनताको चाहना तथा राजनैतिक आकांक्षालाई सम्बोधन गर्न विश्लेषकहरूले सोचेजस्तो सजिलो पनि छैन, तसर्थ सरकारले अन्तरिम संविधानलाई संशोधन गर्दा मुलुकले बेहोरिरहेका सबै किसिमका समस्या सम्बोधन हुने र कमभन्दा कम विवाद सिर्जना हुने वातावरण निर्माण गर्न सक्नुपर्छ । त्यसो हुन सक्यो भने मात्रै मुलुकले सुरक्षित रूपमा संविधानसभामा प्रवेश गरेर नयाँ नेपालको खाका कोर्न सक्नेछ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरू पढ्न ।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

# वसन्त, वासन्तिका र वासना



डा. डी.पी. भण्डारीसँग
अन्तरंग

**प्रिय सन्जु,**

समयको गतिसँगै कुनै स्मृति-विम्बहरू बढी प्रेमल हुँदै जान्छन्, कुनै रसरिक्त र सपाट भएर गतिहीन हुन्छन् हाम्रो व्यक्तिगत स्मृतिपटलमा । यो वर्षको वसन्त आगमन निकट अतीतका वसन्तोत्सवहरूभन्दा केही भिन्न थियो– तर सजिलैसित कारण दिन नसकिने गरी भिन्न थियो । शीर्षकप्रति न्यायपूर्ण हुन केही सबल तर्क श्रृङ्खला प्रस्तुत गर्नुपर्ने हुन्छ । समयको स्वभाव र मौसमको गुण-धर्म विशेष रूपले निर्धारक हुँदो रहेछ पौराणिक र अपौराणिक उत्सवहरू मनाउने हाम्रो उत्साह र अनुत्साहको । त्यो दिन तिमीले मलाई अथवा मैले तिमीलाई भेटेको दिन थियो । सायद भेट्न त पहिले पनि भेटियौँ होला आवश्यक औपचारिक दूरी र शिष्टतासित । वसन्तपञ्चमीको दिन चार ठाउँबाट आमन्त्रित थिएँ । केही समयको आन्तरिक द्वन्द्वपछि निर्णय गरेँ म्युजिक नेपालद्वारा आयोजित सांगीतिक कार्यक्रममा जाने । भूगोल, परिवेश, कथ्य र आत्मीयहरूको संगम आकर्षक लाग्यो । सन्तोष शर्माको साङ्गोपाङ्ग व्यक्तित्व उनको कला-प्रेम, सुसंस्कृत रुचि र व्यवहार पहिलेदेखि नै आकर्षक थियो मेरा लागि । म्युजिक नेपालको भौतिक संरचनाको पुनरावृत्त अवलोकनपछि बढी स्पृहणीय लाग्यो । उनी एक समर्पित संगीतप्रेमी देखिए त्यो घडीमा : सायद आफ्नो जीवनकालसम्म कटिबद्ध छन् ।

भौतिक आकार र आभाबाट आन्तरिक लोकको अनुमान र मौन विश्लेषण गर्ने स्वस्फूर्त चञ्चल प्रयासको क्रममा तिम्रो समग्र व्यक्तित्व सर्वाधिक बढी मोहकता छरिरहेको थियो त्यो सुन्दर गगनमुनिको स्निग्ध सूर्यताप र नरम पवन प्रवाहको स्पर्शमा । देखे-देखे, बिर्से-बिर्सेजस्तो छवि लिएर जब तिमी मेरो निकट आइपुग्यौ मैले तिम्रो नाम सोध्ने हिम्मत गर्न सकिनँ । कारण : किताब र मानिसको नाम बिर्सने मेरो बानी होइन, विवशता हो, स्मृति दुर्बलताको कारण हुनसक्छ । तिम्रो लघु परिचयपछि ओठ नचलाईकन नै भित्रभित्रै तिम्रो नाम रटिरहेँ, तिमीले गर्ने काम सम्झिरहेँ र तिम्रो सम्पूर्ण सौन्दर्यशास्त्रीय झुकावबारे सचेत भैरहेँ । सुन्दर देहभित्र सुन्दर रुचि भएका पुरुष र नारी धेरै कम भेटिन्छन् यो भुवनमा । तिमी नेपाली अपवादहरूमध्ये एक लाग्यौ, तर तिम्रो पदीय यान्त्रिकता र तिम्रो नैसर्गिक सिर्जनात्मक लोकबीचको दूरी केही कर्कश बेमेलताको आभास दिन्थ्यो ।

तिमीजस्ती संवेदनशील हृदय लिएर यो जगत्मा जन्मेकी सुसंस्कृत नारी साहित्य साधनाको मूल्यमा यदि पट्यारलाग्दो प्रशासनिक दायराभित्र सीमित भएर मूल्यवान् जीवन व्यतीत गर्न विवश छ भने त्यो एक मन्द, अघोषित चुनौति हुन जान्छ तिम्रा निर्णयकर्ता हाकिमहरूका लागि । हाम्रोजस्तो समाजमा औचित्य चेतना नभएका निर्णायकहरू धेरै स्थलहरूमा फेला पर्छन् । सन्तोष शर्माजस्ता हाकिमहरू कर्मचारी-रुचिबारे अन्यमनष्क होलान् भन्ने सम्भावनाबारे म कल्पना गर्न सक्दिनँ । उनी उचित मात्रामा ठम्याउन सक्छन् कसलाई कुन दायित्व दिने भन्ने कुरा । तिमी लजालु स्वभाव भएकी एक ग्रहणशील सुन्दरी भएर हुनसक्छ कुनै अरू अधिकारीले तिमीलाई फाइल हेर्ने दायित्व दिएको ।

प्रिय वसन्त, वासन्ती र वासना– यी तीन शब्द अनुप्रास र ध्वन्यात्मकताका लागि मात्र मैले आजको शीर्षकका रूपमा चुनेको होइन, अर्थ छ । वसन्तपञ्चमी एक पावन कर्मकाण्डीय नियमित घटनामा मात्र सीमित नभएर एक अर्थगर्भित अवसर पनि हो । अतीतका सबै वसन्तोत्सव एकै ढंगको स्मृति र माधुर्य लिएर आएका थिए भनौँ भने म आफ्नो सिमानाभित्र– एक स्पष्ट झूटो बोलिरहेको हुन्छु । कल्पनाशील र कल्पनाशून्य मानिसहरूबीच विशाल भेद छ । कल्पना शब्दले यहाँनिर संवेदना-वृत्तलाई पनि समेट्छ । यदि तिम्रो बाह्य र भित्री स्वास्थ्य सुन्दर र सन्तुलनमा छन्, अम्बर र अवनीबीचको लयात्मकता मोहक छ भने वसन्तपञ्चमी मात्र होइन, सबै मौसमसित सम्बद्ध पर्वहरूको उचाइ र गहिराइ आनन्ददायी हुन्छ । त्यो दिन माथिल्लो छानाबाट हेरेको मौसमी रमणीयता वास्तविक अर्थमा अविस्मरणीय थियो– मृगस्थलीको हरित पृष्ठभूमिमा, तिम्रो रुचिवृत्तान्तको अग्रभूमिमा, भुवन भाष्करको मधुर, चुम्बकीय तापमा ।

प्रथम चरणमा कौसीको पर्यावरण-मोहिनी, दोस्रो चरणमा लोकगीत, लोकगीत सम्बद्ध पत्रिका विमोचनको सीमित सुन्दर वायुमण्डलमा । पहिलोमा तिमी प्रमुख कारक थियौ, दोस्रोमा सबै छन्द मिलेका, छन्द नमिलेका श्रोताहरूको आकर्षक सम्मिश्रण थियो । यी र यीभन्दा परका सबै ऋतु छटाहरूको उपत्यकाव्यापी सम्मेलनलाई मैले वासन्तिका भनेको हुँ । जसले जे भने पनि त्यो प्रकाशपूर्ण दिनमा सबै आयाम र दृष्टिकोणबाट म मोहित भएको थिएँ– सन्जु, संगीत, साथी, साहचर्य, सम्भाषण, स्वर र वाद्यबीचको सुन्दर संयोजनबाट । त्यसमाथि सन्तोषको सत्कार र सन्ध्याको सुमधुर उद्घोषण । प्रमुख अतिथिलगायत कुनै वक्ताले पनि सीमा नाघेका थिएनन् त्यो घडीमा । सन्जुपछि मेरो त्यो दिनको अवलोकनमा सबभन्दा आकर्षक व्यक्ति सुबी शाह थिए । लोकसंगीतको एक दीर्घ इतिहासको उपस्थिति आफैँमा एक मौन मुग्धता थियो । अरू तीन कार्यक्रमहरूमध्ये कुनै एकमा वा सबैमा उपस्थित भएको भए यसपालिको वसन्तोत्सव यति उत्सवपूर्ण हुने थिएन ।

त्यो दिन सुरु भएको वसन्तु ऋतु आफ्नो उत्कर्षातिर हिँडिरहेछ अहिले– बानी परेको परम्परागत दृष्टिले हेर्दा । सापेक्षवादको यथार्थबाट हेर्दा विभिन्न अनुभोक्ताहरू विभिन्न थरीका अर्थ मिसाउन सक्छन् । एक वर्ग भन्न सक्छ : बल्ल अनादिकालदेखि मनाइँदै आएको वसन्त-उत्सव र नेपाली राजनीतिमा आएको प्रथम वसन्तबीच जम्काभेट भएको छ । अर्कोथरी भन्न सक्छ : कहाँ वसन्त आगमनको गौरवपूर्ण प्रतीकात्मता, कहाँ यो दुर्गन्धपूर्ण राजनैतिक कोलाहल । एकथरी अतीतोन्मुख हुन्छ, अर्कोथरी भविष्योन्मुख, अग्रमुखी । जे भए पनि ऋतुराजको आगमन श्रवण र राजनैतिक शुभ सम्भाव्यताको ध्वनि-श्रवण लगभग साथसाथै घटिरहेछन् । पश्चिममा वसन्त ऋतुलाई आशा र उत्साहको प्रतीकका रूपमा लिने परम्परा छ भने हेमन्त ऋतुलाई उदासीनताको प्रतीकका रूपमा ।

महाकवि कालिदासले आफ्नो सुन्दर कृति 'ऋतुसंहार' मा कतै स्पष्ट र कतै संकेतात्मक रूपले वसन्तलाई ऋतुराज, ऋतुहरूको सम्राट् भनेका छन् । यो ऋतुमा वनस्पति आफ्नो परिपूर्ण प्रस्फुरणमा, पशुपन्छीहरू अतिशय आनन्दमा, मानिसहरू सिर्जना र वासनाको, कामवासनाको शिखरमा पुग्छन्, -महाकवि जोड दिएर भन्छन् । वसन्तलाई प्रजनन र जन्मको ऋतुका रूपमा पनि लिइन्छ पश्चिमी संसारमा । 'सबै दृष्टिले पश्चिमको आध्यात्मिक लोकबञ्जर भैसकेको छ, गौरवपूर्ण सुन्दर, प्राचीन अभ्यास र परम्पराहरू बिजडित भैसके । मानिस धार्मिक आस्थालाई त्यागेर अर्थहीन यान्त्रिकतामा उत्तरोत्तर रूपान्तरित हुँदैछ.... ' भनेर यो युगका एक महान् कवि टी.एस. एलियट भन्छन् । कालिदासका लागि कामवासना वसन्तकालमा उत्कर्षमा हुन्छ, जो उनको दृष्टिमा एक कमनीय, शुभ लक्षण हो । टी.एस. एलियटको 'वसन्त सबभन्दा कठोर मास हो ।' नेपाली युवायुवतीहरू प्रेमदिवस आउनुभन्दा पहिलेदेखि नै आजको दिनसम्म र त्यसपछि पनि केही कालसम्म कामवासनारञ्जित भैरहन्छन् । वासनाको अर्थ र अर्थको अभ्यास थरीथरीको हुन्छ । मेरा कवि मित्र निर्मलका लागि बाह्रै महिना प्रेमदिवस ।

**– पो.ब.नं. २९७४**

## नीति-नियम



आफ्नी प्रिय श्रीमतीले भन्दैमा आमा, भाइ-बुहारी, छोरा-बुहारी आदिको अपराध स्वयं अनुभव नगरी साँचो मान्नु हुँदैन ।

झूटो बोल्नु, साहसी काम गर्नु, ढोङ रच्नु, माया, मूर्खता, अत्यन्त लोभ गर्नु, अपवित्रता, निर्दयता एवं अहंकार मानवजातिका स्वाभाविक दुर्गुण हुन् ।

सोह्र वर्षको उमेरपछि छोरा, बाह्र वर्ष पुगेपछि छोरीलाई कुट्नु हुँदैन भने बुहारीलाई नमीठो वचनले गाली गर्नु हुँदैन ।

निरर्थक साहस, झूटो एवं मूर्खतापूर्ण काम गर्ने तथा कामवासना ज्यादा हुनेहरूसँग एउटै बिछ्यौनामा सत्नु हुँदैन ।

–शुक्रनीति

अनुवाद : रामहरि बन्जारा

## चि ठी प त्र



### एक हजार नेपाली युएईमा ठगिए

युएईको राजधानी अबुधावीबाट करिब २५-३० किलोमिटर टाढा रहेको लेबर क्याम अर्थात् मुसाफाहा क्षेत्रमा कैयौं नेपाली ठगिएका छन् । नेपालको स्काई म्यानपावरबाट युएईमा अलफारा ग्रुप अफ कम्पनिज्मा काम गर्न आएका करिब १ हजार नेपाली दुवैतिरबाट ठगिएका हुन् । नेपालमै प्रतिव्यक्ति ६५ हजारदेखि ८० हजारसम्म बुझाएर आएका नेपालीहरूले यहाँ एक वर्षसम्म प्रतिमहिना प्रतिव्यक्ति २ सय दिरहाम अर्थात् ४ हजार रुपैयाँ कम्पनीले काट्ने गरेको बताए । ६ सय (खानाका लागि आफ्नै, बस्न कम्पनीको) भनेर आएका नेपालीहरूले वर्ष दिनसम्म आएको ऋण तिर्नमै ठिक्क हुने गुनासो पोखे । भर्खरै आएका १ सय नेपालीले एकै स्वरमा भने– नेपालमा दलालीहरूले केही मात्रामा रकम काट्छन् भनेका थिए, तर यहाँ त महिनाको २ सय दिराहामस काट्दा रहेछन् । महिनाको जम्मा ६ सय आउँछ, जसमा कम्पनीले २ सय काट्छ, खानाको १ सय ७० कटाउँदा महिनामा जम्मा २ सय ३० मात्र बच्दो रहेछ । अब हामीले यहाँ आउन लिएको ऋण कसरी चुक्ता गर्ने ? हामी त पिंजडामा थुनिएझैं भयौं । कतै जाने र कसैलाई गुनासो पोख्ने ठाउँ पनि छैन । हाम्रो गुनासो कसले पो सुन्छ र खै ? अझैसम्म कोही पनि क्याम्पमा आएर सोधखोज गरेका छैनन्, –पीडित नेपालीहरूको भनाइ थियो । यहाँ त नेपाली संघ-संस्थाहरू धेरै छन् । उहाँहरूलाई आफ्नो समस्या बताउनुभएको छैन ? भन्दा बाटो हिंड्ने व्यक्तिलाई तपाईं नेपाली समाजको व्यक्ति हो भन्दै सोध्दै हिंड्ने कुरा भएन ।

यदि उहाँहरू साँच्चै नेपालीहरूको हकहितका लागि काम गर्नुहुन्छ भने त लेवर क्याम्पहरूमा आएर नेपालीहरूको समस्या बुझ्नुपर्ने हो, तर आजसम्म कोही पनि आएका छैनन् । त्यहाँ एउटा कोचेप्रो पोर्टेवल रुममा २६ जना नेपाली कोच्चिएर बसेका थिए । अझसम्म कहीं-कतै देखिएको थिएन, यति धेरै नेपाली एउटै कोठामा बसेको । युएईमा सयौं कम्पनीमा करिब १ लाख २० हजारभन्दा बढी नेपाली कार्यरत छन् तर ती हजारौं कम्पनीको नियममा यस्तो छैन होला, यो कम्पनीमा मात्र किन ?

अन्य देशका कामदारको पनि स्यालरी काटिएको पुराना नेपाली कामदारहरूले बताए । युएईमा स्थापना भएको नेपाली दूतावासले प्रयास गरे यो समस्या समाधान हुन सक्दैन र ? गल्फ देशहरूमा धेरै नेपालीले राम्रा अवसर पनि पाएका छन्, तर धेरै नेपाली यसरी नै ठगिएर दुलोभित्र बस्न बाध्य छन् । हामी प्रवासी नेपालीहरू नेपाली दूतावास युएई, श्रम मन्त्रालय, परराष्ट्र मन्त्रालयका साथै अन्य निकायहरूसँग जोडदार माग गर्छौं– अब आउने नेपालीहरूले यस्तो समस्या भोग्नु नपरोस् । सोझा-सीधा नेपालीहरूलाई ठग्ने काम नगरियोस् ।

**–खेमनाथ पौडेल, युएई**

### दुर्व्यसनमा युवतीहरू

'दुर्व्यसनमा युवतीहरू' शीर्षकको समाचारले हाम्रो समाजमा युवासँगै युवतीहरू पनि लागूपदार्थको दुर्व्यसनमा फसेको कुरालाई पुष्टि गरेको छ । यो समाचार पढेर यस्ता दुर्व्यसनमा चाहेर वा नचाहेर फसेकाहरूलाई घचघच्याएको हुनुपर्छ । जीवनदेखि निराश, बेरोजगार, घरायसी समस्या, साथीहरूको लहैलहै, अनुभव गर्न खोज्दा आदि कारणले यस्ता लतमा लाग्ने गरेको देखिन्छ । लत परेपछि छुट्याउन गाह्रो हुन्छ भन्ने सुनिन्छ । सायद त्यसैले होला भोलि छोड्छु, भोलि छोड्छु भन्दाभन्दै मानिसहरू चुरोट खाने बानी पनि त्याग्न सकिरहेको हुँदैनन् । प्रयास गर्नुपर्छ, धेरैले यस्ता लतबाट छुट्कारा पनि पाएका छन् ।

समाचारमा उल्लेख भएअनुसार युवतीहरू उपचार गराउन जाँदा समाजले थाहा पाउछ भनेर डराउँछन् र घर-परिवार पनि । यस्ता लतमा लागेको थाहा पाए विवाहमा समस्या देखिन सक्ने कुरालाई लिएर उपचारतर्फ ध्यान नदिएको पनि देखिएको छ । यस्ता लतमा लागेकाहरूसँग कोही विवाह गर्न मान्दैनन् । तर यसो भनेर यही लतमा लागेर पाएको जीवन खेर फाल्नु पनि त भएन । विवाह गर्ने मान्छे हुँदैन भन्ने कुरा पछिको हो । पहिले आफू राम्रो भएर देखाउन सक्नुपर्छ । फेरि यस्तो लतमा परेकाहरूको उपचार गोप्य रूपमा पनि गर्न सकिन्छ । त्यसैले त्यतै गएर उपचार गराए पनि त भयो । कि कसो ?

**–पूर्ण मानन्धर**

**p_pacemaker@yahoo.com.sg**

## तीतो सत्य

-खोला जति नै सानो होस् तर किनारा-किनारा बीच कहिल्यै भेट हुँदैन ।

-जो युद्धले संसार बदल्छु भन्छन्– त्यो उनीहरूको कायरता हो ।

**उत्सव उपाध्याय**

-जहाँ आफ्नो आदर वा सत्कार हुँदैन त्यहाँ जानु बेकार हुन्छ ।

-कुनै पनि मानिसलाई सकारात्मक दृष्टिकोणबाट हेर्ने हो भने, उसका हरेक क्रियाकलाप राम्रा देखिन्छन् ।

-आफ्नो कारणले अरूलाई दुःख दिनु पाप हो ।

**सुशील श्रीपाल**

-कसैको तुच्छ बोलीले तिम्रो मन रुन्छ भने तिम्रो तुच्छ बोलीले पनि अर्काको मन दुख्छ ।

**रविन दुमिराई**

-कानुन बलियाहरूकोहतियार हो।

-समय अनुसार विचार बहकिन्छ।

**धनरत्न शाक्य**

*तीतो सत्य स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन पाठकहरूसँग हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

# राज्यको पुनर्संरचना गर्न संविधानसभा आवश्यक छ


तस्बिर : नवराज बाग्ले

**वि.सं. २०२६ चैत १ गते झापाको गौरादहमा जन्मिएका टीकाराम भट्टराई पेसाले कानुन व्यवसायी हुन् । संवैधानिक कानुन तथा राजनीतिशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरेका भट्टराईले संवैधानिक कानुनको सेरोफेरोमा २ सयभन्दा बढी अनुसन्धानमूलक एवं समसामयिक लेखहरू सार्वजनिक गरिसकेका छन् । विभिन्न कलेजमा आंशिक प्राध्यापनसमेत गर्ने भट्टराई भन्छन्– '२०४७ सालको संविधानको सबैभन्दा ठूलो त्रुटि भनेकै त्यो संविधानले संवैधानिक राजतन्त्र तथा संसदीय व्यवस्थालाई अपरिवर्तनीय व्यवस्थाका रूपमा स्वीकार गर्नु थियो । त्यसैगरी उक्त संविधानले जनताका आधारभूत मौलिक हकहरूलाई समेत राज्यको स्वविवेकमा परिवर्तन गर्न नसकिने व्यवस्था गरेर आफूलाई परिवर्तनको विपक्षमा उभ्याएको थियो ।' भट्टराईसँग साप्ताहिकका लागि संजीवन महर्जनले गरेको कुराकानी :**

**० नेपालको राजनैतिक सन्दर्भमा संविधानसभाको औचित्य कस्तो छ ?**

- नेपालको राजनैतिक सन्दर्भमा संविधानसभाको औचित्यलाई तीन कारणले स्थापित गर्न सकिन्छ । पहिलो, जनतामा पूर्ण सार्वभौमसत्ताको हस्तान्तरण गर्न । दोस्रो, राज्यको अग्रगामी पुनर्संरचना गर्न तथा तेस्रो, नेपाली समाजलाई आर्थिक, राजनैतिक, सामाजिक एवं सांस्कृतिक रूपान्तरण गर्न ।

आजसम्म नेपालमा भएका सबै आन्दोलनका परिवर्तनले जनतालाई वास्तविक अर्थमा राज्यशक्तिको स्रोत बनाउन सकेको थिएन । नेपालमा जहिले पनि राज्यको वास्तविक शक्ति राजामा छ कि जनतामा छ भन्ने विवाद रहँदै आएको छ । आजसम्मका सबै संविधान राजाद्वारा घोषणा गरिएकाले राजा जहिले पनि राज्यशक्तिको स्रोत आफूलाई मान्ने अनि राजनैतिक दलहरू जहिले पनि राज्यशक्तिको स्रोत जनता हुन् भन्थे । यी दुई परस्पर द्वन्द्वका आधारमा आजसम्म नेपालमा विभिन्न राजनैतिक परीक्षण भएका छन् । जनआन्दोलन-२ ले जनताले राज्यशक्तिको स्रोत आफूमा मात्र निहित राख्ने चाहना गरेकाले अब नेपाली जनता आफैंले आफ्ना लागि भावी संविधानको निर्माण र घोषणा गर्ने भएका हुन् । आगामी संविधानसभाले नेपाली राजनीतिमा भविष्यमा कहिल्यै विवाद नहुने गरी राज्यशक्तिको स्रोत जनता मात्र भएको पुष्टि गर्नेछ र जनताभन्दा माथि कुनै शक्ति नरहने तथ्यलाई सदाका लागि स्थापित गर्नेछ । तसर्थ, नेपाली जनताले संविधानसभाको अपरिहार्यता महसुस गरेका हुन् ।

**० प्रस्तावित संविधानसभाका चुनौतीहरू के–के हुन् सक्छन् ?**

- संविधानसभाको मूलभूत चुनौती भनेकै जनताका बीचमा संविधानसभाको अर्थ, महत्त्व र आवश्यकता के हो भन्ने कुरा कसरी पुर्‍याउने तथा अधिकतम जनतालाई कसरी संविधानसभामा सहभागी गराउने भन्ने नै हो । जनतालाई सहभागी नगराई प्राविधिक रूपमा मात्रै, हतार गरेर संविधानसभाको निर्वाचन गरियो भने त्यस्तो संविधानसभा पनि निरर्थक हुन सक्छ । प्रत्येक मतदाताले संविधानसभा मेरा लागि, मेरो देशका लागि र मेरा भावी सन्ततिका लागि हो भन्ने कुरा बुझ्नु आवश्यक छ । राष्ट्रको जीवनमा अन्य निर्वाचनजस्तो संविधानसभाको निर्वाचन पटक-पटक हुँदैन । आम मतदाताले म, मेरो र राष्ट्रको अनि मेरा सन्ततिका लागि संविधान बनाउँदैछु भन्ने कुरा बुझेर मात्र मतदान गर्नुपर्छ । यसका लागि कम्तीमा दुई वर्षको समय अनिवार्य रूपमा चाहिन्छ । संसारको इतिहासले पनि हामीलाई यही शिक्षा दिएको छ । त्यसकारण हतारमा संविधानसभाको निर्वाचन गरेर भविष्यमा पछुताउनुपर्ने अवस्था आउन नदिन राजनैतिक नेतृत्व सचेत हुनुपर्छ ।

दोस्रो चुनौती भनेको संविधानसभालाई राजनैतिक दलविशेषको स्वार्थलाई कसरी अलग गर्ने भन्ने नै हो । संविधानसभा निर्वाचनले कुनै दलविशेषलाई सरकारमा पठाउने र कुनै दलविशेषलाई प्रतिपक्षका रूपमा स्थापित गर्ने होइन भन्ने तथ्य राजनैतिक दलहरूले बुझ्नुपर्छ । संविधानसभालाई सत्ताप्राप्तिको अस्वस्थ होडबाजीभन्दामाथि राख्नुपर्छ । त्यसैगरी आम राजनैतिक समूह, वर्ग एवं क्षेत्रका नागरिकहरूले पनि आफ्नो स्वार्थपूर्ति गर्ने साधन संविधानसभा होइन भन्ने तथ्यलाई स्वीकार गर्दै सामूहिक स्वार्थसंविधानसभाबाट मात्र पूरा हुन सक्छ भन्ने मान्यता राख्नुपर्छ । यो संविधानसभाको अर्को महत्त्वपूर्ण चुनौती भनेको परिवर्तन नचाहने शक्ति र प्रतिगामी शक्तिबाट संविधानसभालाई कसरी जोगाउने भन्ने नै हो । यो चुनौतीको सामना गर्न प्रतिगामी शक्तिहरूलाई टाउको उठाउन नदिन सरकार सचेत रहनुपर्छ । त्यसका लागि रायमाझी आयोग प्रतिवेदन तत्काल कार्यान्वयन गरेर त्यस्ता प्रतिगामी तत्त्वलाई निरुत्साहित गर्नुपर्छ ।

**० संविधानसभाको निर्वाचनका लागि राजनैतिक दलहरूको भूमिका कस्तो हुनुपर्छ ?**

- संविधानसभाका लागि राजनैतिक दलहरूले आफ्ना गाउँस्तरसम्मका संयन्त्रहरूमार्फत् मतदातालाई जागरूक बनाउनुपर्छ । दलहरूमार्फत नै मतदाता जागरूक एवं सञ्चालन हुनुपर्छ । यो प्रयोजनका लागि दलहरूले छुट्टै साझा कार्यक्रम अविलम्ब घोषणा गर्नुपर्छ । निर्वाचन आयोग निर्वाचन गराउने निकाय मात्र हो । संविधानसभाका लागि निर्वाचन आयोगभन्दा राजनैतिक दलहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । दलहरूले भावी संविधानमा के-कस्ता विषयहरू समावेश गर्ने हो ती विषयहरू सूचीकृत गरेर आजैदेखि आफ्ना कार्यकर्तामार्फत प्रत्येक मतदातासम्म पुर्‍याउनुपर्छ ।

संविधानसभाको प्रमुख विशेषता भनेकै संविधानसभामा प्रस्तुत हुने विषयहरू राजनैतिक दलहरूले केन्द्रबाट मात्र लाद्ने होइन, बरु ग्रामीण तहका कार्यकर्तासमेतको राय-सुझावका आधारमा दलहरूले आफ्ना मान्यता एवं दृष्टिकोण बनाउनुपर्छ । त्यसो भएर नै संविधानसभालाई वास्तविक अर्थमा सार्वभौमसत्ता सम्पन्न सभा भनिएको हो ।

**० संविधानसभाको निर्वाचनका लागि नागरिक समाजको भूमिका कस्तो हुनुपर्छ ?**

- कुनै पनि प्रजातान्त्रिक व्यवस्थामा राजनैतिक दल एवं नागरिक समाजको भूमिका समान प्रकारको हुन्छ । संविधानसभा निर्वाचन सम्पन्न गर्न नागरिक समाजले राजनैतिक दलहरूको बीचमा र राज्य एवं राजनैतिक दलहरूका बीचमा बसेर दोहोरो एवं प्रभावकारी भूमिका निर्वाह गर्नुपर्छ । निर्वाचनको समयमा दलहरूको बीचमा हुनसक्ने मतभिन्नता तथा सम्भावित हिंसालाई नियन्त्रण गर्न नागरिक समाजको भूमिका नै प्रभावकारी हुन्छ । त्यसैगरी राज्य एवं राजनैतिक दलहरूबीच हुनसक्ने सम्भावित मतभिन्नतालाई न्यून गर्न नागरिक समाजको जागरूकता आवश्यक हुन्छ । हालै तराई क्षेत्रमा देखिएको हिंसात्मक गतिविधि न्यून गर्न दलभन्दा पहिले नागरिक समाज नै स्थलगत रूपमा घटनास्थलमा उपस्थित भएको थियो । यस्तो भूमिका संविधानसभाको निर्वाचनसम्म निरन्तर कायम रहनुपर्छ ।

त्यसैगरी संविधानसभाको पहिलो बैठकबाट नेपालमा गणतन्त्रात्मक शासन-व्यवस्था स्थापित हुने करिब-करिब टुंगो लागिसकेको छ । यो सुखद् परिवर्तनलाई आत्मसात् गर्न नसक्ने तत्त्वहरूबाट मुलुकलाई सुरक्षित राखी निर्धारित समयमा संविधानसभाको निर्वाचन गराउन दबाब समूहको भूमिका नागरिक समाजले नै निर्वाह गर्नुपर्छ ।

## संविधान सभा जिज्ञासा



पूर्णमान शाक्य
संवैधानिक कानुन विशेषज्ञ

**जिज्ञासा : कुनै खास राजनैतिक दलका सभापति नै अधिकारसम्पन्न प्रधानमन्त्री भएको अवस्थामा संविधानसभाको निर्वाचन निष्पक्ष रूपमा हुनसक्छ भन्ने कुनै ठोस आधार छ ? यसअघि भएका संविधानसभाका निर्वाचनमा यस्तो कुनै उदाहरण छ ?**

**– अश्विनी न्यौपाने, पोखरा**

**समाधान :** कुनै खास राजनैतिक दलका सभापति नै अधिकारसम्पन्न प्रधानमन्त्री भएको अवस्थामा संविधानसभाको निर्वाचन निष्पक्ष रूपमा सम्पन्न हुन सक्दैन भन्न मिल्दैन । संविधानसभाको निर्वाचन गराउने जिम्मेवारी निर्वाचन आयोगको हो । निर्वाचन आयोग सरकारमा रहेका जिम्मेवार व्यक्तिबाट अधिकार तथा स्रोतको दुरुपयोग हुन नदिन चनाखो हुनुपर्छ । यस्तै सञ्चारमाध्यमले पनि यसमा सहयोग गर्नुपर्छ । दक्षिण अफ्रिकामा नेल्सन मन्डेला राष्ट्रपति हुनुका साथै अफ्रिकी नेसनल कंग्रेसका सभापति पनि थिए, तर पनि त्यहाँ संविधानसभाको निर्वाचन विवादरहित ढंगले निष्पक्ष रूपमा सम्पन्न भएको थियो ।

**संविधानसभाको अगामी निर्वाचनलाई मध्यनजर गर्दै साप्ताहिकले पाठकहरूको जिज्ञासा समाधान गर्ने व्यवस्था मिलाएको छ । पाठकहरूको जिज्ञासालाई नेपाल ल क्याम्पसका सहप्राध्यापक एवं संवैधानिक कानुनका ज्ञाता पूर्णमान शाक्यले समाधान गर्नुहुनेछ ।**

## मेरो विचार

### सरकार र नागरिक दुवैको भूमिका

जनताका प्रतिनिधिले मूल कानुन बनाउने प्रक्रियागत थलो वा सभा सविधानसभा नै हो । संविधानसभा संसद्भन्दा बढी शक्तिशाली एवं महत्त्वपूर्ण हुन्छ । संविधानसभाको गठन राजनैतिक क्रान्ति, उथलपुथल तथा भीषण द्वन्द्वपछि पुरानो संविधानले काम नगर्ने अवस्था आएपछि हुन्छ ।

विगत २०५२ सालदेखि सुरु भएको सशस्त्र द्वन्द्व अन्त्य गर्न, २०४७ सालको गल्ती सच्याउन र २०६२-०६३ को क्रान्तिलाई संस्थागत गर्न नै नेपालमा संविधानसभाको आवश्यकता परेको हो । नयाँ बन्ने संविधानमा राजा राख्ने कि नराख्ने ? राख्ने भए कस्तो राजा राख्ने ? नराख्ने भए कस्तो गणतन्त्रात्मक कानुन बनाउने ? जस्ता अहं प्रश्नको निवारण गर्न संविधानसभाको आवश्यकता बोध गरिएको हो । संविधानसभाको समस्या भनेकै यो समावेशी नहोला कि भन्ने हो । यसका लागि भाषिक, जातीय, लैङ्गिक तथा सांस्कृतिक संरचनासहितको खाका तयार गर्नु अपरिहार्य हुन्छ । त्यस्तै सविधानसभाको वैधतामा कसैले प्रश्न उठाउनुपूर्व संविधानसभा निष्पक्ष एवं भयरहित वातावरणमा सम्पन्न गराउनु अत्यावश्यक छ ।

संविधानसभाको निर्वाचन सफल पार्न सरकार र नागरिक दुवैको उत्तिकै भूमिका रहन्छ । सरकारले जनतामा संविधानसभा भनेको के हो ? यसले गर्ने काम तथा यसले समाजलाई परिवर्तनको बाटेमा पुर्‍याउने प्रभावका बारेमा सञ्चार एवं अरू सशक्त माध्यमहरूबाट जनचेतना फैलाउने काम गर्नु आवश्यक छ भने नागरिक समाजले पनि संविधानसभा हुन नदिन चलखेल गर्ने तत्त्वहरूविरुद्ध एकजुट हुनैपर्छ, सचेत बन्नैपर्छ ।

**–अनिमेष पोखरेल, तीनकुने, काठमाडौं**

**तपाईंको विचारमा संविधानसभा के हो ? यसले के गर्छ ? यसका बाधा–अड्चनहरू के–के हुन् ? तिनलाई हटाउन के गर्नुपर्छ ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के–के हुन् ? जस्ता प्रश्नमा केन्द्रित रहँदै आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस् । प्रत्येक प्रकाशित सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ ।**

# के हुन्छ मसाज पार्लरमा ?

**पृष्ठ १ बाट जारी**

युवतीको चित्कार नै हो यो । ११ वर्षको कलिलो उमेरमा मसाज छिरेकी अनु भन्छिन्– 'गाउँबाट आएका हामीजस्ताका हातमा अरू सीप नभएपछि जस्तै नर्कमा फसे पनि काम गर्नुपर्दो रहेछ, हाम्रा पीडा कसले बुझिदिन्छ र ? सबै आफ्नै मस्ती मात्र हेर्छन् ।'

मसाज पार्लरभित्र के काम हुन्छ, त्यो त बाहिरका धेरैलाई थाहा हुँदैन, तर बिस्तारैबिस्तारै कतिपय मसाज पार्लरका विकृति सार्वजनिक हुन थालेका छन् । हिजोआज मसाज केन्द्रहरू यौनजन्य गतिविधिका केन्द्र बनेको आरोप पनि सुन्न पाइन्छ । त्यसैले मसाजमा काम गर्ने कतिपयले आफ्नो जिन्दगी र इज्जत बर्बाद भएको महसुस गर्न थालेका छन् । उनीहरूमा भविष्यप्रतिको चिन्ता लाग्न थालेको छ । सुनीता भन्छिन्– 'मसाज पार्लरभित्र मसाज मात्रै गर्नुपर्ने नियम बनाउनुपर्छ, गाउँका युवतीहरूको सोझोपनको फाइदा उठाएर गलत काममा लगाउनु हुँदैन ।' तर उनीहरूले भोगेको यो पीडा कसले पो बुझ्छ र ? न त सरकारले हाम्रो पेसालाई व्यवस्थित गर्छ, न हामीले ढुक्कसँग काम गर्न पाउँछौं,' अनु पीडा र आक्रोश एकसाथ व्यक्त गर्दै भन्छिन्– 'देशमा शान्ति आयो तर हाम्रो मनमा सधैं अशान्ति छ ।'

मसाजमा काम गर्ने कतिपयलाई साहूको हुकुम र ग्राहकको दुर्व्यवहार त छँदैछ, प्रहरीले समेत सताउँछन् । मसाजमा काम गर्ने एक युवती भन्छिन्– 'प्रहरीले 'धन्दा' गरेको भन्दै समात्छन् र जबर्जस्ती गर्न खोज्छन्, मानेन भने लगेर थुन्छन् ।' तर प्रहरी नायव उपरीक्षक मीरा चौधरी उनीहरूले प्रहरीले यसो गर्‍यो, उसो गर्‍यो मात्र भन्ने गरेको तर त्यसका सम्बन्धमा स्पष्ट उजुरी नगर्ने भएकाले समस्या भएको बताउँछिन् ।

'कसले, कहिले, के गर्‍यो भनेर किटानीसाथ उजुरी गर्न कोही आउँदैनन्,' चौधरीले भनिन्– 'सत्य घटना विवरण लिएर महिला सेलमा उजुरी गरे हामी कारबाही गर्छौं ।'



मसाजमा यौनजन्य गतिविधि बढ्दै गएको गुनासो छ । मसाज पार्लरमा महिलाभन्दा पुरुष नै बढी जान्छन्, बहाना मसाजको भए पनि कतिपयको उद्देश्य महिला कामदारसँग शारीरिक सन्तुष्टि लिनु हुन्छ । ठमेलस्थित एक मसाज पार्लरकी सञ्चालिका खुलेआम भन्छिन्– 'मसाज पार्लर चलाउने भन्नासाथ साहूले महँगो घरभाडा लिन्छ, त्यही भाडा उठाउन अलिअलि त्यस्ता काम गर्नैपर्छ । सरकारले मसाज सञ्चालनको नीतिनियम बनाओस्, हामी पनि त्यस्तो काम गराउँदैनौं ।' सरकारले त्यसो गरिदिए मसाजमा गलत काम हुँदैन भन्ने सन्देश जाने र घरभाडा पनि सस्तो हुने उनको बुझाइ छ ।

मसाजमा काम गर्नेले तोकेको तलबको एक चौथाइ मात्र पाउँछन्, त्यो पनि समयमा उनीहरूको हात पर्दैन । गैरसरकारी संस्था रक्षा नेपालले यस्ता महिलाहरूमा गरेको अध्ययनअनुसार, राजधानीभित्र तीन सयभन्दा बढी मसाज केन्द्र तथा तिनमा पाँच सय महिला कार्यरत छन्, जसमध्ये धेरैजसो १२ देखि २५ वर्ष उमेरका छन् । केही दर्ता भए पनि कतिपय पार्लर दर्ताबिनै अवैध रूपमा सञ्चालित छन् । तिनमा सरकारी निकायले अनुगमनसम्म गरेको पाइँदैन ।

मसाजका महिलाका लागि काम गर्दै आएको संस्था रक्षा नेपालका अनुसार अहिले मसाज केन्द्रहरूलाई व्यवस्थित तुल्याउन सञ्चालक एवं कामदार महिलाहरूलाई सीपमूलक तालिम दिन थालिएको छ । हालसम्म ३५ जनालाई तालिम दिइएको बताउँदै अध्यक्ष मेनुका थापा भन्छिन्– 'मसाज पार्लरलाई व्यवस्थित गर्न सकिए यसबाट धेरै महिलाले रोजगारी पाउन सक्छन् । पेसा नराम्रो होइन, सम्मानित तरिकाले यो पेसामा टिक्ने वातावरण बनाउन यसभित्रका विकृति हटाउनु आवश्यक भैसकेको छ ।'

अव्यवस्थित तरिकाले सञ्चालन हुने मसाज केन्द्रमा विकृति बढ्दै गएकाले त्यहाँका कामदारमा एचआईभी/एड्सजस्ता डरलाग्दा रोगको सङ्क्रमण पनि बढ्न सक्छ । कामदारहरूप्रति मसाज सञ्चालक, प्रहरी प्रशासन तथा अन्य निकायको ज्यादती बढेको छ भने त्यहाँका कामदार समाजमा संदिग्ध दृष्टिले हेरिन थालेका छन् । यो अवस्थामा मसाज केन्द्रहरूलाई व्यवस्थित गर्ने दायित्व सरकारको हो । त्यसो हुन सके अनु र सुनीताजस्ता असहाय युवतीले समाजमा घृणाको पात्र बनेर जिन्दगी बर्बाद पार्नुपर्ने थिएन, बरु उनीहरू आफ्नो पेसामा गर्व गर्न सक्थे, परिवार पाल्ने जिम्मेवारी पूरा गर्न सक्थे । पर्याप्त शिक्षा र सीपबाट वञ्चित महिलाको रोजगारीको माध्यम बनेका मसाज केन्द्रलाई व्यवस्थित एवं मर्यादित रूपमा सञ्चालन गर्न सोच्नुपर्ने बेला भएन र ?

# कम्प्युटर विज्ञान


गंगा पुन

कम्प्युटर विज्ञान माध्यमिक तहको अरू विषयको दाँजोमा नयाँ तथा आकर्षक विषय हो । यो विषय कम्प्युटर प्रविधिमा रुचि राख्ने तथा भविष्यमा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरूका लागि ऐच्छिक विषयका रूपमा राखिएको छ । यो विषय गणितमा राम्रो दखल राख्ने विद्यार्थीहरूले राम्रो अंक ल्याउन सक्ने उत्तम विषय हो । विद्यार्थीले गणित विषयमा जस्तै यो विषयमा पनि उच्च अंक ल्याई समष्टिगत प्रतिशत बढाउन सक्छन् ।

पाठ्यक्रम विकास केन्द्रद्वारा निर्धारित नयाँ विशिष्टीकरण तालिकाअनुसार कम्प्युटर विज्ञानको पूर्णाङ्क १०० हुनेछ । सम्पूर्ण प्रश्न कक्षा १० को पाठ्यक्रममा आधारित हुनेछन्, जसमध्ये ५० प्रतिशत सैद्धान्तिक र ५० प्रतिशत प्रयोगात्मक परीक्षा हुनेछन् । प्रयोगात्मक परीक्षामा पनि २५ अंकको आन्तरिक परीक्षा तथा २५ अंकको बाह्य परीक्षा हुनेछ । आन्तरिक प्रयोगात्मक परीक्षाको मूल्याङ्कन सम्बन्धित विद्यालयका विषय शिक्षकले गर्नेछन् । त्यस्तै बाह्य प्रयोगात्मक परीक्षाको मूल्याङ्कन सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट खटाइएका निरीक्षकहरूले गर्नेछन् ।

### सैद्धान्तिक परीक्षाको प्रश्नपत्रको ढाँचा

नयाँ विशिष्टीकरण तालिकाअनुसार सैद्धान्तिक परीक्षाका प्रश्नहरू संख्या, अंकभार र समय तालिकाअनुसार हुनेछ ।

| क्र.सं. | विषयवस्तु | प्रश्न संख्या | अंकभार | समय |
|---|---|---|---|---|
| १. | फन्डामेन्टल्स् | ६ | २० | ३० मिनेट |
| २. | QBASIC प्रोग्रामिङ | ४ | २० | ४० मिनेट |
| ३. | डाटाबेस | २ | १० | २० मिनेट |
| | **जम्मा** | १२ | **५०** | **९० मिनेट** |

माथि उल्लेखित तालिकानुसार प्रश्नपत्रमा जम्मा तीनवटा ग्रुप हुनेछन् । पहिलो ग्रुप अथवा ग्रुप 'ए' मा फन्डामेन्टल्सको प्रश्न सोधिनेछ । ग्रुप 'ए' मा विषयगत र वस्तुगत गरी २ प्रकारका प्रश्न सोधिनेछन् । प्रश्न नं. १ मा विषयगत प्रश्न सोधिनेछ, जसअन्तर्गत ५ वटा उपप्रश्न रहनेछन् । प्रश्न नं. १ मा सोधिने प्रश्नहरूको विषयवस्तु तथा अंकभार निम्नअनुसार हुनेछ ।

| विषयवस्तु | प्रश्न संख्या | अंकभार |
|---|---|---|
| नेटवर्किङ तथा टेलिकम्युनिकेसन | २ | ४ |
| कम्प्युटर सुरक्षा र कम्प्युटर भाइरस | २ | ४ |
| कम्प्युटरको समाजमा असर, सूचना प्रविधि नीति, साइबर कानुन तथा नैतिकता मल्टिमिडिया | १ | २ |
| प्रश्न नं. १ को पूर्णाङ्क १० हुनेछ । | | |

प्रश्न नं. २ देखि ६ मा वस्तुगत प्रश्नहरू सोधिनेछ र प्रत्येक प्रश्नमा ४ वटा उपप्रश्न रहनेछन् । प्रत्येक प्रश्नको अंकभार २ हुनेछ । वस्तुगत प्रश्न तल दिइएका मध्ये कुनै पनि प्रकारको हुन सक्नेछ ।

- खाली ठाउँ भर्ने ।
- ठीक-बेठीक छुट्याउने ।
- जोडा मिलाउने ।
- प्राविधिक शब्द लेख्ने ।
- सही उत्तर छान्ने ।
- संक्षिप्त शब्दलाई विस्तार गर्ने ।

प्रश्न नं. ७ र ८ ग्रुप 'बी' अन्तर्गतका प्रश्नहरूमा रहनेछन् । ग्रुप 'बी' मा डाटाबेससम्बन्धी प्रश्न सोधिनेछ । प्रश्न नं. ७ मा जम्मा ३ वटा उपप्रश्न रहनेछन् र ती सबै प्रश्न विषयगत हुनेछन् । प्रश्न नं. ७ मा सोधिने प्रश्नका विषयवस्तु प्रश्न संख्या तथा अंक निम्नअनुसार हुनेछ ।

| विषयवस्तु | प्रश्न संख्या | अंकभार |
|---|---|---|
| परिचय, डाटाबेस निर्माण र डाटा राख्ने तथा सच्याउने | २ | ४ |
| डाटाबेस क्वेरी, फर्मको निर्माण तथा प्रयोग, रिपोर्टको निर्माण र छपाइ | २ | २ |
| **जम्मा** | ३ | ६ |
| *प्रश्न नं. ८ मा जम्मा २ वटा उपप्रश्न रहनेछन् र दुवै वस्तुगत प्रश्न हुनेछन् । दुवै प्रश्नको अंकभार २ हुनेछ ।* | | |

ग्रुप 'सी' अन्तर्गत प्रोग्रामिङसम्बन्धी प्रश्न सोधिनेछ । यो ग्रुपमा जम्मा ४ वटा प्रश्न रहनेछन् । पहिलो प्रश्न (प्रश्न नं. ९) मा जम्मा ३ वटा उपप्रश्न रहनेछन् । पहिलो २ उपप्रश्न प्रोग्रामिङसँग सम्बन्धित आधारभूत शब्दावलीसम्बन्धी प्रश्न हुनेछन् । अन्तिम उपप्रश्न प्रोग्राममा प्रयोग हुने स्टेटमेन्ट तथा फङ्सनमध्ये कुनै २ वटाको कार्यबाट सोधिनेछ । तीनैवटै उपप्रश्नको अंकभार १-१ हुनेछ ।

ग्रुप 'सी' को दोस्रो प्रश्न (प्रश्न नं. १०) मा २ वटा उपप्रश्न रहनेछन् । ती प्रश्नमध्ये एउटामा दिइएको प्रोग्राम कार्यान्वयन गर्दा आउने नतिजा लेख्नुपर्नेछ । अर्को दिइएको प्रोग्राममा भएका गल्ती पत्ता लगाई सही प्रोग्राम लेख्नुपर्नेछ । दुवै प्रश्नको अंकभार २ हुनेछ ।

प्रश्न नं. ११ मा एउटा प्रोग्राम दिइनेछ र उक्त प्रोग्रामसँग सम्बन्धित ४ वटा उपप्रश्न सोधिनेछ । ती प्रश्नको उत्तर दिइएका प्रोग्राम अध्ययन गरिदिनुपर्नेछ ।

त्यस्तै प्रश्न नं. १२ मा ३ वटा उपप्रश्न हुनेछन् । तीनवटै प्रश्नको उत्तरमा प्रोग्राम लेख्नुपर्नेछ । पहिलो प्रश्न सरल प्रकारको हुनेछ भने बाँकी २ प्रश्न केही जटिल हुनेछन् । ती प्रश्नमध्ये पहिलो प्रश्न प्रोसेड्युर (SUB / FUNCTION Procedure) सँग सम्बन्धित हुनेछन् र अन्तिम प्रश्नचाहिं डाटा फाइलसँग सम्बन्धित हुनेछ । सबै प्रश्नको समान अंकभार ३ हुनेछ । यसरी परीक्षाको प्रश्नपत्रमा जम्मा १२ वटा प्रश्न हुनेछन् भने पूर्णाङ्क ५० हुनेछ । सैद्धान्तिक परीक्षाको उत्तीर्णाङ्क १ हुनेछ र समय अवधि ९० मिनेट ।

**प्रयोगत्मक परीक्षा**

कम्प्युटर विज्ञान प्रयोगात्मक विषय भएकाले एस.एल.सी. परीक्षामा पनि माथि उल्लेख गरिएजस्तै २५ / २५ अंकको आन्तरिक र बाह्य प्रयोगात्मक परीक्षाको व्यवस्था गरिएको छ । प्रयोगात्मक परीक्षाको प्रश्नपत्रमा विषयवस्तु, प्रश्नसंख्या तथा अंकभार निम्ननुसार हुनेछ ।

| क्र.सं. | विषयवस्तु | प्रश्न संख्या | अंकभार |
|---|---|---|---|
| १. | QBASIC प्रोग्रामिङ | ५ | ५×३=१५ |
| २. | डाटाबेस | ५ | ५×२ =१० |
| | **जम्मा** | १० | २५ |

प्रयोगात्मक परीक्षाको समय अवधि जम्मा १ घण्टाको हुनेछ । सबै प्रश्नको उत्तर प्रत्यक्ष रूपमा कम्प्युटरमा नै गरेर निरीक्षकलाई देखाउनुपर्नेछ ।

**उत्तीर्णाक्त मात्र ल्याउन चाहनेहरूलाई सुझाव**

परीक्षामा विद्यार्थीले उत्तीर्णाङ्क मात्र ल्याउन चाहने हो भने फन्डामेन्टल्स तथा डाटाबेस मात्र राम्रोसँग अध्ययन गरे पुग्छ । सैद्धान्तिक परीक्षाको उत्तीर्णाङ्क १६ हो भने फन्डामेन्टल्स र डाटाबेसबाट मात्र पूर्णाङ्क ५० अंकमध्ये ३० अंकको प्रश्न सोधिन्छ । झन्डै ५० प्रतिशत प्रश्न वस्तुगत हुनेछन्, जसले गर्दा उत्तर लेख्न पनि सजिलो र अंक पनि बढी आउने सम्भावना रहन्छ ।



**ध्यान दिनुपर्ने कुराहरू**

- सबै पाठ्यवस्तु क्रमशः अध्ययन तथा अभ्यास गर्ने ।
- अंकभार बढी भएका विषयवस्तुलाई ग्राह्यता दिई विशेष तयारी गर्ने ।
- प्रोग्रामिङको अभ्यास गर्दा घोक्ने भन्दा बुझ्ने प्रयास गर्ने ।
- विभिन्न स्रोतबाट नमुना प्रश्नहरू संकलन गरी परीक्षा अवधिलाई ध्यानमा राखी त्यसैअनुसार अभ्यास गर्ने ।
- परीक्षाको समयमा पहिले सबै प्रश्न राम्रोसँग पढ्ने र सजिला तथा आत्मविश्वास भएका प्रश्नहरू पहिले हल गर्ने ।
- उत्तर लेख्नुअघि प्रश्न दोहोऱ्याएर पढ्ने ।
- सकेसम्म सबै प्रश्न हल गर्ने, किनभने उत्तर केही अंश मात्र मिले पनि त्यही अनुपातमा अंक प्राप्त हुने सम्भावना रहन्छ ।
- उत्तर सफा अक्षरमा लेख्नुपर्छ ।
- सकेसम्म केरमेट नगर्ने र केरमेट भएमा काटेर अन्य स्थानमा लेख्ने ।
- उत्तर लेख्दा प्रश्न नं. प्रस्टसंग लेख्ने र सम्भव भएसम्म सबै उपप्रश्नको उत्तर एकै स्थानमा लेख्ने ।
- सबै खेस्रा उत्तरपुस्तिकाको दायाँ भागमा गर्ने ।

*(पुन लिटिल एञ्जलस स्कुल, हात्तीवनमा कम्प्युटर विज्ञान विषयका शिक्षक हुनुहुन्छ । ।)*

# एसएलसीको तयारीमा अभिभावकको भूमिका

किशोरावस्थाका विद्यार्थीहरूको भविष्य निर्माण उनीहरूको अभिभावकहरूको हातमा हुन्छ । यो भनाइ अहिलेसम्मका एसएलसीमा सर्वोत्कृष्ट सबै विद्यार्थीहरूको हकमा लागू भएको देखिन्छ । शिक्षण पेसामै संलग्न गंगाधर शर्मा गौतम गत वर्षको एसएलसीको छात्रतर्फ सर्वोत्कृष्ट स्वतन्त्र गौतमलाई स्कुलसम्म डोऱ्याएर अक्षर चिनाउने व्यक्ति थिए । त्यसैगरी छात्रातर्फ सर्वोत्कृष्ट अञ्जना राजवंशीका पिता पहाडसिंह तथा माता गोशरी राजवंशी दुवै शिक्षण पेसामा सक्रिय छन् । प्रवेशिका परीक्षाको सन्दर्भमा यी दुई छात्रछात्राका अभिभावकले परीक्षाको समयमा अभिभावकको भूमिकालाई प्रमाणित गर्छन् ।

स्वतन्त्रका बाबु गंगाधर शर्मा गौतमका अनुसार विद्यार्थी, शिक्षक तथा अभिभावक तीन तत्त्वको उचित संगम नै स्वतन्त्रको सफलताको कडी हो । कुनै पनि त्रिभुजलाई उभ्याउन दुई सहायक कोणको आवश्यक रहेसरह शिक्षक तथा अभिभावक उभिएका हुन्छन् । शर्माका अनुसार कक्षा तीनसम्मको अध्ययनमा स्वतन्त्रलाई स्थानको परवाह थिएन । ४ देखि ६ सम्म गाउँको विद्यालय अध्ययनमा दाजुभाइले पालैपालो स्कुल टप गर्थे तर देशमा चर्किएको द्वन्द्वले उनलाई शैक्षिक सत्रको बीचमा काठमाडौं ल्याई भर्ना गर्नुपऱ्यो ।

बिहान गएर एकैपटक बेलुका आउने र बिदापिच्छे फरक शिक्षकबाट पढाइने सहरिया शैक्षिक प्रक्रियासँग घुलमिल हुन उनलाई सुरुमा निकै गाह्रो पऱ्यो । मैले भनेको थिएँ- इख नभएको मानिस र विष नभएको सर्पले केही गर्न सक्दैन । फलस्वरूप कक्षा नौदेखि उत्कृष्ट तीन स्थानमा आउँदा उसमा प्रतिस्पर्धाको भावना जाग्यो । त्यसलाई हामीले बुझ्यौं र आत्मविश्वास बढाइदिने काम गऱ्यौं । अन्त्यमा सर्वोत्कृष्ट हुन पुग्यो ।

त्यसैले एसएलसीलाई लिएर छात्राछात्राहरू चिन्तित भएका छन् भने अभिभावकले यो समयमा हौसला दिनु राम्रो हुन्छ । हाम्रो सल्लाह बमोजिम स्वतन्त्र उद्घोषणतर्फ मस्तिष्कलाई विकेन्द्रित गर्थ्यो तर उसले अध्ययनमा हेलचेक्र्याइँ नगरी बिस्तारै र निरन्तर अध्ययन गऱ्यो । एसएलसीको समयमा कमजोर विषयमा विषयगत शिक्षकसँग सम्पर्क गरी घरमै पढ्ने वातावरण मिलाउन अभिभावकको महत्त्वपूर्ण भूमिका हुन्छ । हाम्रो परिवेशमा अनिवार्य विषयहरूमा सक्षम शिक्षकको निर्देशनअनुरूपको अध्ययन नै पर्याप्त हुन्छ, गौतमले बताए ।

गत वर्ष प्रवेशिका परीक्षामा छात्रातर्फ उत्कृष्ट अञ्जना राजवंशी सानेपास्थित मामा घरमा बसेर पढ्थिन् । राजवंशीजस्तो पिछडिएको जाति भए पनि मेरा आमाबुबाले दुई छोरीलाई मात्र जन्म दिई जुन तरिकाले हामीलाई हुर्काउनुभयो त्यसले मलाई धेरै कुरा सिकायो । उहाँहरूको गालीले पनि सकारात्मक दिशातर्फ डोऱ्याएको अञ्जना बताउँछिन । उनलाई अभिभावकले पढ्नका लागि सम्झाउनु नपरे पनि अभिभावक तथा विद्यालयको भूमिका महत्त्वपूर्ण भएको अञ्जनाको धारणा छ ।

परीक्षा सोचेजस्तो भएन भनी स्ट्रेसमा बस्दा एउटा मात्र परीक्षा छैन, प्रत्येक परीक्षाले केही न केही सिकाउँछ भन्दै हामी हौसला दिन्थ्यौं । अध्ययन गर्दा उसले चुइँगम खाएकी छ-छैन, कतै ध्यान त्यसैतर्फ मोडिने त होइन भनी अनुगमन गर्नुपर्थ्यो । यस्तै खानपिनमा ध्यान, विषयगत कमी कमजोरीप्रति समय-समयमा अभिभावक तथा शिक्षकबीच परामर्श, अन्तक्रिया आवश्यक हुन्छ, -अञ्जनाकी आमा गौशरी राजवंशी बताउँछिन् । २०६२ सालको एसएलसी परीक्षामा उसले राम्रो नम्बर ल्याओस् भन्ने धोको थियो तर बोर्डमा आउली भन्ने लागेको थिएन, -अञ्जनाका बाबु पहाडसिंहले बताए ।

एसएलसीमा राम्रो अंक हासिल गर्ने विद्यार्थीले भविष्यमा विभिन्न अवसर पाउने भएकाले पनि अभिभावकहरूले उनीहरूप्रति पर्याप्त ध्यान दिनु आवश्यक हुन्छन् । बेलाबेलामा अभिभावकले मार्गदर्शन गराइरहनुपर्छ । १३ वर्षको मेहनतको मूल्यांकन गर्ने कडी नै एसएलसी भएकाले पढ्नका निम्ति खासै दबाब नदिए पनि उनीहरूको परिश्रम अनुसारको भोजन, तातो-न्यानो, घर-परिवारका अन्य कुराबाट टाढा राख्नमा सतर्क रहनुपर्ने कुरा २०६१ सालको परीक्षामा छात्रातर्फ सर्वोत्कृष्ट भएकी सुभ आचार्यकी आमा सुशीला आचार्य बताउँछिन् । अभिभावकले राम्रा विद्यालयमा राखेर मात्र ढुक्क बस्नुहुँदैन,




त्यसले प्रदान गर्ने शिक्षाको गुणस्तरप्रति पनि सजग रहनुपर्छ । उनीहरूले कुन विषयमा अप्ठ्यारो महसुस गर्दैछन् । सम्भव भएसम्म विषयगत शिक्षकबाट स्पष्ट हुने व्यवस्था मिलाउन सकिन्छ । ट्युसन लिने बहानामा छात्रछात्राहरूले गर्ने समयको बर्बादीप्रति पनि अभिभावकहरू सजक रहनुपर्ने श्रीमती अचार्यको सुझाव छ ।

२०६१ सालको परीक्षामा छात्रतर्फ सर्वोत्कृष्ट समीर श्रेष्ठका बाबु रामचन्द्र श्रेष्ठ समिर सानैदेखि लगनशील छात्र भएको बताउँछन् । कक्षा आठको परीक्षामा समीरले कोठामा टेलिभिजन भएकाले सोचेजस्तो परिणाम आएन । टेलिभिजनका कारण छोराको परीक्षाफल भनेजस्तो नआएपछि उनका पिता रामकृष्णले उनलाई अर्को कोठामा बस्ने व्यवस्था मिलाए । रामकृष्ण छोरालाई जाँचका लागि तयार हुने भन्दा ज्ञान बढाउन अध्ययन गर्नुपर्ने कुरामा जोड दिने गरेको बताउँछन् । राम्रो अध्ययनले उसमा ज्ञानको परिपक्वता हुने र त्यसैबाट राम्रो अंक पनि आउने भएकाले पाठ्यक्रमलाई राम्ररी बुझेर अध्ययन गर्न सल्लाह दिने गरेको उनले बताए ।

समय तालिका बनाएर पढ्नेदेखि लिएर जान्ने विद्यार्थीसँग स्वस्थ प्रतिस्पर्धाको वातावरण बनाउने क्रममा समीरकी दिदी सरीले महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी छिन् । हामीलाई यो बोर्डमा आउँछ भन्ने नै थिएन । अचानक त्यस्तो परिणाम आउँदा त हामी सबै आश्चर्यमा पऱ्यौं, रामकृष्णले साप्ताहिकलाई बताए । उनका अनुसार समिरले आठ कक्षामा परीक्षा राम्रो गर्दागर्दै दोस्रो भएपछि स्कुल छोड्ने प्रस्ताव राखेका थिए तर उनले निजी स्कुलमा व्यक्तिगत स्वार्थ हेरिन्छ, सक्छौ भने एसएलसीमा प्रथम हुनुपर्छ भनी आत्मविश्वास बढाउन जोड दिएका थिए ।

अध्ययन गर्न बसेका बेलामा केटाकेटीहरू के गर्दैछन्, पढ्दैछन् कि छैनन् भनेर बाबुआमाले अनुगमन गर्नुपर्ने २०६० सालको परीक्षामा छात्रातर्फ सर्वोत्कृष्ट भएकी प्रतिष्ठा ज्ञवालीका बाबु कृष्ण ज्ञवाली बताउँछन् । प्रतिष्ठा हाल एमबीबीएस अध्ययनको तयारीमा छिन् । यतिखेर पनि प्रतिष्ठा आफ्ना अभिभावकको परामर्श लिइरहेकी छिन् । ज्ञवालीका अनुसार उनमा आत्मविश्वास बढ्नुका साथै परिपक्वता आएको छ । उनी सातामा ६ दिनको लगातार अध्ययनपछि शनिबार अन्य कुनै सिर्जनात्मक क्रियाकलापमा सहभागी हुन्थिन् । अध्ययनको समयमा विषयमै केन्द्रित भएर पढ्ने उनको बानी छ ।

**–संगीता कटुवाल**

# सर्वोत्कृष्ट विद्यार्थीको सफलताको रहस्य

परीक्षा जीवनको एउटा पाटो तथा बौद्धिक क्षमता दर्साउने बाटो हो। यसले व्यक्तित्व मूल्यांकन गरी उपलब्धि तय गर्छ अनि अध्ययनलाई सार्थकता दिने काम गर्छ। संसारमा त्यस्तो मानिस भेट्न गाह्रो पर्छ, जसलाई परीक्षादेखि डर नलागोस् तर यसलाई एउटा चुनौतीका रूपमा लिई आफ्नो परिश्रम र आस्था दुवैमा सरिक हुनुपर्छ। एसएलसीलाई जीवनको सबैभन्दा महत्वपूर्ण परीक्षा मान्नुपर्ने हुन्छ। बालककालदेखि किशोर अवस्थासम्मको बाटोलाई मूल्यांकन गर्ने कडी नै एसएलसी परीक्षा हो। यसबाट प्राप्त नतिजाअनुसार नै वास्तविक जीवनयात्रा प्रारम्भ हुन्छ। अंक ल्याउनु अहिलेको परिप्रेक्ष्यमा निकै ठूलो कुरा भएको छ र यसको कदर पनि हुन्छ। भविष्य निर्माण गर्ने सूत्र तथा त्यसको जग नै एसएलसीमा प्राप्त अंक हो।

विद्यार्थी आफैं अध्ययनमा सफलता हासिल गर्न कुन उपाय अपनाउनु आवश्यक हुन्छ भन्ने कुरा खोजी गर्न सक्छन् जसले गर्दा कम समयमा धेरै अध्ययन गर्न सकियोस्। सबै व्यक्तिको स्मरणशक्तिमा एकरूपता हुँदैन। आफ्नो परिश्रम, मेहनत, लगानी, सोच तथा सिर्जनशीलताको समिश्रण नै स्मरणशक्ति हो। त्यसैले यो व्यक्तिपिच्छे फरक हुन्छ र विद्यार्थीले पढ्ने वातावरणमा पनि भर पर्छ। कसैले कुर्सीमा नबसी अध्ययन गर्न सक्दैनन् त कोही संगीत नसुनी। आफूलाई जसरी सजिलो पर्छ त्यसैगरी पढ्नुपर्छ। पढेर, बुझेर र त्यसलाई पूर्ण स्मरण गर्ने बानीले हामी स्मरणशक्ति सजिलै बढाउन सक्छौं। यसबाहेक एकैचोटि ठूलो आकांक्षा नराखी क्रमशः अध्ययन गर्ने, योग साधना एवं आफूलाई प्रेरणाका स्रोत लागेका व्यक्तिलाई भेट्दा स्मरणशक्ति बढाउन अझ मद्दत पुग्छ।

धेरै विद्यार्थी एकाग्रताको कमीले गर्दा पढेको कुरा तुरुन्तै बिर्सने समस्याले ग्रस्त छन्। मैले पढेको जीवनभरका लागि हो भन्दै, जिज्ञासु हुँदै अध्ययनको गहनतामा डुब्ने प्रयास गर्नुपर्छ। क्रमशः समयतालिकाअनुरूप समय बढाउँदै यतिबेलासम्म 'पढ्ने त म एक्लै छु' भन्दै पढे आत्मसम्मान बढ्छ तर यस्तो भावनामा ह्रास आउनासाथ एक दिनमात्र पनि निरन्तरता टुटाउनुहुँदैन। क्रम टुटेपछि त्यसलाई कायम गर्न निकै गाह्रो हुन्छ।

अध्ययन गर्दा शिक्षकलाई साथीका रूपमा लिनुपर्छ। शिक्षकले भनेका कुरामा ध्यान केन्द्रित गर्नुपर्छ। कहिलेकाहीं पाठ्यपुस्तकमा नभएका कुरा शिक्षकबाट सुन्न सकिन्छ। यसले अर्को पाठमा बुझ्न सहयोग गरेको हुन्छ, त्यसकारण पढ्दा सबै पाठलाई ध्यान दिनु आवश्यक छ। गाह्रो लागेको पाठलाई विशेष ध्यान दिनु आवश्यक हुन्छ। प्रत्येक पाठको उदाहरण कहिल्यै भुल्नु हुँदैन। सेलेक्टेड पटक्कै हुनुहुँदैन तर परीक्षाको मुखमा आउँदा समग्र रूपमा सेलेक्टेड हुन सकिन्छ। पाठ पढाउँदा पनि शिक्षकको भूमिका गहन हुनुपर्छ तर बिना कुनै तयारी शिक्षक कक्षाभित्र छिरेको अवस्थामा विद्यार्थीले प्रश्न गर्दा हड्बडाउनु, एकचोटि भनेका कुरा नदोहोर्‍याउनु असल शिक्षकको लक्षण होइन। यो त विद्यार्थीको भविष्यमाथि खेलबाड गर्दै उनीहरूको खुट्टामा बन्चरो हान्नु सरह हो।

परीक्षाको समयमा चञ्चलतालाई काबुमा राख्दै अन्य कार्यका लागि समय घटाएर पूर्णतया अध्ययनमै समर्पित हुनुपर्छ। सकभर बिहानको स्वस्थ वातावरणमा अप्ठ्यारो लागेको विषय अध्ययन गर्दा एकैपटकमा ग्रहण गर्न सकिन्छ। पहिलो प्राथमिकतामा गणित, विज्ञानजस्ता अनिवार्य विषयलाई लिन सकिन्छ। यस्तै सामाजिक, जनसंख्या, स्वास्थ्य र वातावरण जस्ता विषयलाई दोस्रो प्राथमिकतामा लिन सकिन्छ। कम्तीमा पनि दुई प्राथमिकतामा विभाजित विषयलाई चार घण्टाको समय दिनुपर्छ। दोस्रो प्राथमिकताका विषयहरू सिर्जनशीलता तथा प्रतिभामा भरपर्ने हुँदा त्यसलाई दैनिक प्रयोगात्मक जीवनसँग दाँजेर पढ्दा अझ लाभदायक हुन्छ। कुनै दिन एउटा विषयमा मात्र ध्यान केन्द्रित रहे अर्को दिन अन्य विषयमा केन्द्रित हुनुपर्छ। यसो गर्दा सबै विषयमा सामञ्जस्यता कायम गर्न सकिन्छ।

धेरै पढे मात्र राम्रो अंक आउँछ भन्नु उचित होइन। किनकि परीक्षा परिश्रम र भाग्यको खेल पनि हो। उत्तर दिने भाषा, शैली र मौलिकताजस्ता कुराहरूमा पनि उत्तिकै ध्यान दिनु आवश्यक छ। परीक्षा केन्द्रमा गएपछि पुस्तक नपल्टाउनु नै बेस हुन्छ। किनकि यसबाट बिर्सने सम्भावना धेरै हुन्छ। विद्यार्थीले परीक्षाका बेलासमयको अत्यन्तै ख्याल राख्नुपर्छ। निर्धारित समयभन्दा १५ मिनेटअघि प्रश्नपत्र हल गरिसके उत्तर कपी एकपटक दोहोर्‍याएर हेर्ने। सम्भव भएसम्म लाइन तानेर उत्तर पुस्तिका स्पष्ट देखाउने। जसबाट गल्ती, कमजोरी सच्याउन पाइन्छ। यस्तै विद्यार्थीले आफ्नो अक्षरमा पनि उचित ध्यान दिनुपर्छ।

**गणित पढ्दा अपनाउनुपर्ने उपाय**

- परीक्षाको दृष्टिकोणले प्रथमतः उदाहरणमा दिएका प्रश्न हल गर्ने।
- उदाहरणलाई प्राथमिता दिने।
- एउटा समस्या कम्तीमा पनि दुई-तीन पटक अभ्यास गर्ने।
- नबुझेको खण्डमा शिक्षकसँग सोध्ने।
- गणितलाई दैनिक समय दिने।
- पहिलेका वर्षमा सोधिएका प्रश्न जम्मा गर्दै प्रश्नको हल गर्ने।
- हरेक शनिबार तीन घण्टाको समय राखी कुनै एकान्त ठाउँमा गएर कसैको सहयोग बिना दत्तचित्त भएर एउटा कापीमा साफी लेखन गर्ने।
- सकेसम्म २० देखि २५ मिनेट अगावै प्रश्नपत्र हल गरेर सक्ने।

**विज्ञान पढ्दा अपनाउनुपर्ने उपाय**

- विज्ञान पढ्दा पाठको एक-एक कुरा महत्त्व दिएर पढ्ने।
- विज्ञानमा विशेषगरी पाठ्यपुस्तकमा केन्द्रित हुँदै कुनै एक प्रश्न लिएर १५ मिनेटभित्र हल गर्ने।
- प्रयोगात्मकतामा ध्यान दिने।

**सामाजिक/नेपाली/अंग्रेजी पढ्दा अपनाउनुपर्ने उपाय**

- बोध जस्ता विषयमा मौलिकतामा ध्यान दिने।
- उत्तर लेख्दा हुबहु नसारी आफ्नो ज्ञानको प्रयोग गर्ने।
- समग्र उत्तर लेख्दा शीर्ष वाक्य, तथ्यहरू, निष्कर्ष गरी तीन भागमा विभाजन गर्ने।
- नेपाली तथा अंग्रेजी जस्ता विषयमा सकिन्छ भने कुनै व्यक्तिको भनाइबाट उत्तर लेख्न सुरु गर्ने।
- विशेषगरी पहिलो वाक्य मजबुत भयो भने परीक्षकले त्यसलाई राम्रो मानेर पढ्नेछन्।
- नेपालीका हकमा स्वअध्ययन एवं मौलिकताको प्रभुत्व जमाउने।
- नेपाली विषयमा व्याकरणका दृष्टिले मजबुत हुनुपर्छ।
- सामाजिक पढ्दा खोजीनीति धेरै गर्नुपर्ने भएकाले पत्रपत्रिकाबाट पनि ज्ञान हासिल गर्ने।
- उत्तर लेख्दा संख्या नभई गुणस्तरमा ध्यान दिनुपर्छ।
- हरेक प्रश्नको उत्तरमा उदाहरण दिन सक्नुपर्छ।

**केही टिप्स**

- दैनिक आठ-नौ घण्टा पढ्नुपर्छ।
- परीक्षाको अघिल्लो दिन राति ११-१२ बजेसम्म मात्र पढ्ने।
- परीक्षा अगावै एकचोटि दोहोर्‍याउने।
- नआत्तिई, नहडबडाई तथा शान्त भएर परीक्षा दिने।
- पहिले आत्मविश्वास भएका प्रश्न हल गर्ने र त्यसपछि मात्र अरू प्रश्नलाई महत्त्व दिने।
- पत्रपत्रिकाहरूमा प्रकाशित हुने सामग्री पढ्ने बानी बसाल्ने। रेडियो, टिभीबाट प्रसार हुने एसएलसी सहयोग सामग्री सुन्ने, हेर्ने बानी बसाल्ने।
- विषबिनाको सर्प र इख बिनाको मानिसको औचित्य नहुने भएकाले इख लिएर पढ्ने।
- बिहान र बेलुका क्रमिक रूपमा पाठ्य समायोजनमा लाग्ने।
- कतै निस्कँदा पनि पढेका कुरा दोहोर्‍याउने बानी बसाल्ने। कण्ठ गर्नुपर्ने प्रश्नको उत्तरको हकमा सूत्र बनाएर पढ्ने।

*(गत वर्षको एसएलसीमा प्रथम श्रेणीमा प्रथम स्वतन्त्र गौतमसँग संगिता कटुवालले गरेको कुराकानीमा आधारित)*

# कार्यालय सञ्चालन तथा लेखा



हरिविनोद अधिकारी

कार्यालय सञ्चालन तथा लेखालाई विद्यार्थीले जटिल विषयका रूपमा लिने गरेको पाइन्छ। यो विषय अभ्यासमा आधारित विषय भएकाले यस्तो अनुभव गरिएको हुनसक्छ तर यो विषयलाई नियमित कक्षामा मात्र अध्ययन गर्ने हो भने पनि सजिलै उत्तीर्ण हुन सकिन्छ। यो विषयले विद्यार्थीको अङ्क बढाउन पनि महत्त्वपूर्ण सहयोग पुर्‍याउँछ। भाषागत विषय भएकाले यसलाई अध्ययन गर्दा नोट बनाउने र समय-समयमा दोहोर्‍याएर हेर्नु राम्रो हुन्छ।

कार्यालय सञ्चालन तथा लेखा अध्ययनले विद्यार्थीलाई कार्यालय सहायकको कामको जानकारी दिन्छ। एसएलसीपछि विद्यार्थीले वाणिज्य शास्त्र नपढेको अवस्थामा अहिले पढेको ज्ञान सहायक हुन सक्छ। यो विषय अध्ययन गर्दा केही कुरा नबुझिए सम्बन्धित विषयका शिक्षक-शिक्षिकासँग सम्पर्क गर्नु राम्रो हुन्छ।

यो विषयमा कक्षा १० को पाठ्यक्रम र पाठ्यपुस्तकबाट ७५ पूर्णाङ्कको सैद्धान्तिक तथा २५ पूर्णाङ्कको प्रयोगात्मक परीक्षा हुन्छ। प्रयोगात्मक परीक्षा विद्यालयले आन्तरिक रूपमा लिन्छ। सैद्धान्तिक परीक्षामा विद्यार्थीले ल्याउनुपर्ने उत्तीर्णाङ्क २४ हो। त्यसमा पनि २१ पूर्णाङ्कको प्रश्न प्रयोगात्मक गणितजस्तै गरी आउँछ। त्यसैले विद्यार्थीलाई उत्तीर्णाङ्क हासिल गर्न गाह्रो हुँदैन।

| विधा | पूर्णाङ्क |
|---|---|
| बैंक | १० |
| बिमा र वित्तीय संस्था | ११ |
| सरकारी श्रेस्ता | २४.५ |
| व्यापारिक श्रेस्ता | ८.५ |
| व्यावसायिकश्रेस्ता(प्रयोगात्मक) | १२ |
| सरकारी श्रेस्ता (प्रयोगात्मक) | ९ |
| जम्मा | ७५ |

सैद्धान्तिक परीक्षाका लागि यो विषयलाई तीन क्षेत्रमा विभाजन गरिएको छ। जसमा पहिलो बैंक, दोस्रोमा बिमा र वित्तीय संस्थाहरू, तेस्रो व्यापारिक लेखा प्रणाली तथा चौथो सरकारी लेखा प्रणाली छन्। यो विषयमा जम्मा ११ वटा प्रश्न आउँछन् जसमा ८ प्रश्नको उत्तर भाषागत रूपमा लामो तथा छोटो उत्तर आउने गरी लेख्नुपर्छ भने ३ प्रश्नको उत्तर गणितीय हुन्छन्। यो विषयमा छान्ने किसिमका अर्थात् वैकल्पिक प्रश्न आउँदैनन्। चार नम्बरको प्रश्नमा चारवटामध्ये कुनै दुईवटा गर्ने गरी विकल्प दिइएको हुन्छ। दुई प्रश्न १० पूर्णाङ्कका हुनेछन् भने अन्य २ वटा प्रश्न ५ अङ्कका, चारवटा प्रश्न ६ अङ्कका तथा व्यापारिक श्रेस्ताबाट उस्तैगरी दुईवटा प्रयोगात्मक प्रश्नहरू पनि ६ अङ्का तथा सरकारी श्रेस्ताको प्रयोगात्मक ९ अङ्कका हुन्छन्।

**अध्ययन गर्दा ध्यान दिनुपर्ने कुराहरू**

- परीक्षाको अवधि २ घन्टा १५ मिनेटको भएकाले पूर्णाङ्क हेरी समय विभाजन गर्नुपर्छ।
- गोस्वारा अभिलेख, वासलात, सन्तुलन परीक्षण, बैंक नगदी किताबबाट २१ पूर्णाङ्कको प्रयोगात्मक गणितीय प्रश्न आउँछ।
- १० पूर्णाङ्कका दुई प्रश्नसहित प्रयोगात्मक हिसाब गर्दा पनि विद्यार्थीले उत्तीर्णाङ्क हासिल गर्न सक्छन्।
- आजभोलि उत्तर कुञ्जिका हेरेर मात्र परीक्षकले उत्तरपुस्तिका जाँच्ने हुँदा मिलेजतिको अंक पाइन्छ। जस्तै- १० वटा कारोबार भएको सन्तुलन परीक्षण दिएको छ। ६ वटा कारोबार डेबिट र क्रेडिटमा ठीकसँग प्रविष्ट भएका छन् भने तीन अंक हासिल गर्न सकिन्छ। सैद्धान्तिक प्रश्नहरू पनि बुँदागतसहित उल्लेख गर्नुपर्छ। बयानको समेत ६ अंक छ भने बुँदा मात्र लेखे पनि प्रतिबुँदा ० दशमलव ५ अंक दिइन्छ।
- परीक्षामा डराउनुहुँदैन, कुनै प्रश्नको उत्तर दिन छुटे अनुत्तीर्ण नै भइन्छ भन्ने होइन, तर परीक्षार्थीले भरसक सबै प्रश्नको समाधान गर्नु उपयुक्त हुन्छ।
- यो विषयमा पूर्णाङ्क बराबर प्राप्ताङ्क आउने सम्भावना हुन्छ।

-उत्तर दिंदा सोधेको कुरा मात्र लेख्नुपर्छ। धेरै लेख्दैमा धेरै अङ्क आउने होइन र थोरै लेख्दैमा थोरै अङ्क आउँछ भन्ने पनि छैन। पहाडको टाकुरामा पुग्दैमा चन्द्रमा वा सूर्य नजिक पुगिने होइन। यो विषयमा तथ्यगत लेखाइ महत्त्वपूर्ण हुन्छ।

- प्रयोगात्मक ढाँचाका प्रश्न नम्बर ९, १० र ११ मा सोधिएका प्रश्नहरूको प्रविष्टिका लागि निश्चित ढाँचा हुन्छन्। ढाँचा मिलेर मात्र हुँदैन, प्रविष्टि ठीक भए मात्र अङ्क पाइन्छ।
- माध्यमिक तहमा कार्यालय सञ्चालन तथा लेखा विषयलाई ऐच्छिक द्वितीय पत्रमा राख्नुको कारण हो, समाजमा प्रवेश गर्न पाइला उठाएका किशोर-किशोरीहरूलाई कार्यालय, व्यवसाय एवं लेखा प्रणालीका सम्बन्धमा विषय प्रवेश होस् तथा उनीहरूले सामान्य जिज्ञासाको उत्तर पाउन सकून्। यो विषयले वाणिज्य शास्त्रमा आधारभूत ज्ञानको काम गर्छ।
- प्रश्न साधारण किसिमका आउने भए पनि पढ्न र पढाउन हेलचेक्र्याइँ गर्नुहुँदैन।
- सबै शीर्षकअन्तर्गतका पाठ दोहोर्‍याएर हेर्ने, यसो गर्नाले दोधार भएको पाठ राम्रोसँग बुझ्न सकिन्छ। साथै दोहोर्‍याएर पढ्दा कक्षाकोठामा अध्ययन गर्दाको कुरा स्मरण हुन्छ।
- सूत्रगत रूपमा अध्ययन गर्ने बानीको विकास गर्ने, साथै सिलसिलेबार लेखेर पढ्ने, पढेका कुरालाई केही समय मनमनै सम्झनुपर्छ। परीक्षामा तालिका निर्माण गर्न सिसाकलम, स्केल आदि सामग्री आफैंले लानुपर्छ।
- एसएलसीमा कति नम्बर आउँछ ? भन्ने कुरा आफ्नै हातमा छ। यो न भगवान्को हातमा छ, न शिक्षकको हातमा, त्यसैले सोधेको प्रश्नको उत्तर ठीकसँग, समयको समेत ख्याल गरेर दिनुपर्छ।

अचेल कार्यालय सञ्चालन र लेखा तथा लेखा परीक्षण दुवै विषय ऐच्छिक द्वितीय पत्रमा परेकाले र विषय मिल्दाजुल्दा पनि भएकाले यसै विषयको नमुनाको आधारमा प्रश्नपत्र तयार भएको देखिन्छ।

*(अधिकारी काठमाडौं शिक्षा क्याम्पसका प्रमुख तथा गुहेश्वरी शिक्षा माध्यमिक विद्यालयका शिक्षक हुनुहुन्छ।)*




Interactive English
(Language Video-CDs)
By P. Swoveet with Graddy Walker (USA), Stephanie Scott (UK), Amy Richardson (USA), Ebony Francis (UK), Kara Debruyn (USA)....
Easy Learning
English Language Books/Cassettes/CDs
Now, available in the market!
Published by OLC's Creative Publications 4-268945, 4-247897

सीपमुलक तालिममा भर्ना खुल्यो
फ्रेण्ड्स क्लब कुपण्डोलद्वारा सञ्चालित सीपमूलक सीलाई बुनाई तालिममा भर्ना खुल्यो।
तालिम शुरुहुने मितिः२०६३/११/१ देखि
सम्पर्क स्थानःफ्रेण्ड्स क्लब कुपण्डोल, हनुमानस्थान ललितपुर-१०
सम्पर्क फोनः
५५२७७४५, ९८४१३१२६९२

O. L. C. ENGLISH
✶ IELTS speaking
✶ Speaking Focus
✶ IELTS / TOEFL
Chinese, Japanese, German, French, Spanish Languages
OASIS L.C.
Thamel, Galkopakha
4-359170
(lg. books, cassettes, audio N visual CDs)

होटल तालिम मोडर्नमा
Switzerland & UK बाट
Cook, Waiter, Bakery, Barman, Captain, Bell Boy, Supervisor, Care Giver, Housekeeping, Domestic Helper
Cook Training गर्नेकालागि Waiter, Housekeeping वा English Language FREEमा
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 2315801

तु.आवश्यकता
नेपाल सरकारबाट मान्यताप्राप्त यस उत्पादन संस्थालाई फुलटाइम तथा पार्टटाइम Job गर्न चाहने थप कर्मचारी आवश्यकता।
आवश्यक संख्याः
१.पुरुष : ५ जना
२.महिला : ५ जना
तलब : ८५००/-
सम्पर्कः
फोन : ०१-२००४४२८,
मोबाइल : ९८०३२३९६०३

इजरायल!
के तपाई इजरायल जाँदै हुनुहुन्छ ? यदी जाँदै हुनुहुन्छ भने हिब्रु (Hebrew) भाषा तथा तालीम लिई दक्ष भई जानुहोस्।
हाम्रा सेवाहरू:
१) हिब्रु (Hebrew) तथा अंग्रेजी (English) भाषा।
२) केयर गिभर, Housekeeping तथा Orientation तालिम।
३) Hebrew पुस्तक शलोम उपलब्ध छ।
४) डकुमेन्ट समेत Forward गरीन्छ।
पाइथागोरस एकेडेमी, 4260632

## विचित्रका वनस्पतिहरू

### चप्पलजस्तो बिरुवा



क्यारेबियन क्षेत्रमा पाइने बल्वो स्टाइलिस पेरोडक्स नामक बिरुवा भट्ट हेर्दा उनी चप्पलको जोडीजस्तो देखिन्छ ।


### धेरै फूल फुल्ने बिरुवा



गोटस बियर्ड नामक बिरुवामा फुल्ने प्रत्येक फूलको गुच्छामा १० हजार भन्दा बढी फूल फूलेका हुन्छन् ।

### पुष्प बालक

पर्पल अर्किड भनिने एक प्रकारको सुनगाभा फूलको प्रत्येक पत्र टोपी लगाएको बालकजस्तो देखिन्छ ।





### सबैभन्दा अनाकर्षक फूल

मुसाएन्डा इरिथ्रोफाइला वैज्ञानिक नाम भएको एउटा बिरुवामा फुल्ने फूल यति अनाकर्षक हुन्छ कि कुनै पनि कीराले उक्त फूलमा परागसेचन गर्दैनन् । सम्भवतः यसै कारण प्रकृतिले यो फूलको वंश वृद्धिका लागि एउटा चम्किलो आवरण प्रदान गरेको छ । उक्त आवरणले नै त्यो फूलको परागसेचनको कार्य गर्छ ।


### मैनबत्ती जस्तो फूल



मध्यअस्ट्रेलियाको मरुभूमिमा पाइने क्यान्डिल स्टिक्स अफ द सन नामक बिरुवामा मैनबत्ती जस्तो फूल फुल्छ । यस्तो फूल उक्त बिरुवामा हरेक सात वर्षमा एक पटक मात्रै फुल्छ ।

## जानकारी

### गीत गाउने हात्ती



संयुक्त राज्य अमेरिकामा गरिएको एउटा प्रयोगले मानिस, बाँदर र डल्फिनमा जस्तै हात्तीहरूमा पनि एक-अर्काको बीचमा रहेको भिन्नता छुट्याउन सक्ने क्षमता हुने कुरा देखाइएको छ । अमेरिकाको न्युयोर्कमा रहेको चिडियाखानामा तीनवटा एसियन हात्तीलाई ऐना देखाउँदा उनीहरूले आफ्नो अनुहार फरक रहेको स्पष्ट रूपमा संकेत गरे । त्यस क्रममा केही हात्तीले ऐनामा सुँड तथा मुख हेरेका थिए भने केहीले गीत गाएजस्तो गरेका थिए ।

### अप्रेसनपछि उँट



दाँतका कारण खाद्यपदार्थ निल्न नसकी भोकभोकै परेको एउटा उँटको शल्यक्रिया गरी खान अवरोध पुऱ्याउने दाँत निकालिएको छ । अमेरिकाको कोलम्बिया चिडियाखानामा रहेको उँटको यस्तो शल्यक्रिया गरिएको हो । शल्यक्रियाका क्रममा चार जना पशु दन्त्य चिकित्सकले खाना खान अवरोध पुऱ्याउने उँटको दाँत झिकेका थिए ।

## जन्मदिनको शुभकामना







| | | | |
|---|---|---|---|
| प्रतीक बडु २०६० फागुन ४ | किसल हेंका २०६१ फागुन ५ | सार्थक ओझा २०६० फागुन ५ | कृतिका पराजुली २०६१ फागुन ५ |
| सचिना तिलिजा २०६१ फागुन ६ | सुबिन थापा २०६१ फागुन ६ | सारांश कडरिया २०५७ फागुन ६ | शुशिन कर्माचार्य २०६० फागुन ७ |
| आश्मा गुरुङ २०६२ फागुन ७ | अभिषेक साह २०५८ फागुन ८ | अभिनव खनाल २०५८ फागुन १० | |

**छ प ठ**

**जन्मदिनको शुभकामना**

नाम :......................................................

जन्म मिति :................................................

स्कुल :....................................................

ठेगाना : ..................................................

**तस्बिर अनिवार्य**

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ ।

## १० करोड वर्ष पुरानो मौरी



वैज्ञानिकहरूले १० करोड वर्ष पुरानो मौरीको अवशेष पत्ता लगाएका छन् । अवशेष यसअघि पत्ता लागेका मौरीका अवशेषहरूभन्दा साढे तीन करोडदेखि लिएर साढे चार करोड पुरानो भएको बताइन्छ । हाल पत्ता लागेको अवशेष भाले मौरीको हो । म्यानमारका पहाडी गुफामा पत्ता लागेको उक्त अवशेषको लम्बाइ साढे एक इन्चभन्दा कम छ भने उक्त अवशेष हाल अस्तित्वमा रहेको कुनै पनि मौरीको प्रजातिसँग मिल्दैन । यसको टाउकोमा रौं भएकाले मात्र अनुसन्धानकर्ताहरू उक्त अवशेष मौरीको भएको निष्कर्षमा पुगेका थिए ।

## तल दिइएको चित्रमा ६ वटा फरक छुट्याऊ



फरक-कान, कपाल, चन्द्रमा, पर्दा, चिम, कलम, औला ।

**तल दिइएको चित्रमा कति समानहरू लुकेका छन् ?**



लुकेका समानहरू : टेलिभिजन, चिम, कैंची, रेडियो, चक्कु ।

## साप्ताहिक शब्द जाल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ने | म्बि | नी | द | क्षि | ण | ए | मा | इ |
| पा | आ | फ्रे | द | ची | न | छि | न्द्र | न्डो |
| ली | भो | ने | म | कि | पा | स | र | ने |
| कां | भा | र | त | हा | बं | द् | ल | सि |
| ग्रे | ज | न | मो | पा | ग | भा | म | या |
| अ | न | टी | पा | कि | ला | व | शू | मा |
| मे | रा | रू | स | स्ता | दे | ना | न | ओ |
| रि | भ | त्त | पु | न | श | चा | ल | वा |
| का | का | प्र | जा | ना | इ | जे | रि | या |

माथि दिइएका अक्षरहरूमा जनसंख्याका आधारमा संसारका आठ ठूला मुलुकका नाम लुकेका छन् । के तिमी ती नामहरू खोज्न सक्छौ ?

लुकेका नामहरू : रूस, इन्डोनेसिया, अमेरिका, चीन, भारत, बंगलादेश, पाकिस्तान, नाइजेरिया ।

## साप्ताहिक अंकजाल प्रतियोगिता-९८

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

१. सँगै दिइएको १६ वटा कोठाहरूमा ९७ देखि ११२ सम्मका अंकहरू नदोहोरिने गरी यसरी भर, जसबाट तिनीहरूको योगफल ठाडो, तेर्सो, छड्के जसरी जोड्दा पनि ४१८ होस् ।

२. अंकजाल साप्ताहिकको कार्यालयमा प्रकाशित भएको मितिले दुई साताभित्र पठाइसक्नुपर्नेछ ।

३. विजेतालाई २ सय रुपैयाँ पुरस्कार दिइनेछ ।

नाम : ..................................... कक्षा : .....

स्कुल : .................................................

ठेगाना : ................................................

अंकजाल ९५ मा सहभागीहरूको संख्या : २५४

गोलाप्रथाबाट विजेता :

सविना सत्याल, कक्षा ८, ओम ज्ञान मन्दिर, लोकन्थली, भक्तपुर

साप्ताहिक झन्को
शुक्रबार, फागुन ४, २०६३

# जबिकको चुम्बन पुजनालाई



सातदोबाटोभन्दा केही परको रमणीय नागदहको किनारामा एउटा रोमान्टिक जोडी डुलिरहेको थियो । उनीहरू आफू एकदमै रोमान्टिक छौं भन्ने दर्साउन खोज्दै थिए । एउटै गीतले युवाहरूको 'आइडियल' भएका गायक जबिक तथा ग्ल्यामर्स छवि बनाएर चर्चा पाइरहेकी नायिका तथा नृत्याङ्गना पुजना भ्यालेन्टाइन डेभन्दा तीन दिनअघि नै नवजोडीले पहिलो 'डेटिङ'मा रमाएझैं देखिन्थे । जबिक अलि बढी लजाइरहेका थिए । पुजना भने उनलाई उक्साइरहेकी थिइन् । पुजनाले जबिकको गालामा आफ्नो ओठले स्पर्श गरिन् । जबिकको मुहार रातो भयो । उनले पनि बल्लतल्ल आँटै गरेर भए पनि पुजनाको गालामा चुम्बन गरे । दुवै जना मीठा गफ गर्दै थिए । आकाशमा बादल लागेको थियो । दहको रमणीय वातावरणमा मौसमले उनीहरूलाई रोमान्टिक हुन चुनौती दिइरहेको थियो ।

पहेंलो स्लिभलेस टिसर्ट लगाएर आएकी पुजनालाई जाडो भएको महसुस जबिकले गरे, तर पुजना पनि पूरै बन्दोबस्तका साथ पुगेकी थिइन् । झट्ट उनले पस्मिनाको सल झिकेर ओढिन् । पुजना भन्दै थिइन्- 'आज बिहान भर्खरै तिम्रो म्युजिक भिडियो हेर्दै थिएँ । भिडियोमा त तिमी निकै म्याचोर्ड देखिएका रहेछौ ।' जबिकले भने- 'मलाई पनि तिमी त्यस्तै हौली भन्ने लागेको थियो ।'

पुजनाले आफ्नो सपनाको राजकुमार खोजेकी छिन् कि छैनन् ? उनले खुलस्त बताइनन्, तर जबिक भन्दै थिए- 'मेरी प्रेमिका छिन् र म यो भ्यालेन्टाइन उनैसँग मनाउँछु ।' त्यसो भए शनिबार उनी पुजानाका साथ के गर्दै थिए त ? मोडलसंसार डटकमका लागि रोमान्टिक तस्बिरहरू खिच्ने क्रममा साइटका संयोजक प्रमोद दासले उनीहरूलाई त्यहाँ पुऱ्याएका थिए । फोटोग्राफर कवीन्द्रमान शाक्य भन्दै थिए- 'रोमान्टिक भएझैं गर न । त्यति पनि सिकाउनुपर्छ ?' पर्सिपल्ट टेलिफोनमा भेटिएका जबिक त्यो दिन सम्झँदै थिए- 'सबै रमाइलो भए पनि किस गर्न भने गाह्रो भयो ।'

## रिजाको चिन्ता



साप्ताहिकको गफै त हो स्तम्भमा प्रकाशित 'सेक्सी रिजा' पढेर गायिका रिजा उप्रेतीलाई धेरै शुभचिन्तकले 'तिमी कहिलेदेखि घमन्डी भयौ ?' भनेर प्रश्न गरेपछि उनी दिक्क भएकी छिन् । साप्ताहिकसँगको कुराकानीमा उनले भनिन्- 'अरू कुरामा त्यस्तो खासै अप्ठयारो परेन, तर कसैले तपाईं भनोस्-नभनोस् आफैं मपाईं भन्ने शब्दावली प्रयोग गरिएकाले उहाँहरूले त्यस्तो भन्नुभएको मैले पाएँ ।' सरल स्वभावकी रिजालाई त्यस अर्थमा प्रस्तुत गर्ने उद्देश्य साप्ताहिकको पनि थिएन । रिजाका अनुसार उनका गीत र गायनशैलीमा सेक्स अपिल रहे पनि व्यक्तिगत जीवनशैलीमा भने त्यसको कुनै प्रभाव छैन । पछिल्लो पटक उनले गाएको गीत 'अँगालोमा बाँध न....' को शब्द-संगीत मात्र होइन, प्रस्तुति पनि आकर्षक भएकाले रिजालाई दर्शक-श्रोताले भने अपिल भएकी गायिकाकै रूपमा चिन्ने गरेका छन् । रिजा भन्छिन्- 'नेपाली गायनको क्षेत्रमा पृथक् परिचय बनाउने क्रममै यो गीत तयार भएको हो । यसकारण दर्शक-श्रोताले पनि यसलाई अन्य अर्थमा लिनुहुन्न भन्ने आशा गरेकी छु ।' रिजाको चिन्ता आफूलाई वास्तविकताभन्दा भिन्न ढंगमा प्रस्तुत गरिएकोमा थियो भने साप्ताहिकको उद्देश्य पनि रिजाको छवि बिगार्नु थिएन !

## विराजको पारिश्रमिक



एक्सन नायकको उपाधि पाएका विराज भट्टको पारिश्रमिक अढाई लाख पुगेको छ । शोभित बस्नेत निर्देशित चलचित्र अग्निपथमा अभिनय गरेपश्चात् चर्चामा आएका विराजले अहिले प्रतिचलचित्र २ लाख ५० हजार पारिश्रमिक लिन थालेका छन् ।

निखिल उप्रेती, दिलीप रायमाझी, रमित ढुंगाना आदि नायकले त्यत्तिकै हाराहारीमा काम गरिरहेको अवस्थामा विराजको पारिश्रमिक पनि दिलीपकै हाराहारीमा पुगेको छ । केही दिनअघि मात्रै एक निर्माता पारिश्रमिकको विषयमा कुरा गर्न जाँदा विराजले २ लाख ५० हजारभन्दा घटीमा काम गर्न सक्दिन भने । निर्माताले आग्रह गर्दै कम पारिश्रमिकमा काम गरिदिन आग्रह गर्दा विराजले भने, मेरो आवश्यकता भएर नै तपाईं यहाँ आउनुभयो, यदि मलाई अभिनय गराउन चाहनुहुन्छ भने पारिश्रमिक पनि मैले चाहेजति नै दिनुहोस् ।' निर्माण पक्षले विराजसँगै केही नभने पनि २ लाख ५० हजारमा त दिलीपलाई नै काम गराउन सकिन्छ नि भनेर सल्लाहसमेत गरेका थिए । पुनः आग्रह गर्दासमेत पारिश्रमिक घटाउने सवालमा टस-मस नभएपछि विराजले भनेजति नै पारिश्रमिक पाएका छन् ।

## चुपचाप पारपाचुके



टेलिभिजन कार्यक्रम प्रस्तोता व्रजेश खनाल तथा रेडियो जंकी एवं टेलिभिजन प्रस्तोता सञ्जु कोइरालाबीचको १२ वर्ष लामो वैवाहिक जीवनको अन्त्य भएको छ । नेपाल टेलिभिजनमा बालबालिकासँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिरहेकी सञ्जु तथा नेपाली ताराका प्रस्तोता व्रजेश खनालबीच गत कात्तिकमा ललितपुर जिल्ला अदालतमा पारपाचुके भएको हो । व्रजेश खनाल टेलिचलचित्र निर्देशक तथा टेलिचलचित्रका नायक पनि हुन् । नेपाली चलचित्रका कथा, पटकथा एवं संवाद लेखकका रूपमा पनि ख्याति कमाएका व्रजेश खनालले रियलिटी सो नेपाली तारा सञ्चालन गरेयता श्रीमती सञ्जुसँग सम्बन्ध बिग्रिएको बताइन्छ । नेपाली तारामा सहभागी हुन आएकी एक युवतीसँग व्रजेशको निकटता भएको आरोपमा दुवैबीच खटपट प्रारम्भ भएको बताइएको छ । यद्यपि केहीले भने व्रजेशकी प्रथम श्रीमती तथा उनका परिवारका कारण सञ्जुसँग सम्बन्ध बिग्रिएको बताएका छन् । पारपाचुकेपछि पनि व्रजेश तथा सञ्जु एक-अर्कालाई भेट्ने गरेका कारण पारपाचुके गर्नुको कारण अर्कै भएको चर्चा पनि चल्ने गरेको छ । व्रजेश र सञ्जुका १० वर्षीया छोरी पनि छिन् ।

# नुवाकोटमा महोत्सवको रमाइलो

### नुवाकोटमा नक्कली राजा



नुवाकोट, दर्शकको भीडको एक छेउबाट एक जना व्यक्तिको आगमन हुनासाथ करिब ७ हजार दर्शकको ध्यान ती व्यक्तिमा पऱ्यो । कम्ब्याट ड्रेसमा एक जना छाता ओढाउने सहयोगीको साथमा भीडलाई नमस्कार गर्दै मञ्चमा जान लागेका उक्त व्यक्तिलाई देखेर एक जना दर्शकले प्वाक्क बोले- 'ओहो, ठ्याक्कै राजा ज्ञानेन्द्रजस्तै पो रहेछन् ।'

अवसर थियो- प्रथम नुवाकोट महोत्सव-२०६३ को अवसरमा आयोजित कार्यक्रमको । राजा बन्ने व्यक्ति थिए- चर्चित हास्य कलाकार मनोज गजुरेल । जनआन्दोलनपछि राजाको क्यारिकेचर सार्वजनिक रूपमा हुन थालेपछि मनोज गजुरेलले दर्शक हँसाउने हतियारका रूपमा यसलाई प्रयोग गर्दै आएका छन् । मनोजले ज्ञानेन्द राजाले जिल्ला भ्रमणका क्रममा गरेका क्रियाकलापहरूको भाषणसहित क्यारिकेचर प्रस्तुत गरेका थिए । यसका साथै उनले गिरिजाप्रसाद कोइराला, माधव नेपाल आदि नेता तथा कलाकारहरूको पनि नक्कल तथा प्यारोडी गीत गाएर दर्शकहरूलाई नचाए ।

सोही कार्यक्रममा नै तीतो सत्यका बेइमान अर्थात् रवि डंगोल र गोपाल नेपाल फिस्टेले पनि ममःपसलको उद्घाटन गर्न आएका नेताको विषयलाई लिएर दर्शकहरूलाई हँसाएका थिए ।

### रमझम दोहोरीको

नुवाकोट महोत्सवका क्रममा आयोजित लोकदोहोरी, परम्परागत नृत्यहरूमा झुम्न गाउँबाट हजारौं दर्शक ओइरिए । दिनभरि परम्परागत लोकगीत तथा लोकनृत्यको प्रस्तुति चाखेर पनि नअघाएका दर्शकहरू बेलुकीको दोहोरीमा आफैं अघि पुगेर नाच्न थाल्थे । 'दिनभरि एकै ठाउँमा बस्दै हेर्दा पनि कस्तो थकाइ नलागेको ? साँच्चै नुवाकोटवासीहरू लोकदोहोरीका निकै भोका रहेछन्,'



लोक तथा दोहोरी गायक बमबहादुर कार्कीले भने- हामीलाई दर्शकको प्यास मेटाउन हम्मेहम्मे परिरहेछ ।

महोत्सवको प्रमुख आकर्षण भनेकै सांस्कृतिक कार्यक्रम बन्यो । दर्शकलाई जुरुक-जुरुक उचाल्न स्थानीयदेखि राष्ट्रिय स्तरको कलाकारको भीड लागेको थियो । लोकदोहोरी तथा हास्यव्यंग्यका गरी दुई दर्जनभन्दा बढी कलाकारको जमघटले महोत्सवमा आएका दर्शकहरूलाई पर्याप्त मनोरञ्जन प्रदान गरेको थियो ।

### सडकमै नेवारी परिकार

सडकको दायाँ-बायाँ थरीथरीका परिकार पाकिरहेछन् । साँझ पर्दै जाँदा मान्छेको भीड पनि बाक्लिंदै गएको छ । यामोरी खाने कि बारा खाने ? ऐला खाने कि छोयला खाने ? थरीथरीका नेवारी परिकार रोजीरोजी खान पाइने । जिल्लामै पहिलो पटक आयोजना गरिएको उक्त फुड फेस्टिबलमा धेरै गैरनेवारले नेवारी परिकारको स्वाद चाख्न पाए ।

हरेक साँझ आयोजना गरिएको फेस्टिबल पाँच बजेदेखि दस बजेसम्म चलेको थियो, जहाँ जिब्रो फड्कारेर स्वादिष्ट खानाको साथ रमाउन चाहने ग्राहकको ओइरो लाग्यो । सधैं सुनसान हुने यी सडकमा गत साताभरि विभिन्न परिकार पाक्यो र सडकमा नै उभिएर खानेहरूको घुइँचो र दिनेलाई भ्याई-नभ्याई भयो । 'निकै स्वादिलो लाग्यो नेवारी परिकार,' टपरीभरि बारा लिएका रसुवाका रमेश न्यौपानेले भने- 'म त अब खोजी-खोजी खान्छु ।'

'कम्तीमा वर्षमा एकपटक फुड फेस्टिबल गर्नैपर्ने रहेछ,' यो फेस्टिबलबाट उत्साहित नेपाल भाषा पुचः त्रिशूलीका अध्यक्ष पुरुषोत्तम शाक्यले भने- 'नेवारी संस्कृति एवं परिकारको प्रचारप्रसारमा यस्ता महोत्सवले निकै सघाउ पुऱ्याउने रहेछ' ।

**–नवदीप अजनबी**

## गैरकलाकारको जीवन्त अभिनय

काठमाडौंका सार्वजनिक हलहरूमा कुनै पनि चलचित्र भवनमा चलचित्रको विशेष प्रदर्शनी हुँदा कलाकारको चुरीफुरी हेर्न लायक हुन्छ । चलचित्र हेर्दै नहेरी एकले अर्कालाई बधाई दिने चलन त पुरानै हो । आफ्नो चलचित्र यस्तो राम्रो भन्न पनि धक मान्दैनन् कलाकारहरू । तर, जय नेपाल हलमा आयोजित अनागरिकको प्रदर्शनका अवसरमा भने कुनै पेसेवर कलाकारको उपस्थिति थिएन । त्यही भएर होला एकले अर्कालाई बधाई दिने औपचारिकता पनि देखिएन । चलचित्र हेर्न पुगेका केही दर्शक भने खासखुस कुरा गर्दै थिए, खै त सुपरस्टार राजेश हमाल अनि बिपना थापा । ती दर्शकले खोजेको अनुहार चलचित्रको प्रदर्शन सकिंदासम्म देखिएन । मूलधारका कलाकारलाई नदेखे पनि अनागरिक हेर्ने दर्शक भने मख्ख पर्दै भन्दै थिए- यस्तो पो नेपाली चलचित्र ! हुन पनि अधिकांश गैरकलाकारले अभिनय गरेको अनागरिक वास्तवमै राम्रो चलचित्र बनेको छ । मूलधारमा बन्ने गरेका परमपरागत सूत्रभन्दा टाढा रहेको उक्त चलचित्रमा लाहुरे परिवारको जीवनको एउटा पाटोलाई प्रस्ट्याउने जमर्को गरिएको छ ।



## गर्फै त हो

नेपाली माल्लिका सेरावत भनेर चर्चा गरिने नायिका पूजना प्रधानको तस्बिरको माग चलचित्र बजारमा बढेको पाइन्छ । जुन कुराको पछिल्लो उदाहरण भएको छ चलचित्र– अभिमन्यु । यो चलचित्रले आफ्नो पोस्टरमा पूजनाको त्यो तस्बिर राखिएको छ जुन तस्बिरसँग सम्बन्धित दृश्य चलचित्रमा छैन । ग्ल्यामरस दृश्यका लागि उच्चकोटीकी कलाकार पूजना थोरै कपडा लगाएर पर्दामा देखिन्छिन् । हिरोबाट सुरु भएको उनको यात्रा अभिनन्युसम्म आइपुग्दा केही विवादास्पद र केही प्रसंसायोग्य बन्यो । आजका मितिसम्म आइपुग्दा उनको चर्चा र माग दुवै छ । अभिमन्युलाई उनको त्यही तस्बिर चाहिनुको रहस्य के छ ? चलचित्रका निर्माता तथा लेखक मौनता श्रेष्ठ भन्छन्- 'पूजनालाई त्यो पोज र ड्रेसअप सुट गरेको छ, अनि हाम्रो पोस्टरलाई पनि ।' त्यसो त उक्त तस्बिरमा पूजना अत्यन्तै ग्ल्यामरस देखिएकी छिन् । साइवर संसार डटकमसंग अनुमति नलिइ प्रयोग गरिएको त्यो तस्बिरमा पूजना नीलो रङ्को थुन चोलीमा छिन् । उक्त तस्बिर अभिमन्युले मात्र होइन, दर्जनौं पत्रपत्रिका तथा टेलिभिजनहरूले समेत प्रयोग गरेका छन् ।

### आखिर पूजनाको त्यही तस्बिर चाहियो !





## केवल एक प्रश्न

### तपाईंलाई महिलाहरूको कुन बानी मन पर्दैन ? किन ?

- हाहाहा... के उत्तर दिने होला ? यस्तो प्रश्न पास गर्न मिल्दैन, मलाई त महिलाहरूको नराम्रो बानी पनि मनपर्छ । पछि सोचेर उत्तर दिन्छु है...वाई ।

**दिनेश डिसी, निर्देशक**

-कस्तो प्रश्न.... एकछिन दिमाग खोतलूँ है, महिलाहरूको .......धेरै छिल्लिने, स-साना कुरामा पनि चिच्याउने, कराउने, कुनै कुरा पनि लुकाउन नसक्ने, फतर-फतर बोलिरहने बानी मलाई मनपर्दैन ।

**आलोक नेम्वाङ**
**म्युजिक भिडियो निर्देशक**

महिलाहरूले बाटोमा थुकेको मन पर्दैन । पहिलो बाटोमा थुक्ने बानी नै नराम्रो, त्यसमाथि महिलाहरूले थुकेको अस्वाभाविक लाग्छ ।

**विधान श्रेष्ठ, गायक**

- थुप्रै छन्, भनूँ... फस्ट, कुनै पनि कुरा स्पष्टसँग भन्न नसक्ने । सेकेन्ड, इच्छा लागेको कुरालाई पनि सुरुमा इन्कार गर्ने, थर्ड, आफ्नो चाहनालाई पुरुषहरूले नै बुझून् भन्ने चाहना राख्ने । ए अनि, अध्ययनहरूले यौनको कुरामा पुरुषभन्दा महिलाहरूको इच्छा बढी भने पनि उनीहरू त्यसलाई व्यक्त गर्दैनन् र त्यसमा पनि पुरुषहरूले नै पहल गर्नुपर्छ ।

**अभिनव कसजु, ग्ल्यामर फोटोग्राफर/इन्टरनेट मिडिया जर्नलिस्ट**

-महिलाहरू धेरै ड्या-ड्या (न्याकिङ) गर्छन् । उनीहरू हरेक कुरामा त्रुटि खोज्छन् । सानो कुरालाई पनि इस्यु बनाउन माहिर हुन्छन् । अनि कम्प्लेन गर्न त भनै खप्पिस ... जुन मलाई मन पर्दैन ।

**आशिफ शाह, भिजे, इमेज च्यानल**

# डुबेका निर्माताहरू



**दिवस गुरागाई**

- चलचित्र संकल्पका निर्माता केदार श्रेष्ठले चलचित्र असफल भएपछि आत्महत्या गरे ।
- चलचित्र ईश्वरका निर्माता तथा निर्देशक नसिबध्वज शाह चलचित्र निर्माणकै क्रममा बेपत्ता भए । दसौं वर्ष बितिसक्दा पनि शाह सम्पर्कमा आउन सकेका छैनन् ।
- चलचित्र मन मेरो मान्दैन तथा चक्रव्यूहका निर्माता केवी क्षेत्री चलचित्रको असफलतापछि न्यूरोडमा सानो होटल सञ्चालन गरेर बसेका छन् ।

नेपाली चलचित्रका एक दर्जनभन्दा बढी निर्माताहरू घरबारविहीन भएका छन् भने एक दर्जनभन्दा बढी निर्माता चलचित्रको असफलतासँगै किराना पसल, म:म पसल सञ्चालन गर्ने हैसियतमा झरेका छन् । केही निर्माता बैंकको ऋण तिर्न नसकेर लिलामीमा परेका छन् । अधिकांश नेपाली चलचित्र निर्माताले लाखौं घाटा बेहोरेका छन् । हालसम्म निर्मित साढे चार सय चलचित्रमध्ये नब्बे प्रतिशतले कमाइ गर्न सकेको पाइदैन भने तीमध्ये सत्तरी प्रतिशत चलचित्र घाटामा छन् । जतिसुकै विचल्लीमा परे पनि निर्माताहरू यो यथार्थ स्वीकार गर्ने पक्षमा भने देखिंदैनन् । हाल न्यूरोडमा सानो होटल सञ्चालन गरिरहेका निर्माता राजकृष्ण आफ्नो यथार्थ प्रकाशमा आए बेइज्जत हुने मान्छन् । उनले निर्माण गरेका दुई चलचित्र आघात र लक्ष्मणरेखा असफल भएपछि उनी होटल सञ्चालक भएका हुन् तर उनी कुनै अर्थमा पनि आफ्नो नाम निर्माताका रूपमा नमुछिदिन अनुरोध गर्छन् । त्यसैगरी चलचित्र के भो लौन निका एक निर्माता तथा निर्देशक अनिस कोइरालाले पनि आफू डुबेको कुरा मरिगए पनि बताउन चाहेनन् । आफ्नो घर लिलाम हुँदा पनि चलचित्रले पुऱ्याएको घाटा स्वीकार्न उनले धक मानिरहे । अन्तमा उनले चलचित्र क्षेत्रमात्र होइन देशै छोडे । हाल उनी जापान पुगेका छन् । त्यसैगरी अर्का निर्माता तथा निर्देशक सागर ढुंगेल पनि चलचित्र क्षेत्र र साथीभाइको सम्पर्कबाहिर छन् । ढुंगेल चलचित्र यस्तै हुन्छ पिरतीबाट डुबेका हुन् ।

प्रचार-प्रसारलाई पत्याउने हो भने दर्जनौं नेपाली चलचित्रले प्रदर्शनको ५१ औं दिन मनाएका छन् । निर्माताहरूले आफ्नो चलचित्र घाटामा गएको अनुभव अक्सर सुनाउने गरेका छैनन् भने धेरैजसो निर्माताले चलचित्र निर्माणलाई निरन्तरता दिन पनि सकेका छैनन् । प्रत्येक वर्ष नयाँ निर्माताको प्रवेश हुन्छ । उत्साह बोकेर प्रवेश गर्ने त्यस्ता निर्माताहरू निराश भएर फर्किएका उदाहरण प्रशस्तै छन् । यथार्थभन्दा पनि सपनाको महल खडा गर्नाले नयाँ निर्माताहरू यो क्षेत्रमा प्रवेश गर्ने गरेको मत विश्लेषकहरूको छ ।

नेपाली चलचित्रमा लगानी गर्न केही उद्योगपति पनि आकर्षित भएको पाइन्छ । चौधरी ग्रुपका विनोद चौधरी, विजय धारीवालदेखि सुशील धनावतजस्ता उद्योगपति-व्यवसायीहरूले पनि नेपाली चलचित्रमा लगानी गरे तर लगानी नफर्किएपछि उनीहरू सधैका लागि पाखा लागे ।



## यस्ता पनि निर्माता छन्

केही निर्माता यस्ता पनि छन् जसले चलचित्रमा लगानी गरेर आम्दानी गरेका छन् । यसरी कमाउने निर्माताको सूचीमा श्रवण घिमिरे सबैभन्दा अगाडि छन् । घिमिरेले चलचित्र दर्पणछायाँबाट अढाई करोड कमाएका थिए । त्यसैगरी भुवन केसी (करोडपति, सुपर स्टार), अशोक शर्मा (अल्लारे), महजोडी, किरण केसी (... बद्री), केशव भट्टराई (आफ्नो मान्छे), टंक लम्साल (अर्जुन), रामकृष्ण बजगाई (ठूल्दाइ) कमाउने निर्माताको सूचीमा पर्छन् । त्यसैगरी एक दर्जनभन्दा बढी चलचित्र निर्माण गरिसक्ने निर्माता-निर्देशक युवराज लामा हालसम्म एक करोड बीस लाख घाटा सहनुपरेको कुरा हाक्काहाकी बताउँछन् ।

## नफर्किएका निर्माताहरू



| निर्माता | असफल चलचित्र | घाटा अनुमान |
|---|---|---|
| सुशील चौगाईं | धनसम्पत्ति/उपहार | १ करोडभन्दा बढी |
| विष्णुगोपाल श्रेष्ठ | राँको | ५० लाख |
| नीर शाह | गुरु-चेला/वसन्ती | ५० लाख जति |
| दिलीप पौडेल | ज्वाला/जीवनसंघर्ष | २० लाख जति |
| सुशीला रायमाझी | धनसम्पत्ति | २० लाख जति |
| केपी पाठक | गाजल | १५ लाख |
| अनिस कोइराला | के भो लौन नि | १० लाख |
| यादव खरेल | हत्तेरी लगायत केही | लाखौं |
| विनोद चौधरी | वासुदेव | लाखौं |
| विजय धारिवाल | हामी एक हौं/टाइगर | लाखौं |
| सुशील धनावत | सौभाग्य | लाखौं |
| प्रकाश टिबडेवाल | जन्म-जन्म | लाखौं |

*(यस्ता निर्माताको फेहरिस्त निकै लामो हुनसक्छ)*

आफ्नो चलचित्रले कति कमाइ गऱ्यो वा कति घाटा पऱ्यो भन्ने कुरा स्वीकार नगरे पनि उनीहरूको जीवनशैलीमा देखिएको परिवर्तनले सहजै अनुमान गर्न सकिन्छ अधिकांश निर्माता डुबेका छन् । त्यसैले पनि हिसाब निकाल्न गाह्रो पर्दैन । पाँच-दस लाख नै डुब्दा पनि गाँस-वासको समस्या देखिने निर्माताहरूको संख्या पनि उत्तिकै पाइन्छ ।

# लभगुरु रेखा







**प्रश्न : म १२ कक्षाको विद्यार्थी हुँ । म आफ्नो कक्षामा सधैं अब्बल रहँदै आएको छु । मेरा थुप्रै केटा–केटी साथी छन् । विगत केही महिनायता मेरो मन बेचैन रहन थालेको छ । यसको कारण मेरी एउटी साथी हुन् । ती केटी साथीको एउटा सिनियर छात्रसँग सम्बन्ध रहँदै आएको छ । उनी मेरो अगाडि त्यो युवकको प्रशंसा गर्छिन्, जसले मलाई विचलित गर्छ । म ती कुरा सुन्न सक्दिनँ ? मलाई यस्तो किन हुन्छ ? मैले उनीसमक्ष प्रेम प्रस्ताव राखेको पनि छैन, तर म चाहन्छु ती मेरी साथी उक्त युवकसँग नबोलून् । यो कुरा पनि मैले उनलाई भन्न सकेको छैन । मेरो मनमा त्यो युवकप्रति ईर्ष्या छ । यस्तै घटनाका कारण मैले आफ्नो पढाइमा ध्यान केन्द्रित गर्न सकेको छैन ।**

**–सुजन**

उत्तर : तपाईं किशोरावस्थामा देखा पर्ने स्वाभाविक आकर्षणको सिकार हुनुभएको छ । यस्तो अवस्थामा कतिपयले आफ्नो भावना आफूलाई मन परेकी युवतीसमक्ष व्यक्त गर्न सक्दैनन । यद्यपि उनीहरू ती युवतीले आफूप्रति ध्यान दिऊन्, अरूको चासो नलिऊन् भन्ने चाहन्छन् । उनले अरूसँग बोलेको, आफ्नो वास्ता नगरेको जस्ता कुरा उनीहरू सहन सक्दैनन् । यो आकर्षण एउटा निश्चित उमेरसम्म मात्र कायम रहन्छ । त्यसपछि तपाईंले अहिलेका घटना सम्झनुभयो भने आफ्नो अहिलेको व्यवहार केटाकेटीपनजस्तो मात्र लाग्दैन, आफैंप्रति लाज पनि लागेर आउँछ । तपाईंको अहिलेको समस्याको समाधान आफैंप्रति ध्यान केन्द्रित गर्नु हुनसक्छ । उनका बारेमा सोच्न तथा उनका गतिविधिमा ध्यान दिन छोड्नुहोस् । उनीसँग जति कम बोल्नु वा व्यवहार गर्नुहुन्छ तपाईंको ध्यान उनीबाट हट्दै जान्छ । उनले त्यो केटाको प्रशंसा गरेको सुन्दै नसुन्नु वा त्यस्तो प्रसङ्ग चल्नेबित्तिकै त्यहाँबाट हिंड्नु समस्या समाधानको एउटा उपाय हुनसक्छ । यस्ता कुरै नसुने ईर्ष्या, जलनजस्ता कुरा पनि आफैं हटेर जानेछन् । आफ्नो अध्ययद्धनमा ध्यान केन्द्रित गर्नुहोस्, साथै आफ्ना अरू प्राथमिकताहरूमा मन लगाउनुहोस ।

**पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं । आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनुहोस् । ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय–सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ । यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन । आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला ।**



# फिल्मी खबर

-काठमाडौं उपत्यकामा एकाउन्न दिन मनाउन सफल नेपाली टार्जन मुबी 'जंगली मान्छे' उपत्यकाबाहिरका चलचित्र भवनहरूमा प्रदर्शन भैरहेको छ। रामराजा दाहालको निर्देशन तथा बीएस बलामीको निर्माण रहेको उक्त चलचित्रमा कन्हैया सिंहले संगीत दिएका छन् भने चलचित्रमा सुनील थापा, नन्दिता केसी, गीता शाही आदि कलाकारले अभिनय गरेका छन्। निर्माता बलामी तथा निर्देशक दाहाल अब अर्को चलचित्रको निर्माणमा जुटेका छन्।

-वर्ष ०६३ कै सबैभन्दा बढी लगानी गरी तयार भएको चलचित्र 'क्रोध'ले प्रदर्शनको ५१ औं दिन पूरा गरेको छ। उक्त अवसरमा राजधानीको विश्वज्योति चलचित्र भवनमा एक कार्यक्रमको आयोजना गर्दै चलचित्रको सफलतासँग सम्बन्धित कलाकार, प्राविधिक तथा अन्यलाई प्रमाणपत्र तथा ट्रफी वितरण गरिएको थियो। आकाश अधिकारीको कथा, निर्माण एवं निर्देशनमा प्रदर्शन भएको उक्त चलचित्रमा निखिल उप्रेती, आकाश अधिकारी, धीरेन शाक्य, जल शाह, रेखा थापा, उषा पौडेल, दिनेश शर्मा आदि कलाकारले अभिनय गरेका छन्। यसबीच तीन वर्षअघि नायक लोकेन कार्की तथा मनीष खड्काले संयुक्त रूपमा निर्माण गर्ने घोषणा गरेको चलचित्र 'शासन'को निर्देशन गर्ने अभिभारा निर्देशक आकाश अधिकारीले पाएका छन्। उक्त चलचित्रका लागि शम्भुजित बासकोटाको संगीतमा गीत रेकर्डिङ भैसकेको छ।

फागुन अंकको नारी बजारमा उपलब्ध छ







# चलचित्र

## भाग्यविधाता



मोफसलमा आज शुक्रबारदेखि चलचित्र 'भाग्यविधाता' प्रदर्शन हुँदैछ। निकै समयअघि तयार गरेर राखिएको भाग्यविधाताको निर्देशन दयाराम दाहालले गरेका हुन्। पोखरा, दमक, नारायणघाट आदि पाँच स्थानबाट प्रदर्शन गरिने यो चलचित्रका निर्माता चिरञ्जीवी बस्नेत हुन्। चलचित्रको कथा के छ त ? निर्माण पक्षले भन्यो– माया-पिरती र मिलन-विछोड लेखिदिनुस् न ! चलचित्रमा द्वन्द्वका दृश्य पनि महत्त्वका साथ राखिएका छन्। भाग्यविधातामा राजेश हमाल, निखिल उप्रेती, अमृतजङ बस्नेत, सञ्चिता लुइँटेल, सज्जा मैनाली आदि कलाकारले अभिनय गरेका छन्। शम्भुजित बास्कोटाको संगीत, डिक खड्काको छायाङ्कन तथा तारा थापाको सम्पादन रहेको यो चलचित्र मोफसलपछि मात्रै राजधानी छिर्नेछ।

## एकलव्य-दि रोयल गार्ड




बलिउड चलचित्र उद्योगमा आज शुक्रबार एकलव्य-दि रोयल गार्ड सार्वजनिक हुँदैछ। अमिताभ बच्चनले शीर्ष भूमिका निर्वाह गरेको यो चलचित्रले राम्रो व्यापार गर्न सक्ने अनुमान समीक्षकहरूको छ। यो चलचित्रमा एकीकृत भारत स्थापना हुनुअघि सयौंको संख्यामा रहेका रजौटाहरूको जीवनशैलीलाई पर्दामा उतार्ने प्रयास गरिएको छ। चलचित्र एकलव्य द रोयल गार्डमा राजस्थानको देविगढमा एकलव्यका नवौं पुस्ताले राज्यको सुरक्षाको जिम्मेबारी वहन गर्दै आएको कथा प्रस्तुत गरिएको छ तर अहिले त्यहाँ राजा छैनन्। राजमहल र राज्यको सुरक्षाको जिम्मेवारी लिएका एकलव्य दक्ष निसानेवाज हुन्छन्। उमेरले पनि वृद्ध भएका एकलव्यको बफादारिताको वरिपरिका राज्यमा समेत प्रशंसा हुन्छ। महारानीको मृत्युपछि लन्डनमा रहेका राजकुमार सैफअलि खान राज्य सम्हाल्न आउँछन्। उनी आएको केही समय राज्यमा खुसी छाए पनि पछि अनेकौं संकट देखा पर्छन्। विनोद चोपडा प्रोडक्सनको ब्यानरमा निर्माण भएको यो चलचित्रमा सञ्जय दत्त, जैकी श्राफ, विद्या वालन, शर्मिला टैगोर, बोमन इरानी, जिम्मी सेरगिल, रिमा सेन आदिले अभिनय गरेका छन्। चलचित्रका निर्देशक विधुवनोद चोपडा हुन्। एक्सन, रोमान्स तथा ऐतिहासिक कथावस्तुमा आधारित यो चलचित्रको छायांकन राजस्थानलगायत भारतका अन्य केही भागमा समेत गरिएको छ।

## हन्निबल राइजिङ

हलिउड चलचित्र उद्योगमा यो साता चलचित्र हन्निबल राइजिङ सार्वजनिक भएको छ। बक्स अफिसमा दोस्रो स्थानमा रहेर व्यापार गरिरहेको यो चलचित्रमा सस्पेन्स/हरर, थ्रिलर, एडप्सन तथा सिक्वेल सिन छन्। दोस्रो विश्वयुद्ध अन्तिम अवस्थामा पुगेको समयको पूर्वी युरोपको जीवनशैली यो चलचित्रको मुख्य कथावस्तु हो। चलचित्रमा अभिनेता ग्यासपार्ड युलियलले प्रमुख पात्र हन्निबलको भूमिकामा अभिनय गरेका छन्। हन्निबल सानै छँदा उनका बाबुआमाको मृत्यु हुन्छ। उनकी दिदीले आफ्नै प्रयासले हन्निबललाई हुर्काउँछिन्। टुहुराको स्थिति कस्तो हुन्छ भन्ने विषयलाई पनि चलचित्रले प्रस्ट्याउन खोजेको छ। हन्निबल युवा भएपछि पेरिस जान्छन्। पेरिसमा बस्दै आएका काकाको मृत्यु भएको खबर आएपछि उनी त्यहाँ पुगेका हुन्छन्। जहाँ उनले विधवा जापानी काकीलाई भेट्छन्। चलचित्रमा अपराधीहरूको श्रृङ्खलाबद्ध हत्याका घटनालाई सस्पेन्सका साथ प्रस्तुत गरिएको छ। दुई घन्टाको यो चलचित्रको निर्माण संयुक्त राज्य अमेरिकामा भएको हो भने छायांकन लिथुनिया, फ्रान्स तथा चेक रिपब्लिकमा गरिएको छ।

# रकमान्डुले घन्कायो काठमाडौं




काठमाडौं- रितेश क्रिश अर्थात् एक्लो इभेन्ट म्यानेज्मेन्ट कम्पनीका एक्ला इभेन्ट म्यानेजर। रितेशको आयोजना तथा व्यवस्थापनमा गत शनिबार काठमाडौं उपत्यकाको भृकुटी मण्डपस्थित बगैंचामा रकगीतहरूको एउटा रमाइलो सांगीतिक मेला सम्पन्न भयो। उपत्यकामा बादल लागेकाले चिसो बढेको थियो तर उपस्थित युवा दर्शकहरूलाई 'रकमान्डु' शीर्षकको उक्त रक कन्सर्टले तातायो। कान्तिपुर टेलिभिजनकको दैनिक कार्यक्रम 'कल कान्तिपुर' का सुरजसिंह ठकुरीले सञ्चालन गरेको उक्त कार्यक्रमको प्रारम्भमा रक ब्यान्ड 'दृश्य' ले आफ्ना गीतहरू सुनायो। उक्त रक समूहका एक सदस्य अर्थात् दस वर्षको फुच्चे केटो विजय के मानन्धरले ड्रमसेट बजाउँदा दर्शकहरू आश्चर्य चकित भएका थिए।

अझ उनले ड्रमसेट बजाउँदै केही अंग्रेजी गीत गाएपछि दर्शकहरू औंला टोक्न थाले। त्यसपछि छोटो समयमै चर्चा पाएका गायक दिव्य सुब्बा आफ्नो स्लो रक गीत 'पश्चात्ताप' का साथ प्रस्तुत भए। राजधानीका कन्सर्टमा पहिलो पटक प्रस्तुत भएका दिव्यको 'क्रेज' दर्शकहरूमा निकै रहेछ भन्ने प्रस्ट देखियो। त्यसपछि गायिका पूजा राई आफ्नो 'रकिङ स्टाइल' मा प्रस्तुत भइन्। इम्पल्स २१, द स्याडोज, एक्स मन्त्र, भीषण योञ्जन र मात्र एउटा गीत गाएर चर्चाको शिखरमा रहेका जबिकका गीतका कारण पाँच घन्टा बितेको पत्तै भएन। कन्सर्टकै क्रममा गायक फिरोज सिंहको पहिलो एल्बम 'लाइफ' रक समूह १९७४ एडीका सदस्यहरूको हातबाट विमोचन गरियो। उक्त कन्सर्टमार्फत् राजधानीका युवा दर्शकहरूले धेरै पछि प्रत्यक्ष संगीतको मज्जा लिन पाए।

# सानो पर्दा



-नेपाल टेलिभिजनमा रामप्रसाद खनालले सञ्चालन गर्ने लोकदोहोरीको कार्यक्रम 'लोकलहरी'को सञ्चालन हाल लोकगायक बद्री पंगेनीले गरिरहेका छन्। उनले कार्यक्रम विगतको जस्तो बनाउन नसकेको गुनासोका सम्बन्धमा पंगेनी भन्छन्- 'त्यतिबेला खनालले नेपाल टेलिभिजनका सबै स्रोत-साधनहरू प्रयोग गरेर कार्यक्रममा स्तरीयता दिन खोज्थे भने अहिले मिडिया हबको प्रस्तुतिमा मात्र दस हजार रुपैयाँमा आफैंले स्रोत-साधन जुटाउनुपर्ने बाध्यता छ।' कृष्ण फिल्म्सले निर्माण गरिरहेको एवं बिहीबार साँझ ७:२५ मा प्रसारण हुने उक्त कार्यक्रममा देशका विभिन्न स्थानका नयाँ प्रतिभालाई अवसर दिइन्छ।

-नेपाल टेलिभिजनमाबाट बौद्ध ग्रन्थमा आधारित बृहद् टेलिश्रृंखला 'पाइला' को प्रसारण हुन थालेको छ। सिने सारथीद्वारा निर्माण गरिएको उक्त श्रृंखलामा बौद्ध कथाका पात्रहरूलाई प्रस्तुत गरिएको छ। परिक्षित, आम्रपाली, अंगुलीमाल, अजातशत्रु आदिका कथा उक्त श्रृंखलामा हेर्न पाइनेछ। मिडिया हबद्वारा प्रस्तुत श्रृंखला 'पाइला' का निर्माता तथा निर्देशक डीआर खरेल हुन्। प्रदीप भारद्वाजको लेखन, उमेश श्रेष्ठको छायाङ्कन, अनिल गौतमको सम्पादन तथा राहुल प्रधानको संगीतमा विर्माण भएको यो श्रृंखला हरेक शुक्रबार राति ८:४० बजे प्रसारण हुँदै आएको छ। टेलिश्रृंखला पाइला १ सय ५६ भाग लामो छ।

-'इन्डी मिक्स ब्याग' की सञ्चालिका निशा अधिकारीले कान्तिपुर च्यानल छाडेपछि उक्त कार्यक्रम हाल राहुल मोक्तानले सञ्चालन गर्न थालेका छन्। निशाले अभिनय गरिरहेको तथा कान्तिपुर च्यानलबाट प्रसारण हुने हास्य श्रृंखला 'घरभेटी बा' मा भने उनको संलग्नता यथावत् छ। कार्यक्रम 'इन्डी मिक्स ब्याग' हरेक शनिबार बेलुकी साढे दस बजे प्रसारण हुँदै आएको छ।

-नेपाल टेलिभिजनबाट हरेक शनिबार राति सवा नौ बजे प्रसारण हुने टेलिश्रृंखला 'सिन्दूर' को निर्माण व्यवस्थापक गोपाल अधिकारीले जानकारी गराएअनुसार उक्त श्रृंखलाको निर्माण प्रसारण भएको श्रृंखलाभन्दा पाँच भाग बढी गरिनेछ। १९ भाग प्रसारण भैसकेको उक्त श्रृंखलाको २५ भागसम्मको निर्माण यसै साता सकिएको छ। बन्द, हड्ताल आदिका कारण छायाङ्कनमा समस्या हुने गरेकाले मौका मिले अरू थप भाग पनि छायाङ्कन गरी तयार पारिराख्ने कुरा अधिकारीले बताए। टेलिभिजनका विभिन्न टेलिश्रृंखलामा चरित्र अभिनेत्रीको भूमिका निर्वाह गर्ने गरेकी प्रज्ञा जोशीद्वारा निर्माण गरिएको पारिवारिक टेलिश्रृंखला 'सिन्दूर' का निर्देशक योगेश घिमिरे हुन्। श्रृंखलामा सुमन सिंह, गरिमा पन्त, हेमन्त बुढाथोकी, मुनाल घिमिरे, अञ्जु केसी तथा निर्मात्री जोशीले मुख्य चरित्र निर्वाह गरेका छन्।

# टोकन अफ लभमा बाँस

विराटनगर– तामा र पित्तलका मूर्ति अनि स्टिलका आकर्षक उपहारका दिन अब गए। यति बेला पूर्वमा यी वस्तुको ठाउँ बाँसले लिएको छ। हो, बाँसका ठुटाबाट निर्माण गरिएका आकर्षक सामान यतिबेला टोकन अफ लभ, मायाको चिनो, उपहार बनिरहेका छन्। मनोरञ्जनका कार्यक्रम हुन् वा खेलकुद प्रतियोगिता, इष्टमित्रलाई उपहार दिंदा होस् वा विदेशतिर पठाउँदा बाँसकलाको उपयोग बढेको छ। इटहरी, धरान, विराटनगर आदि सहरमा बाँसकलाको उत्पादन व्यावसायिक रूपमा हुन थालेको छ। सस्तो र स्थानीय सीप एंव अनौठो लाग्ने भएकाले बाँसकलाले लोकप्रियता हासिल गरेको हो कलाकार रोजन राई भन्छन्– वर्ष दिनअघिसम्म सौखका रूपमा बनाउन लगाइने बाँसकला अब व्यावसायिक हुन थालेको छ।' स्टिल, पितल तथा तामाको भन्दा आधा सस्तो पर्ने यो कला पूर्वमा मात्र नभएर भारत, हङकङसम्म निर्यात हुने गरेको छ।

आफ्नो गृहनगरको भ्रमणताका आफ्नै निवासमा आयोजित एक कार्यक्रममा बाँसद्वारा निर्माण गरिएको कलाबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला पनि निकै प्रभावित भए। 'केबाट बनेको ?' 'के हो यो ?' अनि 'कसरी बनाइयो ?' जस्ता यावत् प्रश्न कोइरालाले कार्यक्रमका आयोजकसँग सोधेका थिए। पछि कार्यक्रमको समापनसँगै आफैंलाई उपहार दिएपछि कोइरालाले कोइराला निवास विराटनगरमा बाँसकला बडो जतनका साथ राखेका छन्।

'बाँसबाट पनि यति राम्रो चीज बन्ने रहेछ !' प्रधानमन्त्री कोइरालाले कलाकार रोजन राईसँग सोधे- 'धेरै मेहनत लाग्छ होला ?' राईले धातुका सामानभन्दा बढी समय लाग्ने भए पनि मेहनत कम लाग्ने जानकारी गराए। बाँसकलाको लोकप्रियता अहिले मायाको चिनो वा उपहारमा मात्र सीमित छैन। घर सजाउन पनि प्रशस्तै प्रयोग गरिन्छ। इटहरी, धरान, विराटनगर, दमक आदि सहरमा बाँसका कला बनाउनेहरूको संख्या सय नाघिसकेको छ। मागअनुसार बनाइने हुँदा घाटा हुँदैन, कलाकार राई भन्छन्- 'नयाँ वस्तुको रूपमा पाउँदा सबै दंग पर्छन्।'

# पोखरामा रातभर डान्सपार्टी




पोखरा– लेकसाइडको वातावरण चिसो थियो, तैपनि बैंसालु युवतीहरू खुला तथा फेसनेबल पहिरनमा पालैपालो क्लब प्याराडिसोमा ओइरिरहेका थिए। साँझको सात बजेको संकेत मिल्नेबित्तिकै क्लबभित्र सांगीतिक धुन गुन्जियो। त्यसपछि के चाहियो र ! तन्नेरीहरू एकसाथ चिच्याए– इन्जोय प्लिज। बिस्तारै-बिस्तारै डान्सपार्टीको वातावरण जम्दै गयो। डिस्को पारखीहरूको आउने क्रम जारी नै थियो। यति जाडोमा छोटो पहिरनमा मस्किरहेका युवतीहरू आफूलाई काबुमा राख्ने प्रयास गरिरहेका थिए। संगीतको तालले उनीहरूलाई मदहोश बनाइरहेको थियो।

डान्सपार्टी तातिँदै जाँदा चिसोको अनुभूति कसैलाई भएन। बरु गर्मीकै महसुस गर्दै तन्नेरीहरू आफूले लगाएका कपडासमेत उतार्न थाले भने केही अँगालोमा बेरिए। ब्याक टु ब्याक नामकरण गरिएको डान्सपार्टीलाई उत्तेजित पार्न असिनपसिन थिए विनर वार अफ द डिजेको उपाधि पाएका चर्चित डिजे बी म्यान।

पोखरेली डान्सपारखीहरूको आकांक्षा बुझेर पनि होला डिजे बिम्यान पनि मच्चिँदै नेपाली, अङ्ग्रेजी, हिन्दी गीतहरू रिमिक्स गर्दै पार्टीको रंग बढाउन उदत्त थिए। रातको १२ बजेसम्म पनि तन्नेरीहरूको आगमन जारी थियो। त्यसपछि त क्लब परिसर अझ बढी ठेलमठेल हुन पुग्यो।

पोखराका सेलिब्रेटी, व्यापारी मात्र होइन, यहाँका चर्चित मोडलहरू पनि डान्सपार्टीको मज्जा लिइरहेका थिए। रातको ठीक २ बजे डिजेले ननस्टप घुमाएको चक्का एक्कासी थामियो। नाचिरहेकाहरू हुटिङ गर्न थाले– वन्स मोर, तर रात धेरै बितिसकेकाले डिजेको चक्का घुम्न सकेन। एक वर्षअघि पार्टी नेपालले डिजे राजुलाई लिएर विन्टर सेक शीर्षकमा यस्तै कार्यक्रम सम्पन्न गरेको थियो।

**–शिव शर्मा**

# द्वन्द्वमा वृत्तचित्र

नम फिल्म प्रा.लि. को प्रस्तुति तथा रामशरण पाठकको लेखन एवं निर्देशनमा तयार पारिएको दैलो (द डोर वे) नामक संवादविहीन लघुवृत्तचित्र सार्वजनिक भएको छ। संवादविहीन यो वृत्तचित्रमा एउटा यस्तो गाउँ देखाइएको छ जसले सम्पूर्ण नेपालको प्रतिनिधित्व गरेको छ। वृत्तचित्रमा उक्त गाउँलाई युवाविहीन देखाइएको छ।

वृत्तचित्रमा वृद्धालाई सधवा तथा युवतीहरूलाई विधवाका रूपमा उभ्याइएको छ। एउटी महिला बिहान उठेर घरबाट पँधेरामा पानी लिन जाँदा लासलाई नाघेर जान्छिन्। उनी उक्त लासको वास्ता गर्दिनन्। ती महिलाहरू मृत्यु एवं लाससँग अभ्यस्त देखिन्छन्। काम गर्न सक्ने अन्य युवाको अभावमा महिला हलो जोत्ने, अन्तेष्ठी कार्यक्रममा भाग लिने खालका कारुणिक दृश्यले दर्शकको मन छुन्छ। 'करिब डेढ वर्ष लगाएर हामीले यो लघुवृत्तचित्र बनाएका हौं, लेखक तथा निर्देशक रामशरण पाठक भन्छन्- बीस मिनेटको यो वृत्तचित्रले बिना संवाद धेरै सन्देश दिनु चानचुने कुरा होइन। हामीले वृत्तचित्रको माध्यमद्वारा नेपालको वर्तमान अवस्थाका सम्बन्धमा चेतना फैलाएका छौं। युवा वर्गलाई लक्षित गरिएको उक्त वृक्तचित्रमा युवालाई वर्तमान राजनैतिक परिवर्तनको प्रक्रियाप्रति सचेत बनाउने प्रयास गरिएको छ।

# गजल डकुमेन्ट्री

इटहरी- गजलबाट कला वृत्तचित्र ? सुन्दै अचम्म लाग्छ तर कवि मनु मञ्जिलको संग्रह 'आँधीको आवेग' मा संकलित एक रचनालाई राजेन्द्र सलभले कथा बनाएर झन्डै आधा घण्टाको वृत्तचित्र निर्माण गरेका छन्। वाणी प्रकाशन, विराटनगरले दुई वर्षअघि प्रकाशित गरेको कृतिमा उल्लेखित 'उनी जीवनको रंगले कविता लेख्छिन्' शीर्षकको कवितामा आधारित रहेर २८ मिनेटको वृत्तचित्र निर्माण गरिएको हो।

बाहिर काम गर्ने महिलाभन्दा घरमै रहेर सौन्दर्य र ओज दिने नारीबाट एउटा पुरुषमा कसरी कामप्रतिको लगाव दोब्बर बढ्छ र प्रगति हुन्छ भन्ने अभिव्यक्ति कवितामा छ। गृहणीको मुस्कानले घर र श्रीमान्लाई जागरूक गराएको आमगृहणीको भावना यसमा छ। 'मसँग कला चलचित्र बनाउने भनेर कविताको अधिकार मागिएको थियो,' कवि मञ्जिलले भने– 'मैले विना पारिश्रमिक स्वीकार गरें।'

'कवितामा आधारित रहेर वृत्तचित्र !' मञ्जिलले भने– 'सुरुमा त मलाई विश्वासै लागेन, कविताबाट कुनै चलचित्र बन्न सक्छ भनेर मैले पत्याइनँ तर सलभले कवितामा कथाको अंश पाएकाले यसैमा आधारित रहेर बनाउँछु भनेपछि जे होस् भनेर स्वीकृत दिए।'

**शंकर खरेल**

# शिखर म्युजिक अपडेट

SHIKHAR MUSIC
SHIKHAR
Safalta ko life
STATUTORY DIRECTIVE: SMOKING IS INJURIOUS TO HEALTH

## साताको स्वर



### धर्मेन्द्र सेवान

**रंग-रंग... कस्तो प्रकारको गीत हो ?**
-यो स्लो-मोर्डन रक गीत हो । यसमा जिन्दगी जिउनका लागि जीवनको रंग थपिदिन कसैसँग आग्रह गरिएको छ ।

**यो गीतको प्रारम्भिक प्रतिक्रिया कस्तो पाउनुभएको छ ?**
- राम्रो पाएको छु, भोकल टोन पनि युनिक मानिएको छ । शब्द, संगीत मेलोडियस छ ।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**
- जीवनको रंग थपिदिन प्रेमिकासँग आग्रह गरिएको भावमा म्युजिक भिडियो तयार भएको छ । भिडियोलाई पनि दर्शकहरूले मन पराउनुहुन्छ भन्ने आशा गरेको छु ।

**यो गीत लोकप्रिय हुन्छ भन्ने आधार के छ ?**
-शब्द, संगीत र स्वरको मीठो संगम भएकाले दर्शक-श्रोताले छिट्टै टिप्न सक्नुहुन्छ । त्यस्तै पश्चिमी संगीतमा लोकप्रिय ब्लुज संगीतलाई पनि यो गीतमा प्रयोग गरिएको छ ।

-जनविकास सरोकार केन्द्रद्वारा आयोजित 'राष्ट्रिय अभिनन्दन २०६३' मा गायक विपिन शर्माको जातीय छुवाछूतविरुद्ध 'केही चल्दैन' नामक गीतिसंग्रह विमोचन भएको छ । जातीय छुवाछूतविरुद्धको अभियान सभ्यताको प्रतीक भएको कार्यक्रमका अतिथि राष्ट्रकवि माधवप्रसाद घिमिरेले बताए । उक्त संग्रहको साइड 'ए' मा गायिका सिन्धु मल्ल तथा साइड 'बी'मा लक्ष्मी न्यौपानेले साथ दिएका छन् । रञ्जना क्यासेट सेन्टरले बजारमा ल्याएको उक्त गीतिसंग्रहको २ हजार प्रतिबाट प्राप्त हुने सम्पूर्ण रकम जनआन्दोलन २ का सहिद परिवारका बालबच्चाहरूको पठनपाठनका लागि प्रदान गरिने कुरा सार्वजनिक गरिएको छ ।

-एचआईभी र लागूपदार्थ दुर्व्यसनका बारेमा गीत तयार पारेर एल्बम निकाल्ने तयारीमा रहेका गायक सुमन कार्की लुटेराहरूको समूहबाट लुटिनुका साथै सख्त घाइते पनि भएका छन् । तत्काल पाटन अस्पतालमा भर्ना भएका कार्कीको अवस्था हाल सामान्य भए पनि उनको टाउकोमा १३ टाँका लगाउनुका साथै छिनिने अवस्थामा रहेको कान्छी औंलाको शल्यक्रिया पनि गरिएको छ । लुटिएको ७० हजार भोलिपल्ट रेकर्डिङका लागि स्टुडियोमा जम्मा गर्न त्यही दिन बैंकबाट निकालेको कार्की बताउँछन् ।

-पप गायक ओमविक्रम विष्टमाथि तयार गरिएको वृत्तचित्र ओमविक्रमलाई यसका निर्माता-निर्देशक धीरज राईले अस्ट्रेलिया पुऱ्याएका छन् । राईका अनुसार अस्ट्रेलियाको मेलबर्नमा प्रदर्शन गरिएको डकुमेन्ट्री ओमविक्रम.... हेर्न पाँच सय दर्शक जम्मा भएका थिए । दसदिने अस्ट्रेलिया बसाइपछि केही दिनअघि राजधानी आएका धीरजले थपे- डकुमेन्ट्रीको क्लाइमेक्सले धेरैको आँसु झारिदियो । धीरज डकुमेन्ट्रीका साथै सांगीतिक कार्यक्रम प्रस्तुत गर्न अस्ट्रेलियामा गएका थिए । उनलाई गायिका प्रीति कौरले साथ दिएकी थिइन् । मेलवर्न तथा सिड्नीमा आयोजित उक्त कार्यक्रममा धीरजले आफ्ना सबैजसो लोकप्रिय गीत गाएका थिए । २५ हजार नेपाली बसोबास गर्ने सिड्नीमा एक हजारभन्दा बढी दर्शक जम्मा भएको गायक धीरजले बताए । गायिका कौरका अनुसार उनका गीतमा राम्रो रेस्पोन्स आयो भने दुवै कार्यक्रममा धीरजले एउटा गीत तीन-तीन पटक गाउनुपरेको थियो । डकुमेन्ट्री ओमविक्रम प्रदर्शन गर्न राई अब अमेरिका र युरोप जाने सुरमा छन् ।




गीतकारको हस्ताक्षर : साप्ताहिकका पोखरा प्रतिनिधि शिव शर्माको गीतिसंग्रह विरहका प्रलापहरु पुस्तकमा हस्ताक्षर गराउँदै स्थानीय मोडलहरु। तस्बिर : ईश्वरी न्यौपाने

-काठमाडौंको वनस्थलीस्थित सडकपेटीमा गत शनिबार दिनभरिजसो शास्त्रीय संगीत बजिरह्यो । उक्त कार्यक्रम स्थानीय श्रीकृष्ण गुरुकुल संगीत पाठशालाले आफ्नो दोस्रो वार्षिकोत्सवका अवसरमा आयोजना गरेको थियो । आनी छोइङ डोल्माले गाएको 'ओम माने पेमे' गीतलाई गायिका रीता थापाले गाएपछि प्रारम्भ भएको उक्त सांगीतिक जमघटमा त्यसपछि शास्त्रीय गुरु धनबहादुर गोपाली, संगीतकार दीपक जंगम, रचनाकार चेतन कार्की, शान्ति अधिकारी एवं तबलावादक मनराज नकर्मी आदिले आफूले जानेको कला प्रस्तुत गरे । कार्यक्रममा हरेक वर्ष प्रदान गरिँदै आएको कुलगुरु प्रतिभा पुरस्कार रिदम कँडेललाई प्रदान गरियो । उनले त्यहाँ यमन राग सुनाए । त्यस्तै कमल नेपाली, अशोक काफ्लेका साथै लोकगायक शिव परियारले रूपा न्यौपानेको सरोद वादनसँगै एउटा हिन्दी कब्बाली पनि सुनाए ।

-'थरीथरी बाजा एउटै ताल, मिलेर बनाऔं सुनौलो नेपाल' नाराका साथ अन्तर्राष्ट्रिय संगीत क्षेत्रमा विशिष्ट स्थान बनाएको संगीत समूह 'ओजोमाट्ली' अहिले काठमाडौं उपत्यकामा छ । विश्वमै प्रतिष्ठित संगीत पुरस्कार 'ग्रामी एवार्ड' समेत प्राप्त गरिसकेको अमेरिकाको लसएन्जल्स सहरको उक्त समूहले भोलि शनिबार दिउँसो दुई बजे काठमाडौंको खुलामञ्चमा एउटा कन्सर्ट दिँदैछ । दस जना संगीतकर्मीको उक्त समूह विश्वभरि शान्तिको सन्देश प्रवाह गर्ने क्रममा भारत हुँदै काठमाडौं आइपुगेका हो । उनीहरूलाई नेपाली संगीत समूह 'रविन एन्ड द न्यु रिभुलेसन' ले पनि साथ दिंदैछ । कार्यक्रममा दर्शकहरूका लागि प्रवेश निःशुल्क गरिएको छ ।

-गायक प्रकाश पौडेलले आफूद्वारा अभिनीत चलचित्र 'नाइँ मलाई केही चाहिँदैन' का लागि एउटा गीत गाएका थिए- 'नाङ्गे भुतुङ्गे मलाई भोक लाग्यो अन्डा उसिन्दे' । अरबक्षेत्रमा कार्यरत नेपालीहरूबीच चर्चामा रहेको उक्त गीत पौडेलले आगामी केही साताभित्र सार्वजनिक हुने उनको चौथो एल्बम 'साइको' मा समावेश गरेका छन् । हाल एल्बममा रहेको 'किस सङ्ग' को म्युजिक भिडियोको तयारीमा लागेका पौडेलका अनुसार त्यसपछि लगत्तै उनी अर्को गीत 'च्याप दोहोरी' को म्युजिक भिडियो पनि बनाउँदैछन् ।

-स्पेसल इफेक्ट्स तथा एनिमेसन गरेर म्युजिक भिडियो निर्देशन गर्न खप्पिस सिमोस सुनुवारसँग केही गायक-गायिका रिसाएका छन् । पछिल्लो पटक गायक उदेश श्रेष्ठले सिमोसद्वारा निर्माण गरिएको आफ्नो म्युजिक भिडियो प्रसारण रोक लगाएका छन् । उदेशले जनाएअनुसार उक्त म्युजिक भिडियोलाई अडियो फाइल बिगारेर प्रसारण गरिएको थियो । उदेश मात्र होइन, तोकिएको समयमा सिमोसले म्युजिक भिडियो तयार नगरिदिंदा १९७४ एडी समूह, गायिका रेखा शाह लगायत आधा दर्जनभन्दा बढी संगीतकर्मी उनीसँग चिढिएका छन् ।


## लाइभ शो

-दरबारमार्गस्थित नेपाली वातावरणमा नेपाली परिकारहरू पाइने नेपाली चुलो रेस्टुराँमा हरेक साँझ सात बजेदेखि आठ बजेसम्म महिला तथा पुरुष कलाकारहरूले प्रत्यक्ष संगीतको तालमा विभिन्न सांस्कृतिक नृत्य प्रस्तुत गर्छन् ।

## नजिकबाट

### पूजा राई

| | | |
|---|---|---|
| जन्ममिति | : | वि.सं.२०४२ साउन ७ गते |
| घरमा बोलाउने नाम | : | पुजारी |
| नामको अर्थ | : | पूजा गर्नु |
| तपाईंको परिचय | : | गायिका/विद्यार्थी |
| जन्मस्थान | : | हङकङ |
| रुचि | : | भ्रमण गर्ने, अध्ययन |
| अध्ययन | : | एम.ए. पहिलो वर्षमा अध्ययनरत |
| सांगीतिक गुरु | : | कोही छैन |
| पहिलो प्रेम | : | थियो कोही... |
| पहिलो डेटिङ | : | उसैसँग |
| हनिमुन | : | विवाहपछि मरिससतिर जानुपर्ला |
| पहिलो प्रेमपत्र | : | इमेलको जमानामा केको प्रेमपत्र ? |
| नजिकको साथी | : | स्मृति गुरुङ, सञ्जय लामा |
| पहिलो पटक बजाएको बाजा | : | गितार |
| मनपर्ने परिकार | : | आइसक्रिम र शाकाहारी परिकार |
| मनपर्ने रंग | : | नीलो |
| मनपर्ने पहिरन | : | जिन्स, किराँती पोशाक |
| पहिलो उपहार | : | साथीले दिएको गुलाफको फुल |
| मनपर्ने मौसम | : | वसन्त |
| मनपर्ने खेल | : | टेबुल टेनिस |
| फुर्सदमा | : | गीत गाउने, खाना पकाउने |
| मनपर्ने संगीत | : | अल्टर्नेटिभ रक |
| रिस उठेको बेला | : | बेस्सरी कराउँछु |
| मनपर्ने आफ्नै बानी | : | सत्य बोल्छु |
| सबैभन्दा बढी माया | : | आमालाई |
| रमाइलो क्षण | : | नारायणघाटमा सम्पन्न मेरो पहिलो कन्सर्टमा |
| नरमाइलो क्षण | : | बाबाको मृत्यु हुँदा |
| घुम्न मन पर्ने स्थान | : | पोखरा, धरान |
| गर्न बाँकी कुरा | : | पिएचडी |




## रक ब्यान्ड मन्त्रले तातायो धरान



धरान- पातलिँदै गएको धरानको चिसो मौसम शनिबार दार्जीलिङको रक ब्यान्ड 'मन्त्र'ले गर्मी सुरु नहुँदै तताएको थियो । कोष वृद्धिका निम्ति पूर्व लागूपदार्थ सेवनकर्ताहरूको समूह 'धरान रिकभरिङ क्लब'द्वारा आयोजित लाइभ कन्सर्टमा मन्त्रको रक गीतको धुनमा धराने युवा-युवतीहरू पनि उफ्रिएका थिए ।

एफएम, रेडियोमा मात्र गीत सुन्दै आएका प्रवासी नेपालीहरूको रक ब्यान्डलाई आँगनकै पब्लिक हाइस्कुलको मैदानमा पहिलोपल्ट देख्न पाउँदा धरानेहरू कौतूहलताका साथ लाइभ कन्सर्टमा उपस्थित भएका थिए । वीर गोर्खाली, एकान्तमा, तिमीबिनाजस्ता आफ्ना चर्चित गीत गाउँदै मन्त्रका कलाकारहरूले यहाँका संगीत पारखीहरूलाई उफार्दै नचाएका थिए ।

भ्यालेन्टाइन-डेको पूर्वसन्ध्यामा आयोजित कन्सर्टमा पंक, हिपहप तथा रफ ड्रेसमा रक ब्यान्डको प्रस्तुतिको स्वाद लिन आएका युवा-युवतीहरूलाई मन्त्रले साढे दुई घण्टासम्म मनोरञ्जन दिएको थियो । तीनवटा एल्बम सार्वजनिक गरिसकेको मन्त्रले आफ्ना लोकप्रिय गीतहरू संस्कृति, सधैं-सधैं, बाजेको पालो, आकाशैमा चील उड्यो, हिमाली नेपालीसहित डेढ दर्जन नेपाली स्लो तथा फास्ट रक गीत प्रस्तुत गरेको थियो । मन्त्रले इङ्लिस हेभी मेटल ब्यान्ड मेटालिकाका केही गीत गाउँदै धरानेहरूलाई अंग्रेजी गीतकोस्वाद पनि चखाएका थिए ।

लिड गिटारिस्ट प्रज्ञा लामाको बब मार्ली ब्रान्ड हेयर स्टाइलले ऱ्यागे संगीतका पिता मार्लीको जन्मदिन फेब्रुअरी-६ को सम्झना गराएको थियो । भोकलिस्ट भास्कर देवानलाई ड्रममा बिर्जु चौधरी, बेस गिटारमा प्रभास सुब्बा, लिड गिटारमा प्रज्ञा लामा, कि-बोर्डमा मनीष लामा, बाँसुरी तथा सेक्सोफोनमा विधान थापाले साथ दिएका थिए ।



## जीतु'चाको जोक्स

jitendra_rajb@hotmail.com

बगलामुखी देवीको मन्दिरअगाडि उभिएर दुई हात जोड्दै एक युवती : हे देवी माता, मस्कोलाई चीनको राजधानी बनाइदेउ, बिन्ती छ ।

यस्तो अनौठो प्रार्थना गरिरहेको देखेर पुजारीले युवतीको नजिक हुँदै : छोरी किन यस्तो अनौठो कुराको प्रार्थना गरेको तिमीले ?

युवती : पुजारी बा, आज बिहान मैले जागिरका लागि दिएको अन्तर्वार्तामा एउटा प्रश्नको उत्तर त्यही लेखेर आएको छु ।

०००

जितुचा : मलाई त साऱ्है टाउको दुख्यो बा, डाक्टरकहाँ जँचाउन जानुपर्लाजस्तो छ ।

उसको कुरा सुनेर साथी : बुझिस् ? हिजो मलाई पनि त्यसै गरी टाउको दुखेको थियो, म त सीधै घरमा गएर मेरी श्रीमतीलाई एकपल्ट म्वाइँ खाइदिएँ अनि त टाउकाको दुखाइ-सुखाइ चट । तँपनि त्यसै गर ।

जितुचा निकै उत्साहि हुदै : ओहो गजबको आइडिया, म पनि त्यसै गर्नुपर्ला । बरु तेरी श्रीमती अहिले कता छ, उसलाई एकपल्ट फोन गरिदे न, म आउँदै छु भनेर ।

०००

हातमा कुचो लिएको विकुरामलाई देखेर श्रीमतीले सोधिछन् : हैन, यो झाँक्रीले जस्तै हातमा किन कुचो लिएर यता-उता दौडिएको भन्या ?

विकुराम : बुझिस् बूढी, मैले चार मिनेटमा तीनवटा केटा झिँगा र एउटी केटी झिंगालाई मारिसके नि !

विकुरामको कुरा सुनेर श्रीमती : अनि झिँगा केटा र केटी भनेर चाहिँ कसरी पत्ता लगाउनुभयो नि ?

विकुराम : तीनवटा झिँगा बियरको बोतलमा बसिरहेका थिए भने एउटा झिंगा फोनमा बसिरहेको थियो ।

०००

एउटा नाम चलेकै नर्सिङ होममा डाक्टर र नर्स कुरा गर्दै । डाक्टर : मैले आज अप्रेसन एकदम ठीक समयमा गरेछु। नत्रभने.. । नर्स : नत्रभने रोगी मर्ने थियो, हो डाक्टरसा'ब ? डाक्टर : होइन, नत्र भने रोगी आफैं निको हुन्थ्यो नि ।

०००

डाक्टर : तपाईं तुरुन्तै अस्पतालमा भर्ना भैहाल्नुहोस् त ।

युवती : किन र डाक्टरसा'ब मलाई के भो र ? डाक्टर: : किनभने तपाईंको वेट हिजोभन्दा आज एक किलो कम छ । युवती : डाक्टरसाब त्यसमा आत्तिनुपर्ने कुरा केही छैन, किनभने म आज मेकअप नगरी आएकी छु ।


०००

बिकुराम नयाँ मोबाइल फोन किन्न बजार गएछ । बजारमा फोनको जानकारी दिँदै साहू : यो मोबाइलमा तपाईंले ५ सय जनाको टेलिफोन नं. सेभ गरेर राख्न सक्नुहुन्छ ।

बिकुराम : ल यो मोबाइलचाहिं मलाई काम लागेन । बिकुरामको कुरा सुनेर साहू : ल किन ?बिकुराम : मेरा त्यति धेरै साथी नै छैनन् ।

## कविता

### खै के के भो ?



गीत न सुर न ताल भो
बोली नपचिने गाल भो ।
सुझाव सल्लाह गाली रे
फसाउने फेरि जाल भो ।
सिफारिसलाई च्यातियो
गिराउने ठूलै चाल भो ।
ढोग दर्शन बेवारिसे
धारे हात बरै माल भो ।
भीरे फर्सी घाँटीको हाड
दुई दिने चोला काल भो ।
उदार दिल बनाइयो
न टाल्ने न फाल्ने हाल भो ।

–दर्शन दिनेश

### भट्टीभित्रै लडेपछि



जाँड रक्सी पिउँदा पिउँदै मात यसको चढेपछि
पिउँदा पिउँदै थाहै नपाई बीच सडकमा लडेपछि
झैझगडा गर्छन् धेरै, दाइ-भाइ भए पनि
छट्पटाउँदै बरबराउँछन् नालीभित्र परेपछि
जाँड रक्सीको नशा कस्तो जति पनि पिउँछन् हजुर
दिन-रात बिताइदिन्छन् यसको नशा चढेपछि
निहुँ केही चाइँदैन झैझगडा गर्न यिनलाई
समयको पत्तै छैन पिउँदा पिउँदै लडेपछि
भैट्टी भट्टी धाउँछन् हजुर जाँड रक्सी पिउन भनी
जहान बच्चा बिर्सिदिन्छन् भट्टीभित्रै लडेपछि ।

–बद्रीप्रसाद शिवाकोटी ी

### सिकेको छु

स्वार्थी नबनी तिम्रै मायामा बाँच्न सिकेको छु
दुःखेको मनलाई सान्त्वना दिंदै हाँस्न सिकेको छु
मलाई लात हानी गयां अनायासै तिमी आज
विगतका क्षणहरूलाई ठागो पारी राख्न सिकेको छु
उपचार गर्न सकिन मनले भित्री मुटु रोगी हुँदा
मृत्युशैयाको काल सम्झदै जीवन हाक्न सिकेको छु
अमृत पनि विष भएर आए आफै हरेस खानु पऱ्यो
टुक्रिएको मुटुलाइ मलहम लगाई टाल्न सिकेको छु
भोगाइको खेलसँग निष्ठुरीले घात गरिदिदा
मनभित्रको पीडा हटाइ कृत्रिम हाँसो हाँस्न सिकेको छु ।

–अरुणबहादुर खत्री

### तिमीलाई भेटिनँ

चौतारीमा पर्खी बसें, तिमी त आइनौ
भएभर खोजे सहरमा, तिमी त त्यहाँ थिइनौ
दोबाटोमा कुरी बसें, भेटिनँ तिमीलाई
वरपर सोध्दा जवाफ आयो– देखिनँ उनीलाई
टोलाएँ, रोएँ, कराएँ धेरै, छाती भयो चिरा-चिरा
धड्कनमा छामें, भएभर खोजें, तिमीलाई पाइनँ कतैतिर ।

–दीपक कार्की

### पसिनाको मोल

साहुबा ! मैले पसिनाको मोल पाएकै छैन
बिहानको पाएँ, साँझको गाँस खाएकै छैन
दिन-रात नभनी हाड घोट्नुको खाजा खोइ ?
तिमीसामु शरीरले उदांगो हुनुको ज्याला खोइ ?
तिमीले पो जवानी चाख्यौ, मैले स्वाद पाएकै छैन
साहुबा ! मैले पसिनाको मोल पाएकै छैन
तिम्रै घामले कालो भयो, मेरो सेतो रूप पनि
तिम्रै औंलामा चुहाएँ, बुनुलाई नख्वाई दूध पनि
च्यातिएको छ लुगा, मैले कपास पाएकै छैन
साहुबा ! मैले पसिनाको मोल पाएकै छैन ।

–प्रेमकृष्ण श्रेष्ठ

### फूल र पलाँस

तिमी रै'छौ गुलाब त, म पलाँसको फूल
बैगुनीलाई माया गरी गरें ठूलो भूल
तिम्रो सिउँदो सजाउँछु, सपना देख्थें मैले
तिमी गुलाब म त पलाँस, संगम हाम्रो हुने कैले ?
तिम्ले दियौ झूटो आशा, बसें सोझो बनी,
दोबाटोमा कुरी बसें, भेट होला कि भनी ।
म पलाँस हुँ थाहा पायौ, घृणा फैलियो त्यो मनभरि,
म आभागी पलाँसले बास्ना दिऊँ कसो गरी ?
जिन्दगीको गोरेटोमा, सँगै पाइला चाल्ने भन्थ्यौ
पहिलो पाइला म गन्थें, बाँकी सबै तिमी गन्थ्यौ ।
म त रै'छु भलको नदी, तिमी अटुट मूल,
बैगुनीलाई माया गरी गरें ठूलो भूल ।
पहिलो प्रेम तिम्ले गऱ्यौ म तिमीलाई मन परें
मुटु चिरी देखाउँछु भन्यौ, अनि मैले विश्वास गरें
म त रै'छु एकलकाँटे, तिमी मौरीको हूल,
बैगुनीलाई माया गरी गरें ठूलो भूल ।

–अनिर खनाल

## लघुकथा

### जंगली मानिस

म उभिएको धरातलले मेरो परिचय सोधिरहेछ- तँ को होस्, मानिस, राक्षस, देवता, भूत प्रेत ...हँ ? म रीसले रन्थनिएर ठूलो स्वरमा कुर्लदै भनें- म मानिस हुँ चिन्दिनस्...,मानिस र राक्षस पनि...? देवता र भूत-प्रेत पनि..? अहँ म चिन्दिन, म कोही चिन्दिन, मैले जन्म दिएको धर्तीमा मानिसको बास छैन । देवताको बास छैन...। केवल राक्षस, भूत-प्रेत...,आबुइ..., म सोच्न पनि सकिन..., कल्पना गर्न पनि सकिन ...। म अझै मानिस कहलिन खोज्दैछु, म मानिस हो बुझिस्... म मानिस हुँ । ओइ मूर्ख तँ कुन मानिसको कुरा गर्दैछस् ? आफ्नै दाजुभाइ नचिन्ने..., आफ्नै घर परिवार नचिन्ने..., आफ्नै बाबु नचिन्ने जङ्गली मानिस....। मैले तू मानिसलाई देवताका रूपमा चिनेको छु । भगवान्को उपमा दिएको छु तर म चिन्दिनँ अहिलेको आधुनिक मानिस, जङ्गली मानिस..., आफ्नै घर परिवार नचिन्ने.. आफ्नै आमाबाबु नचिन्नेलाई ।

–प्रेम 'निसानी'

### मानव अधिकार

ऊ आफ्नो संस्कृतिप्रति गर्व गर्थ्यो । विदेशी संस्कृतिप्रति उसको असहमति थियो । त्यसमा पनि ऊ अर्धनग्न संस्कृतिलाई ठाडै नकार्थ्यो । एक पटक ऊ आफ्नो सरकारी कार्यालयबाट एक गोष्ठीमा भाग लिन अष्ट्रेलिया जान पायो । गोष्ठी मानव अधिकारसम्बन्धी थियो । गोष्ठीको एक कार्यसत्र एउटा पार्कमा सम्पन्न भयो। त्यस अवसरमा उसैको नजिकै एक जोडी युवा-युवती अर्धनग्न अवस्थामा चुम्बन साटासाट गर्दै थिए । त्यो दृश्यले उसलाई रन्थनायो । उसको ध्यान गोष्ठीतिरभन्दा त्यतै तानियो 'मर्न नसकेका नकचरा नकचरी ! यत्रा मानिसका सामुन्ने यस्तो क्रियाकलाप...' भन्दै मुर्मुरियो ।

गोष्ठीमा भन्दा घरीघरी उसको ध्यान त्यतै खिचियो । एकछिनपछि पुलिस आएर उसलाई समातेर लग्यो र दुई घन्टा थुनिदियो । छुटेपछि थुनिनुको कारण बुझ्दा ती जोडीको व्यक्तिगत मामलामा दखल पुऱ्याएकोमा उसलाई त्यो सजाय दिइएको रहेछ । त्यसपछि उसले बल्ल मानव अधिकारको अर्थ राम्रोसँग बुझ्यो ।

–भीम राना 'जिज्ञासु'

# रानीमहल जाने मोटरबाटो बनाउन कस्सिए

माधव अर्याल

पाल्पा– प्रेम प्रतीकका रूपमा रहेको पाल्पाको रानीमहल जाने मोटरबाटो बनाउन पाल्पा तथा स्याङ्जाका स्थानीय बासिन्दा कस्सिएका छन् ।

कालीगण्डकीको किनारस्थित रानीमहल पुग्न पैदल जानुपर्ने बाध्यता हटाउन उनीहरू कस्सिएका हुन् । पाल्पाका चार र स्याङ्जाका दुई गाविसका बासिन्दा मोटरबाटो बनाउन जुटेका छन् । उनीहरू श्रमदानबाटै मोटरबाटो खनिरहेका छन् । पर्याप्त पर्यटकीय सम्भावना भए पनि कसैले ध्यान नदिंदा यो सुन्दर तथा ऐतिहासिक ठाउँ उजाड बन्दै गएको अवस्थालाई मध्यनजर गरेर बाटो बनाउन थालिएको उपभोक्ता समितिका उपाध्यक्ष आलमदेवी स्याङ्जाका सागरबहादुर पाण्डेय क्षेत्रीले साप्ताहिकलाई बताए ।

१३ वर्षअघिदेखि राष्ट्रिय योजना आयोगले रानीमहल जाने बाटो बनाउन बजेट विनियोजन गर्दै आएको छ, तर ७० लाखको बजेटले चार किलोमिटरभन्दा बढी नखनिएपछि दुई वर्षदेखि स्थानीय उपभोक्ताले जिम्मा लिएर बाटो बनाउन थालेका छन् । गत वर्ष ग्याभियन वाल र ८ सय मिटर बाटो खनिएको थियो । यस वर्ष भने २ लाख ७६ हजार बजेट विनियोजन भएकोमा साढे तीन किलोमिटर बाटो खनिएको छ । 'श्रमदानबाट बाटो खनिएको छ, कति काम हुन्छ थाहा छैन,' उपभोक्ता समितिका अध्यक्ष पोषकान्त बस्याल भन्छन्– 'बजेटले पुगेजति डोजर लगाइएको र अरू स्थानीय श्रमदानबाट खनिएको छ ।'

उक्त सडक निर्माणका लागि पाल्पाका वराङ्दी, खानीगाउँ, बौघापोखराथोक, बौघागुम्हा र स्याङ्जाको आमलदेवी तथा विर्घा गाविसका स्थानीय बासिन्दाले श्रमदान गरिरहेका छन् । उपभोक्ता समितिलाई कम्तीमा २० लाख विनियोजन भयो भने रानीमहलसम्म जिप चल्ने बाटो पुऱ्याउन सकिने समितिका अध्यक्ष बस्यालले बताए । उपभोक्ता समितिले अहिले चन्दा संकलनसमेत गरेको छ, जसमा पाल्पातर्फ एक लाख स्याङ्जातर्फ दुई लाख रुपैयाँभन्दा बढी संकलन भैसकेको छ ।

संकलन गरिएको रकमले अप्ठ्यारा ढुङ्गाको काम गराउने योजना समितिको छ । स्याङ्जाबाट पाल्पाको बाटो हुँदै बुटवलसम्म पुग्न साथै अन्य विभिन्न स्थान जान छोटो पर्ने भएकाले उनीहरू बाटो खन्न श्रमदान गर्न आएका हुन् । 'नास्ताको पोको बोकेर दुई घण्टा हिँडेर बाटो खन्न आएका छौं, स्याङ्जा आलमदेवीबाट आएका लालबहादुर खत्री भन्छन्- 'यो बाटो बन्यो भने हामीलाई धेरै सजिलो हुनेछ । तानसेनबाट रानीमहलसम्म साढे १४ किलोमिटर मोटरबाटो रेखाङ्कन गरिएको थियो । उपभोक्ताले यसलाई दुई किलोमिटर छोट्याएका छन् ।

बेलायती इन्जिनियरले युनानी शैलीमा बनाएको रानीमहल सम्बन्धित निकायको बेवास्ताका कारण अहिले गाइचरन बनेको छ । कालीगण्डकीको किनारमा नदीबाट नै जग उठाएर पत्रे चट्टानमा महल बनाइएको छ । रानीको निधनले विक्षिप्त बनेका खड्गशमशेरले आफ्नी दिवंगत रानी तेजकुमारीको सम्झनामा बराङ्दीखोला र कालीगण्डकी मिसिने दोभानमा १ सय ९ वर्ष पहिले यो सुन्दर महल बनाएका हुन् ।


२०४२ सालको हावा-हुरीले पनि महललाई कुरुप बनाएको थियो । १० वर्षपछि जीर्णोद्धार गरिएको भए पनि अहिले उस्तै भैसकेको छ । वि.सं. १९५० सालमा रानी स्वर्गवास भएको एक वर्ष पनि नपुग्दै दरबारको शिलान्यास गरिएको थियो । वि.सं. १९५४ को कात्तिक महिनाको वैकुण्ठे चतुर्दशीका दिन दरबारको निर्माणकार्य सम्पन्न भएको हो ।

दरबार क्षेत्रभित्र पानीपोखरी, बगैंचा, कलश, आधुनिक पार्क, फलामका खम्बा, नाग-नागिनीहरूले शिवलिङ्गमा जल अर्पण गरिरहेका दृश्य, घोडा बाँध्ने तबेला र शीतलपाटी छन्, तर यी सबै उचित संरक्षणको अभावमा अलपत्र र नष्ट हुने अवस्थामा छन् । महल परिसरमा रहेका ऐतिहासिक मूर्ति, घण्ट तथा शिलालेख चोरी भैसकेका छन् । ७ वर्षअघि करिब ५० लाख रुपैयाँको लागतमा जीर्णोद्धार गरिए पनि अहिले फेरि जीर्ण अवस्थामा छ ।

कुनै बेला देशी-विदेशी पर्यटकहरूका लागि गतिलो बिसौनी बनेको रानीमहल क्षेत्र अहिले सुनसान छ । काली गण्डकी 'ए' को निर्माणपछि ऱ्याफ्टिङ पनि बन्द भएकाले यो क्षेत्र थप सुनसान भएको हो । यहाँ रहेका एक दर्जनभन्दा बढी होटल व्यवसायी पनि पलायन भैसकेका छन् । उचित संरक्षण गर्दै यातायातको सुविधा पुऱ्याउन सकियो भने उजाड रानीमहल फेरि पर्यटकीय केन्द्र बन्न सक्ने कुरा स्थानीय बासिन्दा सरस्वती बस्यालले बताइन् ।

English 30% Discount
3-month-packages
TOEFL/IELTS Pre.
Chinese, Japanese, German, French, Spanish, Korean & Hebrew languages
(अंग्रेजी जान्दै नजान्नेकालागि पनि ब्यबस्था )
Language Books/Cassettes/ Video-CDs are sold here!
OLC's New Branch
Mitra Park, Chabhil, 4-461459

होटल तालिम
५ तारे होटलका प्रशिक्षक द्वारा प्रशिक्षण गराईने
Cook :- 4,500/-
Waiter :- 1,500/-
साथै रुमब्वाई, हाउसकिपिङ्ग, डोमेष्टिक हेल्पर, बेलब्वाई साथै होटल सम्बन्धि सम्पुर्ण ट्रेनिङ्गहरु साथै अग्रेजी भाषा निशुल्क, ट्रेनिङ्गपछि 90% रोजगारको ग्यारेन्टी तु-सम्पर्क गर्नुहोला।
त्रिवेणी ट्रेनिङ्ग सेन्टर, मैतिदेवी
फोन: ४४१६५१९, ९८४१३८७८१५

सफल उद्घोषक बन्ने हो ?
Media Zone
(बागबजार, NCC Bank अगाडि)

कान्तिपुर FM की चर्चित R.J. प्रतिमा श्रेष्ठ द्वारा उद्घोषण र संगीतकार शान्तिराम राईद्वारा संगीतको प्रशिक्षण साथै Non Linear Video Editing Class समेत संचालन भईरहेको छ ।
भर्ना नि:शुल्क सम्पर्क:
९८४१-२४२१८०, ९८५१०-४६६३०

ब्रिटीस आर्मी ! ब्रिटीस आर्मी !! ब्रिटीस आर्मी !!!
BRITISH ARMY


ब्रिटीस गोर्खा आर्मी तथा सिंगापुर पुलिसका लागि २००७ को सम्पूर्ण तयारीका कक्षाहरु संचालन भईरहेको जानकारी गराउँदै ईच्छुक योग्यता प्राप्त नेपाली युवाहरुले चाडै तयारी कक्षाको लागि सम्पर्क राख्नुहोला ।
२००६ का सर्वाधिक रेकर्ड राख्न सफल एक मात्र संस्था ।
विस्तृत जानकारीको लागि:
LINCOLN Pvt. Ltd. Sports Hall
Gongabu, Ktm. Phone No.: 2084195

## सन्देश



एम.यु. तिमीले चालेका हरेक पाइलाले सफलताको शिखर चुमुन्। न्यानो माया एवं निश्चल भावनासहित प्रणय दिवसको शुभकामना।

**निश्चल प्रेम**

लालसारी, गहिरो अनि निर्मल माया समर्पण गर्दै प्रणय दिवसको लाखौंलाख शुभकामना। तिम्रा हरेक पलमा मुस्कान छर्न सकौं, हाम्रो माया सदैव बाँचिरहोस्।

**एनआरसीए**

सावित्री, म तिमीलाई मन पराउँछु। तिमीसँग बोल्ने अवसरको खोजी धेरै गरें। अघिल्लो प्रेम दिवसको दिन मैले बोलेका शब्दको अनर्थ लगाइछौ, कृपया भोलि शनिबार एक बजे महेन्द्रनगरको पार्कमा भेट है।

**जगत**

प्रेमको भावनामा कल्पिंदै भए पनि केवल तिम्रै भरोसामा जिउने प्रयासमा छु, विगतका तीता क्षणलाई बिर्संदै वर्तमानलाई सुनौलो बनाउन चाहन्छु। जे जस्तो भए पनि, मुहार हजारौं भए पनि मन पर्ने मुहार त एकै हुँदोरहेछ ह्यापी भ्यालेन्टाइन डे।

**सुसी माई**

सारा संसार स्वार्थी छ, यहाँ कसैले कसैको भावना बुझ्दैन, बरु अरूको दुःखमा आफ्नो स्वार्थ पूरा गर्नेहरू नै धेरै छन् त्यसैले भविष्यको योजना बनाउनमै हाम्रो हित हुन्छ भन्दै सुनिता एवं कमलालाई भ्यालेन्टाइन डेको न्यानो तथा मधुर शुभकामना।

**केपीएल**

पूजा, ह्यापी भ्यालेन्टाइन डे। मेरो साथ र माया सधैं तपाईंलाई। म तपाईंलाई सम्झिरहेको छु। सकेसम्म चाँडो आउनु, म तपाईंको प्रतीक्षामा छु।

**अजय**

सुमी, मैले तिमीलाई मेरो मुटुमा राखिसकेको छु। तिमी मेरो मनबाट कहिल्यै टाढा हुन सक्दिनौ। आइ लभ यु भेरी भेरी मच एन्ड ह्यापी भ्यालेन्टाइन डे।

**अवि**

सानु, म तिमीलाई अति नै माया गर्छु। तिम्रा हरेक सुख-दुःखमा साथ दिनेछु। विश्वास गर, म जहाँ भए पनि तिमीलाई कहिल्यै बिर्सनेछैन, ह्यापी भ्यालेन्टाइन डे।

**आरकेसी**

सरू, तिमी मेरो मुटुमा धड्केको समय लाग्थ्यो तिमी मेरो सात जुनीसम्म मात्र होइन सात दुना चौध जुनी पनि मेरै हौ तर आज तिमी बिना सूचना समुन्द्रपारि छौ। तिम्रा साथीहरूसँग पनि सोधिरहन्छु तथा तिमीले मेरा बारेमा कुरा नगरेको पाउँछु। जे होस् टाढा र बेखबर भए पनि तिमी आफ्नो गन्तव्यमा पुग, सधैं खुसी बन, गिनिज बुकमै नाम लेखाऊ, अरूको प्रगति-दुर्गति जे भए पनि तिमीलाई प्रणय दिवसको लाखौं लाख शुभकामना।

**एम.शर्मा**

मुस्कान, सर्वप्रथम त ह्याप्पी भ्यालेन्टाइन डे। तिम्रो ओठमा सधैं हाँसो छाओस् कहिल्यै पनि उदासीनताले नछोओस्, तिमीले चालेका प्रत्येक पाइलाले सफलता चुमून्। हाम्रो सम्बन्धले यसरी नै निरन्तरता पाइरहोस् यही छ मेरो चाहना, यही नै छ हार्दिक शुभकामना।

**दिवाना**

रेशमा, म तिमीलाई यति माया गर्छु कि यति माया त फूलले सुगन्धलाई अनि आकाशले धर्तीलाई पनि गर्दैन होला। यो मुटुको प्रत्येक धडकन, प्रत्येक पटक फेर्ने सासमा तिम्रो सहयोग आवश्यक छ। निर्णय तिम्रो हातमा छ भन्दै एसएलसीमा पूर्ण सफलताको शुभकामना।

**तिम्रो सफलता चाहने साथी**

संगम, ह्यापी भ्यालेन्टाइन डे। हाम्रो सम्बन्ध सधैं यस्तै प्रगाढ रहोस् सयौं जुनीसम्म पनि जस्तै आँधी, हुरीले पनि कहिल्यै विचलित नगराओस्, कोसेढुंगा बनेर पहिरोलाई पनि छेक्न सकोस्, अन्त्यमा तिम्रो प्रगतिको शुभकामना।

**सानु**

एस, तिमी मेरो कारणले दुःखी छौ भने आइएम भेरी सरी। मलाई सुनाइएको कुरा झुटो हो कि सत्य भनेर सोधेकी हुँ तर ति सब नाटक रहेछ, अहिले थाहा पाएँ। अन्यथा नसोच्नु।

**अनु**

जमुना, तिमी जहाँ भए पनि हाँसिखुसी रहनु, जस्तो परिस्थिति आइपरे पनि आफ्नो लक्ष्यलाई कदापी मर्न नदिनु साथै रिसाएकी छौ भने नरिसाउन आग्रह गर्दै ह्यापी भ्यालेन्टाइन डे भन्न चाहन्छु, स्वीकार गर है।

**अर्जुन**

नेप्टी स्वीटहार्ट,
प्रणय दिवसले तिम्रो मुहारमा थप खुसी एवं उमंग ल्याओस् साथै खुलेर प्रेम गर्न आत्मबल मिलोस्, ह्यापी भ्यालेन्टाइन डे।

**छुच्चे**

रीतु, तिमीलाई त थाहा नै छ, म तिमीलाई कति माया गर्छु? यसरी नै मेरो अधुरो जीवनमा साथ दिइरहनु, हरेक पाइलामा मेरो हात थामिदिनु।

**प्रेमी**

सवि, कति हाँस्यौं, सँगसँगै रोयौं, कति खुसी भयौं अनि दुःखी पनि सँगै, कहिले विछोडले आँसुका मोती खसाएर हाम्रो आँखाको, फेरि मिलनले पुरिदिए घाउ, विछोडका यी हाँसो अनि रोदनसँगै बितेका यी छ वर्ष सँगै फर्की आएको छैठौं प्रणय दिवसको धेरै-धेरै शुभकामना तिमीलाई।

**मन**

नीरमाया, तिमीले मेरो यो चोखो मायालाई अस्वीकार गरे पनि म त तिमीलाई नै माया गरिरहनेछु। साथै तिम्रो उज्वल भविष्यको कामना गर्दै ह्यापी भ्यालेन्टाइन डे।

**दिलबहादुर**

प्रिय एस, जिन्दगीको यात्रा लामो छ, यति लामो यात्रामा दुःख धेरै अनि सुख थोरै छन्। त्यसैले आज गएको दिनको मात्र स्मरण नगरी भोलिको दिनको पनि स्मरण गर। आजका दिन हामी सुखी छौं, भोलिको दिन के हुन्छ? कसैलाई थाहा छैन। तिमीले चालेका हरेक पाइलाले सफलता प्राप्त गरून्, प्रणाय दिवसको हार्दिक शुभकामना।

**सुवास**

महारानी आर, भ्यालेन्टाइन डेका अवसरमा हृदयदेखिको शुभकामना। तिम्रो जीनवको हरेक मोडमा सफ्लताले बास गरोस् अनि चिताएका हरसपनाले शिखरको बाटो देखुन् साथै जीवन खुसीका साथ बितोस्। मनभित्र गुम्सिरहेका चाहनाहरू स्वतस्फूत रूपमा अझ बढी प्रस्फुटन गर्ने साहस प्राप्त होस्। आई लभ यु फर इभर। साथै जन्मदिनको अवसरमा मुटुभरिको शुभकामना।

**अनलक्की आर**

सम्दिकी मुटुभरि माया, आँखाभरि आँसु सहित प्रणय दिवसको हार्दिक शुभकामना। सदा खुसी रहनु, म तिम्रो सम्झानामा जिन्दगी तड्पाइरहनेछु। हरपल तिम्रो नाम जपिरहनेछु, मेरो बाँकी जिन्दगी तिम्रै निम्ति साँचिरहनेछु।

**पेमनुरी**

माया, शर्मिला, सन्ध्या, सुषमा, अञ्जना, अनामिका, विमला, सिर्जना, शारदा प्रमिला, पवित्रा, सजिना, अम्बु, शान्ता तथा बहिनी संगीतालाई प्रेमदिवसको हार्दिक शुभकामना एवं मीठो सम्झना।

**सविना**

विमला, पाँच वर्षपछि पनि म तिमीलाई धेरै माया गर्छु र गरिरहनेछु चाहे त्यो एकतर्फी नै किन नहोस्? आशा छ एक न एक दिन तिमी मेरी हुनेछौ। प्रेमदिवसको मंगलमय शुभकामना, तिम्रो जीवन प्रेममय बनोस्।

**गजेन्द्र**

अपु, म तिमीलाई यति धेरै माया गर्छु कि व्यक्त गर्नका लागि शब्दहरू पनि कम छन् झैं लाग्छ। हाम्रो माया एवं विश्वास यसैगरी अटुट र पवित्र रहोस्। जन्मदिन तथा प्रणय दिवसको अवसरमा सुस्वास्थ्य, दीर्घायु एवं प्रगतिको हार्दिक शुभकामना।

**रोशन**

साथीहरू लेखी, जीवन, बबिता, उषा, कुसुम, सीता, विना, शान्ति, धनराज, रिमा, मीरा, सुरेश, मनेन्द्र, मनुकला, विद्या, मुगा, विमला, बाल, आशवीर, दीपा, रेखी, जाङ्मु, दीपक, युमन, विन्दु, इन्दु, सुष्मा, उमेश, हित तथा हरिलाई धेरै-धेरै सम्झनाका साथै ह्याप्पी भ्यालेन्टाइन डे।

**कुविर कुलुङ**

जुनु, प्रणय दिवसको हार्दिक शुभकामना। तिमीलाई छोडेर आएपछि किन हो तिम्रो मात्रै याद आउँछ। के तिमीलाई पनि त्यस्तै हुन्छ? फोन गर्छु फोन उठ्दैन किन हो? फोन त गर।

**जुजु**

निरी, तिमीमा के त्यस्तो जादू छ र म तिम्रो दिवाना भएको छु? कसैले हामीबीच अविश्वास खडा गर्ने प्रयास गरे तर तिमीले मेरो विश्वासमा मतदान गऱ्यौ, मैले तिमीलाई रोजेर कुनै गलत गरिनँ। तिमी धेरै माया गर्छ्यौ नि मलाई र त म तिम्रो दिवाना भएको छु। तिम्रो त्यो ठूलो आँखाले मलाई आँखा तर्दा तिमी औधि राम्री देखिन्छ्यौ त्यही भएर त म तिम्रो दिवाना भएको छु। सधैं खुसी र सुखी रहनु, ह्यापी भ्यालेन्टाइन डे।

**विकास**

काली एस, एक अञ्जुली मायाका निम्ति पलपल मरिरहेंछु म। प्लिज से, आइ लभ यु एन्ड ह्यापी भ्यालेन्टाइन डे।

**प्रकाश**

प्यारी जीवन संगिनी काली, सर्वप्रथम त तिमीलाई प्रणय दिवसको शुभकामना। साथै प्रेमी-प्रेमिकाको महान पर्व प्रणय दिवसले हाम्रो प्रेमयात्रालाई जीवन्तता दिन सकोस् भन्ने प्रार्थना गर्दछु। अन्ततः तिम्रो प्रेमीबाट प्रगाढ मायाको सौगात तथा मीठो चुम्बन ल।

**तिम्रो सिन्दुर**

प्रतिक्षा, भ्यालेन्टाइन-डेको हार्दिक शुभकामनाका साथै आइलभ यु।

**नरेश**

प्रेम दिवसको अवसरमा आफन्त, साथीहरू, भतिज सुमन तथा मेरी मायालु १९,९,१८,२१ लाई मीठो सम्झना तथा शुभकामना।

**१९,८,२५,१,१३**

प्रणय दिवसको हार्दिक शुभकामना साथीहरू महेश, अरुण, रोहित, देव, किरण, दिलीप, विदयानन्द, भाइहरू, उमा, राजेन्द्र, रितेश, सञ्जय, विनोद, ऋचा, समीक्षा, कोपिला, सुष्मी, प्रणिता, विना, अगिना, मनिता, रेनु, सविता तथा रोसनीलाई। यसरी नै सधैं माया बाँड्दै जानुहोला।

**शिव चौधरी**

मेरो एक भूलको यति ठूलो सजायँ दिनुहोला भन्ने मलाई लागेको थिएन। मेरा कारणले हजुरको मुड कहिल्यै अफ नहोस्। म प्रेमको योग्य त भइन नै, हजुरलाई स्मरण गरिरहन्छु- सफल तिम्रो त्यो जिन्दगीलाई यो दुःखीको बधाइ छ, परिवर्तन भयौ के कारण तिमी यही नै मेरो सोधाइ छ। भ्यालेन्टाइन डेको हार्दिक शुभकामना।

**लोकु**

तपाईंलाई तड्पाउने मेरो रहर थिएन। आफ्नै परिस्थितिले गर्दा सन्देश ढिलो भएकोमा दस औंला जोडी क्षमायाचनाको भीख माग्दछु, आशा छ क्षमा दिनुहुनेछ। प्रणय दिवसको लाखौंलाख शुभकामनाका साथै यो हृदयभित्रको न्यानो माया तपाईंलाई।

**मायानानी**

टीना, म तिमीलाई हृदयदेखि नै चाहन्छु। तिम्रा सबै चीज मलाई मनपर्छन्। त्यसैले त तिमीलाई पहिले पनि एउटा पत्र पठाएको थिएँ तर तिमीले त्यसको न त रिप्लाई नै पठायौ न त कुनै प्रतिक्रिया नै दियौ। आज पुनः भ्यालेन्टाइन डेको पावन अवसर पारेर दोस्रो पटक प्रेम प्रस्ताव राख्दैछु, अवश्य स्वीकार गर्नेछयौ भन्ने आशा छ।

**आर.**

यो हाम्रो पहिलो प्रेम दिवस हो। म तिमीलाई जीवनभर माया गर्ने वाचा गर्दछु अनि तिम्रो न्यानो मायाको अपेक्षा गर्दछु। अन्तर हृदयदेखि नै प्रेम दिवसको शुभकामना।

**कालो मान्छे**

मोनिका, तिम्रा हरेक पाइला सफलताले चुमून्, धेरै-धेरै मायासहित मीठो सम्झना। जीवनको हरेक पलमा म तिम्रो साथ हुनेछु। तिमीलाई मेरो माया सधैंभरि रहनेछ। म तिमीलाई मन पराउँछु। भ्यालेन्टाइन डेको हार्दिक शुभकामना।

**मनोज**

प्यारा साथीहरू बुद्धिमान, जीवन, राम, गोपाल, रेशम, रामेश्वर, इन्द्र, सरस्वती, बबिता, गणेश, पवित्रा, विष्णु, चेतन तथा कमलालाई उत्तरोत्तर प्रगतिका साथै प्रेमदिवसको शुभकामना।

**सुदर्शन श्रेष्ठ**

पत्रमित्रहरू सीमा, शान्ता, विनिता, केशु, भावना अनि सुष्मालाई भ्यालेन्टाइन डेको मंगलमय शुभकामना। पत्राचारलाई निरन्तरता दिनुहुन अनुरोध छ।

karan_singh53@yahoomail.com



## कुपन सन्देश

पाउने :

सन्देश :

पठाउने :

प्रति सन्देश रु. २०/– अनिवार्य

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..........

उमेर : .......... उचाइ : ..........

पेसा : .......... शिक्षा : ..........

स्वभाव : .......... वैवाहिक स्थिति : ..........

अभिरुचि : ..........

वर्ण : ..........

इमेल : ..........

ठेगाना : ..........

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........

..........

**नोट** : तस्बिर र नगद रु. ५०।- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

# के गरे पैसा कमाइन्छ ?

हामीले पैसा कमाउन मेहनत गर्नुपर्छ, तर हाम्रा राजा, मन्त्री तथा नेताहरूले गफ गरेरै पैसा कमाउँछन् ।

**लक्ष्मण लामा** (२१), **पर्सा**

सही मार्ग अवलम्बन गरी परिश्रम गर्ने, चलाख हुनु पनि जरुरी छ ।

**दीपक पोखरेल, भक्तपुर**

सम्पादकको भन्दा बढी आम्दानी हुने अरु कुनै पेसा भए त्यही पेसा अँगाल्ने विचार त होइन ?

**कृष्ण कँडेल** (१९), **चितवन**

आफ्नो परिश्रम र लगनशीलतालाई अगाडि बढाउँदै जाँदा करोडपति हुनचाहिँ बेर लाग्दैन होलाजस्तो लाग्छ ।

**दीपेन्द्र देउवा, डँडेल्धुरा**

आफ्नो काममा जाँगर र मेहनत अनि आत्मसन्तुष्टिका साथ लागिपरे पैसा कमाइन्छ ।

**राजु गौतम, खैरहनी, चितवन**

सानो पदको काम होस् वा ठूलो पदको काम, इमान्दारीका साथ परिश्रम गरे अवश्य पैसा कमाइन्छ ।

**प्रतिभा श्रेष्ठ** (१९), **पोखरा**

लगनशीलताको पछि लागे पैसा कमाइन्छ ।

**प्रकाश गौतम, देवीनगर**

विदेश गएर काम गरे पैसा कमाइन्छ ।

**उत्तम के. भट्टराई** (१८), **स्याङ्जा**

बिल गेट्ससँग सोधे परिश्रम भन्लान्, नेताहरूसँग सोध्दा विदेशी अनुदान भन्लान् ।

**सम्पूर्ण प्रजापति, ललितपुर**

पैसा कमाइँदैन बरु खर्चिन्छ । किनकि पैसा कमाउन मानिस नीच भएर खस्न सक्छ ।

**अमृत मगर, पाल्पा**

मेहनत अनि लगनशीलतापूर्वक काम गरे ।

**राजु गौतम, खैरहनी, चितवन**

सोझो, सीधा भएर राम्रो काम गऱ्यो भने त त्यस्तै हो, जो जमानामा अरूलाई मारेर झुक्याएर कमायो भने मात्रै हो ।

**रसिला कायस्थ**

पैसा कमाउन विदेशतिर जानुपर्छ । सबै नेपाली पैसा कमाउनकै लागि विदेश पलायन हुन्छन् । किनभने पैसा कमाउन म पनि त्यतै जाँदैछु ।

**किरण मास्की मगर** (२२), **धादिङ**

लाज-शरम नमानी काम गरे पैसा कमाइन्छ ।

**धनबहादुर**

बाको सम्पत्ति खायो ढिंडो, हल्लियो हिँडो– यत्तिकै बसिया छ । सम्पत्ति कमाउन जान्या भए त लास्टै कमाउँथें नि ।

**गिरी थापा, पर्वत**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. सफल मान्छे हुन के गर्नुपर्छ ?
२. पुरुषको व्यक्तित्व केमा हुन्छ ?
३. रक्सी र युवतीमध्ये के को लत (नसा) खतरनाक ? किन ?
४. तपाईंलाई केले सुखी र सन्तुष्ट बनाउँछ ?
५. के रक्सी वा नशाले दुःख भुल्न सकिन्छ ?
६. नेपालमा खेलकुदको विकासका लागि के गर्नुपर्छ ?
७. महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?
८. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
९. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
१०. बुद्धि ठूलो कि बल ? किन ?



के हो सम्पादकज्यू ? सम्पादक भएर कमाएको पैसाले पुगेन कि क्या हो, हामीसँग आइडिया सोध्ने ?

**सुबिन श्रेष्ठ, हेम्जा, पोखरा**

नेताहरूले जस्तो भ्रष्टाचार गरे मात्र पैसा कमाइन्छ ।

**जेपी सापकोटा, काभ्रे**

खै थाहा भएन, त्यति थाहा भा' भए त किन यस्तो भुक्का टाट हुनुपऱ्यो र ! कमाइन्थ्यो नि करोडौंकरोड ।

**आर.पी. सिर्जन** (२१), **काठमाडौं**

मेहनत गरेर काम गरे पैसा कमाइन्छ ।

**दुर्गाबहादुर माझी** (२३), **रामेछाप**

मेहनतपूर्वक जुनसुकै काम गरे पनि पैसा कमाइन्छ ।

**शेरबहादुर भुजेल** (२२), **दोलखा**

गाउँ, सहर र समाजमा इज्जत राखेर काम गरे पैसा कमाइन्छ ।

**वसन्त शर्मा** (१८), **सिन्धुपाल्चोक**

सम्पादकज्यू, यो प्रश्न नेपालका भ्रष्ट नेताहरूसँग सोध्नुस्, कि त बिल गेट्ससँग नै सोध्नुहोस् ।

**सम्पूर्ण प्रजापति, मध्यपुर ठिमी**

पैसा त जसरी पनि कमाइन्छ । चोरेर, बैंक लुटेर, हत्या गरेर तर के गर्ने ? समाजमा आफ्नो इज्जत राख्दै कमाएको पैसाको केही मान्यता होला । तर म पनि पैसा कमाउने उपाय सोच्दैछु नि ।

**अनिल कार्की, केरौन, मोरङ**

बैंकबाट ऋण लिने अनि नतिर्ने, हाम्रा उद्योगपति-व्यापारीजस्तो क्या !

**सुमित ढकाल** (१५), **काठमाडौं**




**प्रश्न : म २२ वर्षीया बीबीएस दोस्रो वर्षमा अध्ययनरत अविवाहित महिला हुँ । म १६ वर्षको हुँदा २५ वर्षको पुरुषसँग मायाप्रीति बसेको थियो । त्यतिबेला हामी यौनसन्तुष्टि प्राप्त गर्नका लागि चुम्बन गर्ने, स्तन मोल्ने गर्थ्यौं तर शारीरिक सम्पर्क भने राखेका थिएनौं । म उसलाई धेरै विश्वास गर्थें, त्यही भएर हामीबीच त्यस्तो क्रियाकलाप हुन्थ्यो तर उसले चार वर्षअघि अर्कै युवतीसँग विवाह गऱ्यो ।**

**म त्यति मोटी त छैन, तर मेरो स्तन केही ठूलो र झोल्लिएको छ । यही कारणले म एकदमै चिन्तित छु । मलाई सधैं चिन्ता भैरहन्छ । के स्तन मोल्दा स्तनको आकार परिवर्तन हुन्छ ? मैले मेरो यौन जीवनका बारेमा नभने पनि मेरो जीवन साथीले यो कुरा थाहा पाउँछ ? स्तन कसिलो पार्न के गर्नुपर्ला ? बजारमा पाइने 'ओ' फर्म जेल लगाउनु हुन्छ कि हुँदैन ? यसले कुनै नकारात्मक प्रभाव पार्छ कि ? मलाई स्तन ठूलो भएका कारणले अप्ठेरो महसुस हुन्छ । कृपया मेरो समस्याको उचित समाधान बताइदिनुहोला ।**

**–सी.वाई.**

**उत्तर : स्तनको विकास**

बाल्यकालमा केटा र केटीको स्तन उस्तै हुने भए पनि किशोरावस्थामा पुगेपछि इस्ट्रोजन र प्रोजेस्टेरोनजस्ता रागरस (हार्मोन) हरूको प्रभावले युवतीहरूमा स्तनको विकास तीव्र गतिमा हुन थाल्छ । धेरैजसो युवतीमा ११ वर्षको उमेरमा सुरु भएर १५ वर्षमा पूरा हुन्छ । भ्रूण अवस्थाको ६ सातामा यसको विकास सुरु भए पनि किशोरावस्थामा नपुगेसम्म केटीमा स्तनको विकास सुरु भैसकेको हुँदैन । पूर्व किशोरावस्थामा मुन्टोबाहेक स्तन पूर्ण रूपमा 'समतल' नै हुन्छ भने सुरुको किशोरावस्थामा मुन्टोवरिपरिको भाग बढ्न थाल्छ, स्तनको अन्य भाग पनि भरिएर आउन थाल्छ ।

पछिल्लो किशोरावस्थामा भने स्तनमा दूध बनाउने ग्रन्थिको विकास हुनुका साथै तथा बोसोको मात्रामा वृद्धि हुन्छ र मुन्टोवरिपरिको भाग समतल भएर जान्छ । स्तनको स्वरूप एवं आकारमा धेरै विविधता पाइन्छ । मुख्य रूपमा यसमा भएको बोसोको मात्राले नै यसलाई निश्चित आकार दिन्छ । चिकित्सा विज्ञानको दृष्टिकोणले 'स्तन' ग्रन्थि, बोसो, तथा रेशीय तन्तुले बनेको पिण्ड हो । यो छातीको मांसपेशीको भित्तामा रेशीय तन्तुको strands, जसलाई Cooper's ligaments भनिन्छ, को मद्दतले टाँसिएको हुन्छ । स्तनभरि नै बोसोयुक्त तन्तुचाहिँ प्रमुख रूपमा हुन्छ, जसका कारण स्तनले कमलोपन पाएको हुन्छ । तर स्तनमा दूध बनाउने ग्रन्थिहरू, दूधग्रन्थिबाट मुन्टोसम्म दूध ओसार्ने नलीहरू, रेशीय तन्तु हुन्छन् । मुन्टो, मुन्टो वरिपरिको भाग त बाहिरवाट पनि देखिन्छ ।

**स्तनको कडापन**




यौनजीवनमा स्तनको आकार-प्रकारले महिलाको सौन्दर्य एवं यौनजीवनमा निकै महत्त्व राख्छ । कतिपय समाजमा महिलाका पर्याप्त विकसित अर्थात् ठूला स्तनलाई आकर्षक मानिन्छ । एउटा कुरा के हो भने पुरुषहरू ठूला स्तनप्रति आकर्षित हुन्छन् । महिलाको सौन्दर्य तथा आत्मसम्मान स्तनको आकारसँग गाँसिएको हुन्छ । स्तन आफैं पनि यौनसंवेदनशील अङ्ग हो । यसको स्पर्शले पुरुषलाई यौन उत्तेजना दिन्छ भने महिलालाई पनि । स्तनको आकार वा नरमपनमा विविधता भए पनि यौनसुखमा प्राप्तिमा फरक पर्दैन, किनकि स्तनको यौन संवेदनशीलता यी कुरामा भर गर्दैन । स्तनको कडापन पनि यसको महत्त्वपूर्ण पक्ष रहँदै आएको छ । हुन त जति धेरै अन्य व्यक्तिले महिलाको स्तनको दृष्टिगोचर गर्न सक्छन् त्यसको तुलनामा निकै कम अर्को व्यक्तिले स्तनको स्पर्श गर्न पाउँछ । स्तनको स्पर्श नगरी स्तनको वास्तविक कडापन वा गीलोपन थाहा पाउन गाह्रो पनि हुनसक्छ । त्यसैले यहाँ वास्तवमै कडा हुनु वा देखिनुको बीचको फरक पनि विचार गर्नुपर्ने हुन्छ ।

स्वाभाविक रूपमा नै स्तनको विकासका क्रममा यसको आकार र कडापनमा पनि परिवर्तन हुन्छ । किशोरावस्थामा विकास हुँदा स्तनको तन्तु बढ्दै जाँदा यो गोलाकार हुन्छ र त्यति बेला यसका तन्तुहरू पनि निकै खाँदिएको हुने भएकाले वयस्क उमेरका महिलाका भन्दा कडा हुन्छ । उमेर बढ्दै गएपछि स्तनको खँदिलोपन पनि घट्दै जाने हुनाले नरम हुँदै जान्छ । यहाँ कडापनको कुरा गर्दा उमेर र स्तन विकासको कुन चरणमा छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । पहिले सायद किशोरावस्थामा स्तन कसिलो भएको बेलामा नै विवाह हुने भएर नवविवाहिताको स्तन कसिलो हुनुपर्ने मान्यता बसेको हुनसक्छ, तर अचेल विवाह बढी उमेरमा हुने हुँदा स्तन नरम भैसकेको हुन सक्छ ।

**श्रीमान्ले थाहा पाउने भय**

स्तनको कडापनमा स्वाभाविक परिवर्तनका बारेमा त थाहा पाई नै सक्नुभएको छ, कुनै पुरुषको स्पर्श वा मोलाई मात्र स्तनको कडापनमा परिवर्तन आउने कारण हो भनेर सोच्नुभएन । अर्को कुरा, तपाईंको भय पनि जायज लाग्दैन, किनकि श्रीमान्ले थाहा पाउन सजिलो कुरा होइन । स्तनलाई मोल्ने पर्याप्त अनुभव सँगालेको भए पनि नरमपन भए नभएको थाहा पाउन सकिए पनि पहिले कुनै पुरुषले स्तन मोलेको भनेर थाहा पाउन गाह्रै छ । स्तनलाई नै स्पर्श हुने अर्को पुरुषको हात मात्र त होइन, दैनिक जीवनको क्रियाकलापजस्तै कि सुत्दा होस् वा नुहाउँदा स्तनमा दबाब पर्ने वा माडिने हुनसक्छ । नारी आफैंले पनि आफ्नो स्तन मोल्न सक्छिन् ।

**स्तनमा लगाउने क्रिमले सहयोग गर्छ ?**

यस्ता क्रिमका उत्पादक कम्पनीहरूले यसले स्तनको आकार अनि कडापन बढ्ने दाबी गर्छन् । उनिहरूका प्रचार सामग्रीमा उपयोग गरिसकेका व्यक्तिहरूको सकारात्मक अनुभवको कुरा पनि प्रशस्त हुने गर्छ । कतिपय कम्पनीले राम्रोसँग परिक्षण गर्ने गरेको कुरा पनि गर्छन् । कतिपय कम्पनीले आफ्ना यस्ता उत्पादनमा के-कस्ता कुरा वा रसायन छन् भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गर्दैनन् । इस्ट्रोजेनजस्ता हार्मोनको स्तनको आकारमा सकारात्मक प्रभाव हुने गर्छ र केही उत्पादनमा यी हार्मोन पनि हुन्छन् । अमेरिकी FDA का अनुसार यस्ता उत्पादन प्रभावकारी भएको भेटिएको छैन र चिकित्सकको सिफारिसविना नै बिक्री-वितरण गर्न मिल्ने यस्ता उत्पादनमा इस्ट्रोजन भए पनि सोको मात्रा एकदमै थोरै हुने भएकाले त्यसले अपेक्षित प्रभाव पार्दैन ।

# कुरा कामसूत्रको

प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार, प्रजननको महत्त्वपूर्ण पक्ष तथा दाम्पत्य जीवनको अनिवार्य कुरा भए पनि यौनलाई समाजले सकारात्मक रूपले स्वीकार गर्नुको साटो धेरै हदसम्म वर्जित गरेको पाइन्छ । विशेषगरी जब महिलाले आफ्नो यौन इच्छालाई व्यक्त गर्छिन् तब उनलाई गलत दृष्टिकोणले हेरिन्छ । जसरी जीवन जिउनका लागि भोजन, पानी तथा हावाको आवश्यकता हुन्छ, त्यसरी नै स्त्री-पुरुष दुवैलाई समानरूपमा शारीरिक सम्बन्ध आवश्यक हुन्छ ।

यौन बहुआयामी छ । यसमा स्त्री-पुरुष दुवैको शरीरिक, मनोवैज्ञानिक, संवेगात्मक एवं आध्यात्मिक 'स्व' निहित हुन्छ । त्यसैले यसलाई सम्पूर्ण परिप्रेक्ष्यमा हेरिनु आवश्यक छ । भियाग्रा उत्पादन गर्ने फाइजर कम्पनीका अनुसन्धान टिमका चिकित्सकहरूका अनुसार स्त्री संवेगात्मक, बौद्धिक एवं सम्बन्धहरूमा आधारित तत्त्वहरूको जटिल मिश्रणबाट उत्तेजित हुन्छन् । स्त्रीका लागि उनीहरूको मस्तिष्क नै सबैभन्दा महत्त्वपूर्ण यौन अवयव हो, जबकि पुरुष साधारणतया शारीरिक प्रक्रियाहरूबाट नै उत्तेजित हुन्छन् । यस विषयमा कामसूत्र के भन्छ ? वैदिक कालमा स्त्री-पुरुष दुवैको यौन चाहनालाई स्वीकार गरिन्थ्यो । आर्य समाजले यस्तो इच्छालाई आश्चर्य एवं प्रशंसाको दृष्टिले हेर्थ्यो । यही कारणले गर्दा कामशास्त्रलाई पनि एक विज्ञानका रूपमा परिभाषित गरियो । त्यसपछि वात्सायनले 'कामसूत्र' नामक वृहत् ग्रन्थ लेखेर यौनसम्बन्धलाई विस्तृत रूपमा व्याख्या गरे ।

वैदिक समाज पितृसत्तात्मक एवं पुरुष प्रधान भए पनि यौन सुखको मामिलामा स्त्री-पुरुष दुवैलाई समान रूपले आकलन गरिन्थ्यो । त्यस बेला स्त्री-पुरुष दुवैको सुखलाई उत्तिकै महत्त्व प्रदान गरिन्थ्यो । वात्सायनका अनुसार स्त्री-पुरुष दुवैलाई सहवास क्रियामा समान रूपमा आनन्दको अनुभूति हुन्छ ।

आज यौन सुखलाई हतियारका रूपमा प्रयोग गरिएको पाइन्छ । जसको परिणाम दुःखद नै हुन्छ । जबकि कामसूत्रले स्त्री-पुरुष दुवैको समान रूपमा सुखद अनुभूतिको वकालत गर्छ । पुरुषहरू प्रेम चाहन्छन्, महिलाको चाहना पनि प्रेम नै हुन्छ र यसमा सहवासको महत्त्वपूर्ण भूमिका हुन्छ । वात्सायनका अनुसार स्त्री-पुरुष दुवै यौन आवेगमा कामातुर हुन्छन् । त्यसैले यदि एक-अर्काबीचको सम्बन्धलाई सुखद एवं सुमधुर राख्न चाहने हो भने पुरुषले स्वार्थ रहित हुनु आवश्यक छ ।

आफ्नो साथीको चाहना नबुझी, उसको इच्छा पूर्तिको प्रयास नगरी गरिने सहवासलाई पूर्ण मान्न सकिंदैन । त्यसैले कामसूत्रले पुरुषलाई यौनसम्पर्कप्रति महिलाको विभिन्न



प्रवृत्ति एवं प्रकृतिका सम्बन्धमा ज्ञान प्रदान गर्छ । कामसूत्रका अनुसार स्त्री-पुरुष दुवैले एक-अर्काको भावनाप्रति समान रूपले उत्तेजनापूर्ण प्रतिक्रिया प्रकट गर्नुपर्छ ।

आपसी सम्बन्धमा त्यतिबेला ध्यान दिनु आवश्यक छ जब यौन व्यवहारको आत्माभिव्यक्ति बन्न पुग्दैन । सहवासलाई खिन्नता एवं उदासीनताबाट सबैभन्दा बढी खतरा छ, तसर्थ सहवासप्रति रुचि जागृत गराइरहनु चुनौतीपूर्ण कार्य हो । आजको समाज जति नै आधुनिक देखिए पनि यौनका सम्बन्धमा उन्मुक्त हुन सकेको देखिंदैन । सम्भवतः यही कारणले गर्दा कैयन महिला आज पनि आर्गेज्मबाट वञ्चित छन् र निरसपूर्ण जीवन बाँच्न बाध्य छन् ।

वैवाहिक जीवनमा श्रीमतीको उदासीनता एवं असन्तुष्ट व्यवहारका पछाडि उसको अतृप्त यौन चाहना भएको कुरालाई अधिकांश पुरुषले बुझ्न नचाहेको अनुभव हुन्छ । महिलालाई बुझ्न नसक्ने पुरुषका कारण उनीहरू भित्र-भित्रै कुन्ठित हुन्छन् । यस्तो स्थितिले स्त्री-पुरुषको आपसी सम्बन्धलाई शिथिल बनाउँदै लान्छ र अन्ततः दाम्पत्य सम्बन्ध टुट्ने सम्भावना हुन्छ । त्यसैले यौन जीवनको अनिवार्यता एवं आवश्यकतालाई पती-पत्नी दुवैले बुझ्नुपर्छ ।

**–रोजिन शाक्य**

## साताकी गृहिणी

**तपाईंको विवाह कस्तो किसिमको हो ?**

हाम्रो मागी विवाह हो ।

**पहिलो पटक श्रीमान्‌लाई कहाँ देख्नुभएको थियो ?**

मेरा नातेदारकहाँ भेटघाट कार्यक्रम थियो, त्यहाँ उहाँ पनि आउनुभएको रहेछ र त्यहीं पहिलो पटक भेट भएको थियो ।

**विवाहको प्रस्ताव कसरी आयो त ?**

प्रस्ताव आउँदा विवाहको विषयमा कुनै सोचाइ थिएन । म मेरो पढाइलाई अझ अगाडि बढाउन चाहन्थें तर त्यसबेलाको समाजमा पढाइ र उमेर दुवै पुगिसकेको भन्ने कुरा आयो, त्यसकारण प्रस्तावलाई अस्वीकार गर्न सकिनं । उहाँको पढाइको विषय पनि मसँग मिल्ने भएकाले म विवाहका लागि सहमत भएँ ।

पनि दुवैको विषय एउटै भएकाले हरेक कुरामा छलफल र सहयोग आदान-प्रदान हुन्छ ।

**तपाईंको विचारमा महिलाहरूले काम गर्नु कत्तिको आवश्यक छ ?**

महिलाहरू कामकाजी हुनु आवश्यक मात्र होइन, अत्यन्त आवश्यक छ । एउटा गृहिणी कामकाजी हुँदा घरको आर्थिक स्थिति सबल हुन्छ । श्रीमान्‌ले पनि कामकाजी गृहिणीलाई धेरै इज्जत गर्छन् ।

**नारीलाई सम्पत्ति र शिक्षामध्ये बढी केको आवश्यकता छ ?**

नारीलाई सम्पत्तिभन्दा पनि शिक्षाको आवश्यकता छ । म शिक्षालाई सबैभन्दा ठूलो धनको रूपमा लिन्छु । उच्च शिक्षा हासिल गरेको व्यक्ति चेतनशीलका साथै स्वावलम्बी पनि हुन्छ ।

**कुशल गृहिणी बन्न के-कस्ता गुणको आवश्यकता हुन्छ ?**

वि.सं. २०२० सालमा काठमाडौंको सानेपामा जन्मिएकी श्रीमती प्रणिता शर्मा बराल, डा. माधवप्रसाद बरालकी जीवनसंगिनी हुन् । श्रीमती बराल लैनचौरस्थित निस्ट कलेजमा विज्ञान विषयमा प्राध्यापन गर्छिन् । एक छोरा तथा एक छोरीकी आमा प्रणिता आफूलाई कुशल गृहिणीका साथै कामकाजी महिलाका रूपमा चिनाउन चाहन्छिन् ।



**आफूले पढेको विषय मिल्ने व्यक्ति छान्नुमा केही कारण छ ?**

जसले विज्ञान लिएर पढेको छ त्यो व्यक्तिलाई त्यही विषय लिएर पढेको व्यक्तिले मात्र बुझ्न सक्छ भन्ने मेरो सोचाइ हो । उहाँलाई जीवनसाथीका रूपमा रोज्ने मेरो निर्णय सही पनि सावित भएको छ ।

**अध्यापन गर्न थाल्नुभएको कति भयो ?**

१४ वर्ष बितिसकेको छ ।

**विवाह भएपछि पढाउन थालेको हो ?**

हो, एउटा सन्तान जन्मिएपछि मैले अध्यापन सुरु गरें ।

**शिशु सानो र घरको कामसँगै बाहिरको काम गर्न कसरी भ्याउनुभयो ?**

मैले पढाउन सुरु गर्दा छोरा एक वर्षको थियो तर परिवार सहयोगी भएकाले घरभित्र र बाहिरको काम भ्याउन त्यति गाह्रो भएन ।

**शिक्षण पेसा कत्तिको गाह्रो छ ?**

गाह्रो छ, हरेक प्रकारका विद्यार्थीको सामना गर्नुपर्छ । अझ त्यसमा पनि नेपालको पढाइमा एकरूपता छैन । केही विद्यार्थी सरकारी विद्यालयका हुन्छन् भने कोही आवासीय विद्यालयका, दुवै थरी विद्यार्थीलाई समेटेर अध्यापन गर्न निकै गाह्रो हुन्छ ।

**एउटा कुशल शिक्षकको कर्तव्य के हो ?**

शिक्षकले आफ्ना विद्यार्थीलाई हरेक प्रकारले जान्ने बनाउनुपर्छ । नजान्ने विद्यार्थीलाई जान्ने र जान्नेलाई अझ बढी जान्ने बनाउनु नै असल शिक्षकको कर्तव्य हो ।

**श्रीमान् र आफू एउटै क्षेत्रमा हुँदा कस्तो महसुस हुन्छ ?**

श्रीमान् अनुसन्धानको क्षेत्रमा हुनुहुन्छ । उहाँ निष्ट कलेजको फाउन्डर लगानीकर्ता पनि हुनुहुन्छ भने म विज्ञानको शिक्षक, त्यसमा

सबैभन्दा ठूलो आत्मसमझदारी आवश्यक छ, जुन गृहिणीमा आत्मसमझदारी हुन्छ ती गृहिणीमा स्वतः सबै गुण हुन्छन् ।

**आफ्ना सन्तानलाई के बनाउने योजना छ ?**

सबैभन्दा पहिले सचेत नागरिक बन्ने सल्लाह दिन्छु । छोरालाई प्राविधिक विषय अध्ययन गराउने इच्छा छ । छोरी अहिले सानै छिन् ।

**यति सुन्दर देखिनुको रहस्य के हो ?**

यो मेरो भित्री सुन्दरता हो । म कुनै पनि कुरालाई ठूलो रूपमा लिन्नँ । हरेक समस्यालाई धैर्यताका साथ समाधान गर्ने बानीले नै मेरो सुन्दरता यथावत् रहेको होला ।

**आफ्नो सुन्दरतामा निखार ल्याउन ब्युटिसियनको सहयोग पनि लिनुहुन्छ ?**

दिनहुँ नयाँ अनुहारसँग भेट हुन्छ, त्यसकारकाण आफ्नो सुन्दरतालाई मेन्टेन गर्नु आवश्यक छ । त्यसैले म ब्युटिपार्लर गएर फेसियल, थ्रेडिङ एवं कटिङ गराउँछु ।

**फुर्सदको समयमा के गर्न रुचाउनुहुन्छ ?**

प्रायः त्यति फुर्सद हुँदैन तर फुर्सद भएको बेलामा हामी परिवार नै घुम्न जान्छौं । म फुर्सदमा पुस्तक पढ्न र गीत-संगीत सुन्न रुचाउँछु ।

**प्रायः कस्ता किसिमका पुस्तक तथा संगीत सुन्न रुचाउनुहुन्छ ?**

नयाँ अनुसन्धानसम्बन्धी पुस्तकहरू अध्ययन गर्छु । कर्णप्रिय संगीत सुन्न रुचाउँछु । टेलिभिजनमा समाचार हेर्छु ।

**गृहिणीहरूलाई केही सुझाव दिन चाहनुहुन्छ ?**

सबै गृहिणीले शिक्षालाई महत्त्व दिनुपर्छ । आफ्नै खुट्टामा उभिएर श्रीमान्‌लाई सहयोग गर्नुपर्छ ।

–अरुणा भट्टराई

## पारिवारिक स्वास्थ्य

पेट हृदयभन्दा तल र छातीको बायाँपट्टि मांसपेशीको थैलीको आकारमा रहेको हुन्छ, जसमा हामीले खाएका, पिएका वस्तुहरू जम्मा भै पच्ने प्रक्रिया सुरु हुन्छ । खाना पचिसकेपछि आवश्यक पदार्थहरू रगतको माध्यमबाट सम्पूर्ण शरीरमा पुग्छ र शरीर पूर्ण स्वस्थ एवं क्रियाशील हुन्छ ।

डकार आउने, अपानवायु (पाद) निस्कने, वान्ता आउने, अमिलो पानी आउने, पेट दुख्ने, बटारिने, छाती पोल्ने, मुखमा घाउ, दाना आउने, अपच हुने, दिसा लाग्ने यी सबै लक्षण पाचन प्रणालीमा कुनै प्रकारको खराबी उत्पन्न हुँदा देखिन्छ । फलस्वरूप आन्द्रामा घाउ हुने, आन्द्रा सुन्निने (ठूलो/सानो आन्द्रा), कलेजोको समस्या, एपेन्डीसाइटिस, पित्ताशय तथा मृगौलासम्बन्धी रोग लाग्न सक्छ ।



खानेकुरालाई ठीक-ठीक तरिकाले खाइएन भने अपच हुन्छ जसलाई पाचनसम्बन्धी रोगको द्वार भनिन्छ । धेरै खानेकुरा खाने, भोकै नलागी खाने बानी, चपाएर नखाने, खाना अनियमित समयमा खाने र तनावपूर्ण वातावरणमा खाने बानीले रोग निम्त्याउँछ ।

खानेकुरा देख्नेबित्तिकै मुखमा पानी आउँछ र खाने इच्छा जागृत हुन्छ । भोक लागेको बेलामा भए त ठीकै हो तर भोक नलागेको बेलामा बेस्सरी खाना खाँदा समस्या उत्पन्न हुन्छ । बेलाबेलामा त्यसरी खायो भने पाचन प्रणालीले दोहोऱ्याई तेहोऱ्याई प्रक्रिया थाल्नुपर्छ जसले गर्दा दोस्रो र तेस्रोपटकको खाना अधकल्चो रहन जान्छ र अपच हुन्छ । यस्तो स्थितिमा मुखबाट निस्कने ऱ्यालले पनि राम्रोसँग काम गर्न सक्दैन ।

त्यस्तै छाती पोल्ने रोग जसमा खाने नली पेटको उपल्लो भागमा पोलेको जस्तो अनुभव हुन्छ । यस्तो लक्षण अधिक रक्सी, जाँड, बियर आदि पिएको बेला वा अम्ल, पित्ताशय बढेको बेलामा देखापर्छ । त्यस्तै कलेजोसम्बन्धी समस्या भयो भने पनि छाती पोल्छ ।

पेप्टिक अल्सर अर्थात् पेट र आन्द्रामा घाउ हुँदा जसमा बिरामीमा भावनात्मक अशान्ति बढ्नाले हाइपर एसिडिटी भएर पनि यो रोग लाग्छ ।

ग्याँस अर्थात् वायु पनि अमेल हुँदा समस्या उत्पन्न हुन्छ । वायुले गर्दा पेट मडारिने, बटारिने, दुख्ने हुन्छ । यस्तो वायु डकार र अपानवायु (पाद) मार्फत् निस्कन्छ ।

दिसा लाग्नु पनि एक रोग हो जुन पाचनप्रणालीसम्बन्धी समस्या हुँदा हुन्छ । जस्तो पखाला लाग्नु अर्थात् शरीरको पानी बढी खेर जान्छ र रोगीको मृत्यु हुन्छ ।

**कब्जियत** : यो दिसा लाग्नुको ठीक उल्टो हो । यो समस्यामा २/३ दिनसम्म दिसै लाग्दैन वा गोटा-गोटा दिसा हुन्छ । त्यस्तै दिसा सफासित नहुनु पनि समस्या हो ।

**वान्ता** : बढी खाने, असमयमा खाने, अनियमित खाने, जे पायो त्यही खाने बानीले गर्दा उक्त समस्या उत्पन्न हुन्छ ।

माथि उल्लेखित रोगहरूबाट जोगिन व्यक्तिले आफ्नो आनीबानीमा सुधार नल्याएसम्म केही हुन सक्दैन । तैपनि केही उपचार छन् जसको सहयोगले समस्या समाधान हुन सक्छ ।

– बिहान उठ्ने बित्तिकै जीउ तन्काउने अनि मुख कुल्ला गर्ने, पानी पिउने, दिसा गर्ने, साधारण व्यायाम गर्ने, नुहाउने आदि ।

**योग चिकित्सा** : विभिन्न प्रकारको आसन जस्तो- पद्मासन, पर्वतासन, बज्रासन, पवनमुक्तासन, अनुरासन आदि गर्ने ।

**होमियोप्याथी** : मरक्युरीकोर, सोल, इपेसिक, एलोइ, रोविनिया आदि प्रयोग गर्न सकिन्छ ।

**रिफ्ल्याक्सोलोजी** : पिट्युटरी, एड्रिनल, प्याङक्रियाज, पेट, कलेजो, मृगौलाको प्रतिबिम्बित स्थानलाई सक्रियता दिने ।

**घरेलु चिकित्सा**

- खाना खाइसकेपछि कागतीको रस र सौंफ प्रयोग गर्ने ।
- वायु विकारमा ज्वानो तथा कालोनुन प्रयोग गर्दा लाभ मिल्छ ।
- अम्लीय समस्यामा लौकाको प्रयोग फाइदाजनक हुन्छ । त्यस्तै मेवा, अंगुर पनि लाभदायक हुन्छन् ।
- अम्लीय वा अम्लीय पित्तको बेला २४ घन्टा ठोस आहार नलिनु नै बेस हुन्छ ।
- वान्तामा पुदिनाको रसको प्रयोग लाभदायक हुन्छ ।
- गोलभेंडाको एक गिलास रस पिउनाले पेटसम्बन्धी रोगमा निकै फाइदा हुन्छ ।
- दिसा धेरै लागे नुन, चिनी, पानी प्रयोग गर्नुपर्छ । त्यस्तै केरा, दही र तुलसीको प्रयोग पनि उत्तम हुन्छ ।

– डा. उज्ज्वलसिंह अधिकारी

## बिजुली बचाउने उपाय

हरेक महिना बिजुलीको बढी पैसा तिर्दा वा आफ्नो आम्दानीको एक भाग बिजुलीलाई छुट्याउँदा दिक्क लाग्नु स्वाभाविक हो । विभिन्न उपाय अपनाएर बिजुलीको बिल कम गर्न सकिन्छ :



- फिलामेन्ट बल्बभन्दा सीएफएल (कम्पेक्ट फ्लोरेसेन्ट ल्याम्प) प्रयोग गर्ने । यस्तो बल्बले अरू बल्बको तुलनामा बढी विद्युत् बचाउँछ ।
- अनावश्यक ठाउँमा कम पावरको बल्ब राख्नुपर्छ । जस्तै- स्टोर, बरन्डा, पार्किङ गर्ने ठाउँहरूमा बढी उज्यालोको आवश्यकता पर्दैन ।
- एयर कन्डिसनरमा तापक्रमको स्तर २४-२५ डिग्री सेन्टिग्रेटमा राख्नुपर्छ । तापक्रमको स्तर कम राख्नाले विद्युत् बचत हुन्छ र शीतलताको अनुभव पनि गर्न सकिन्छ ।
- मानिस नभएको समयमा कोठाको फ्यान र एयरकन्डिसनर बन्द गर्नुपर्छ । खोल्ने, बन्द गर्ने स्वीच ढोकाको छेउमा राख्नुपर्छ जसले गर्दा कोठाबाट बाहिर जाँदा स्वीच अफ गर्न सजिलो हुन्छ ।
- जुन कोठामा एयरकन्डिसनर राखिएको छ त्यो कोठाको ढोका खोलिरहनुहुँदैन, प्रायः बन्द नै राख्नुपर्छ ।
- सेन्ट्रल एयरकन्डिसनर सिस्टममा भिन्दाभिन्दै कोठामा फरक-फरक कन्ट्रोल स्वीच राख्नु राम्रो हुन्छ ।
- फ्रिजको फ्रिजर बक्समा बरफ जम्न दिनुहुँदैन, समय-समयमा डिफ्रास्ट गरिरहनुपर्छ ।
- फ्रिज बारम्बार खोलिरहनुहुँदैन, फ्रिजको ढोकामा रबर राम्रो फिट गर्नुपर्छ ।
- फ्रिजबाट निकालिएको खानेकुरालाई १५ मिनेट बाहिर त्यत्तिकै राख्ने, त्यसपछि खाना खाने समयमा माइक्रोवेभमा तताउनुपर्छ, बारम्बार तताइरहनु हुँदैन ।
- फ्रिज पछाडि खाली ठाउँ छोड्नुपर्छ जसले गर्दा राम्रो हावाको प्रवाह हुन्छ ।
- विद्युत् उपकरणहरूको सरसफाइ नियमित गरिरहनुपर्छ ।
- झ्यालमा सिसा बाक्लो राख्नुपर्छ, जसले एयरकन्डिसनिङको प्रभावशीलता बढ्छ ।
- झ्यालको सिसा फुटेको छ भने तुरुन्तै फेरिहाल्नुपर्छ ।
- समय-समयमा बल्ब र ट्युबहरूको सरसफाइ गरिरहनुपर्छ ।
- गिजर राती बन्द गर्नुपर्छ प्रयोग गर्नु ३० मिनेट अगाडि मात्र खोल्नुपर्छ ।
- गिजरको तापक्रम अगाडि नै मिलाएर राख्नुपर्छ । बढी तापक्रम राख्नाले बिजुली त्यसै खेर जान्छ ।
- यदि तपाईं सबैभन्दा माथिल्लो तलामा बस्नुहुन्छ भने छतमाथि उष्मा निरोधक सतह बनाउनुपर्छ ।
- एडजस्ट फ्यान, शौचालय प्रयोग भएको समयमा मात्र प्रयोग गर्नुपर्छ ।
- यदि पानी तान्ने मेसिन प्रयोग गर्नु आवश्यक छ भने ठीक हर्सपावरको मेसिन प्रयोग गर्नुपर्छ । बढी हर्सपावरको मेसिन प्रयोग गर्नाले बिजुली बढी खर्च हुन्छ ।
- टेलिभिजन यसै खुला छाड्नुहुँदैन, हेर्ने समयमा मात्र खोल्नुपर्छ ।
- टेलिभिजन, म्युजिक सिस्टम आदि उपकरणहरूलाई स्टेनडबाई मोडमा राख्नुहुँदैन ।
- खाना पकाउन तथा पानी तताउनका लागि सोलार हिटरको प्रयोग गर्नु राम्रो हुन्छ ।
- लेखपढ गर्ने कोठामा उज्यालो दिने बल्ब लगाउनुपर्छ तर यसको प्रयोग पढ्ने समयमा मात्र गर्नुपर्छ ।
- पटकपटकभन्दा एकैपटक सबै लुगा जम्मा गरेर आइरन लगाउनुपर्छ ।
- माइक्रोवेभ ओभनको तापक्रम खाद्यपदार्थको प्रकार र मात्राअनुसार नै राख्नुपर्छ ।
- यदि कम्प्युटरको प्रयोग गर्नुपर्ने छैन भने त्यसलाई प्रक्रियाअनुरूप नै बन्द गरिदिनुपर्छ ।
- यदि बिजुलीको बिलमा अचानक वृद्धि भए मिटर जाँच गराउनुपर्छ ।

## उपयोगी जानकारी



- सुत्केरी अवस्थामा दूध नआउने महिलाले घिउमा ज्वानो र सख्खर फुराएर खानाले दूध आउँछ ।
- भुटेको जीरा घिउसँग खानाले आँखाको तेज बढ्छ ।
- मुखभित्र खटिरा आए मनतातो पानीमा अलिकति फिट्किरी मिसाई पिउँदा आराम हुन्छ ।
- आँखाको जालो र फुलो हटाउन बरको पातको दूध (चोप) बिहान-बेलुका लगाउनुपर्छ ।
- दाँत दुखे बरको दूध कपासमा भिजाई दाँतमा च्यापे आराम हुन्छ ।
- दमका रोगीले बरको फलको बोक्रा कुटेर पानीमा पकाई मह वा मिश्रीसँग खाए आराम हुन्छ ।
- आधा चम्चा कागतीको रसमा एक चम्चा मह मिसाई अनुहारमा लगाएर आधा घन्टापछि धुँदा छालामा कान्ति आउनुका साथै डन्डिफोर पनि हटेर जान्छ ।
- पिसाब नखुले, कब्जियत भए वा कफ भएमा गोलभेंडाको रस पिउँदा आराम हुन्छ ।
- हातगोडाको छाला फुस्रो भए साताामा २-३ पल्ट गोलभेंडाको रस र मह मिलाई लगाए छाला मुलायम हुन्छ ।
- सुत्केरी महिला थुनेलो भए पिपलादी घोटेर लगाउनुका साथै पिपलादीको धूलो मह वा दूधसित सेवन गर्नुपर्छ ।
- अपच भए वा खाना नरुचे मेथीको सागको सुप बनाई खाए आराम हुन्छ ।
- चामलमा कीरा लागे चामल राख्ने भाँडोमा नुनको धूलो छर्किंदा कीरा लाग्दैन ।
- दाँत दुख्दा वा गिजा वरपर घाउ भै पाकेको छ भने कोइरालाको बोक्रा पानीमा पकाई कुल्ला गर्दा आराम हुन्छ ।

–शारदा भुजेल

## परिकार

### फिस बल

**सामग्री** : ५ सय ग्राम काँडा नभएको माछा, १ पिस पाउरोटी, एउटा अन्डा, ५० ग्राम पाउडर दूध, नुन, मरीच स्वादअनुसार, ३ ठूलो चम्चा मैदा, १ कप ब्रेड क्रम (पाउरोटीको धूलो), १ सानो चम्चा चिनी, तेल तार्नका लागि ।

**विधि** : माछालाई अलिकति नुन हालेको पानीमा उसिन्ने । त्यसपछि निकालेर चिसो पार्ने, माछाको पानी निचोरेर फयाँक्ने तथा माछालाई एउटा बाटामा राख्ने । त्यसमा नुन, मरीच, दूध, अन्डा, मैदा, चिनी भिजाएको पाउरोटी तथा धनियाँ चप राखी मोल्ने । सानो-सानो गोलो-गोला बनाउने तथा ब्रेड क्रममा लट्पट्याउने । तातेको तेलमा डिप फ्राइ गरी खैरो भएपछि निकाल्ने ।

– राधेश्याम श्रेष्ठ



## प्रेमको आवश्यकता

# स्वार्थ होइन

यौनसुख शारीरिक सन्तुष्टिका लागि मात्र नभएर प्रेम सौहार्दका लागि पनि आवश्यक छ। त्यसैले शारीरिक सम्पर्क दुवै पक्षलाई हरेक प्रकारले सन्तुष्टि दिने किसिमको हुनुपर्छ। सीमाको भर्खर-भर्खर विवाह भएको थियो। विवाहको रात श्रीमान्ले उनलाई धेरै माया गरे। श्रीमान्को माया पाएर सीमाको मन खुसीले नाच्न थाल्यो। पहिलो रातमै दुवैले यौनसम्पर्कबाट पर्याप्त आनन्द लिए। विवाहको केही महिनासम्म त दुवै यौनसम्पर्कबाट खुसी थिए तर जब उनका श्रीमान् आफ्नो व्यावसायिक गतिविधितिर व्यस्त हुन थाले सीमालाई आफ्ना श्रीमान् स्वार्थी भएको अनुभव हुन थाल्यो। जब श्रीमान्लाई यौनसम्पर्कको आवश्यकता हुन्छ उनी यसका लागि तयार हुन्छन् तर जब उनलाई यसप्रति रुचि हुँदैन त्यसबेला उनी श्रीमतीको वास्ता गर्दैनन्। के सबै श्रीमान् यौनसम्पर्कका बारेमा यस्तै स्वार्थी हुन्छन्? भन्ने प्रश्नले सीमालाई घेर्न थाल्यो।

विवाहपछि श्रीमान्-श्रीमतीबीचको यौनसम्पर्क एउटा स्वाभाविक क्रिया हो जसलाई सम्पन्न गरेर दुवै आनन्दित हुन्छन् तर केही महिलाहरूका अनुसार प्रेम वा यौनसम्पर्कका बारेमा श्रीमान्हरू स्वार्थी हुन्छन्। उनीहरूका अनुसार श्रीमान् आफ्नी श्रीमतीलाई यौनसम्पर्कका लागि नै मायाँ गर्छन् र श्रीमती भने श्रीमान्को माया पाउनका लागि नै यौनसम्पर्कमा उनीहरूलाई साथ दिन्छन्। केही श्रीमतीहरूको विचारमा श्रीमान्को आँखामा यौनसम्पर्क नै घुमिरहेको हुन्छ। त्यसैले उनीहरू आफ्नी श्रीमती सिंगारिएको वा खुसी भएको बेलामा तुरुन्तै यौनसम्पर्कका लागि तयार हुन्छन् भने श्रीमती अरू नै कारणले सिंगारिएका वा खुसी भएका हुन्छन्।

वास्तवमा मायाका सम्बन्धमा श्रीमान्हरू स्वार्थी हुन्छन् भन्ने कुरा साँचो होइन। कुनै पनि स्त्री-पुरुषमा पुरुषले नै यौनसम्पर्कको पहल गर्छन् भने स्त्रीहरू प्रायः मौन रहन्छन्। लाजको बन्धनमा बाँधिएर उनीहरू चुप रहन्छन् र आफ्नो यौनइच्छालाई लुकाएर राख्ने प्रयास गर्छन्। तुलनात्मक रूपमा पुरुष महिलाभन्दा यौनसम्पर्क र प्रेम प्रकट गर्ने कुरामा खुला हुन्छन्। त्यसैले जब त्यतातिर रुचि बढ्छ, तब उनीहरू आफ्नी श्रीमतीलाई भनिहाल्छन्। पुरुषको यही अभिव्यक्तिलाई केही महिला स्वार्थको नाम दिन्छन्।

**एक-अर्काको हेरविचार गर्नुपर्छ**

यौनसम्पर्क श्रीमान्-श्रीमती दुवैका लागि आवश्यक कुरा हो। यो क्रियालाई श्रीमान्-श्रीमती दुवैले चिन्तामुक्त भएर सम्पन्न गरे शरीर छुट्टै भए पनि मानसिक रूपले दुवै एक भएको अनुभव गर्छन्। यसले एक-अर्काप्रतिको माया, प्रेम एवं घनिष्ठता बढ्छ। यौन क्रियाकलाप श्रीमान्-श्रीमतीबीचको व्यक्तिगत सम्बन्ध हो जसले उनीहरूको गृहस्थ जीवनलाई बलियो बनाउँछ।

त्यसो त श्रीमान्-श्रीमती यौन क्रियाकलापबिना पनि एक-अर्कालाई माया गर्छन्, एक-अर्काको इच्छा बुझ्छन्, आपसमा विश्वास गर्छन् अनि एक-अर्काका कोमल भावनाहरूलाई सम्मान गर्छन्।

यी सबै भावनाले एक-अर्काप्रतिको प्रेम नै दर्साउँछ, किनभने कतिपय महिलाका श्रीमान् आफ्नी श्रीमतीसँग यौनसम्पर्क त गर्छन् तर उनीहरू न त आफ्नो घरप्रतिको जिम्मेवारी वहन गर्छन् न आफ्नी श्रीमतीलाई विश्वास नै, न उनीहरूसँग भावनात्मक वा मानसिक रूपले जोडिएका नै हुन्छन्। यस्ता पुरुषहरूलाई चाहिँ यौनसम्पर्कका बारेमा स्वार्थी भन्न सकिन्छ तर सबै पुरुषमा त्यस्तो प्रवृत्ति हुँदैन।

यौन क्रियाकलापको उत्पत्ति महिलाबाटै हुन्छ। कुनै पनि श्रीमतीले त्यसबेला आफू खुसी र आनन्दित भएको अनुभव गर्छिन् जुनबेला उनी आफ्ना श्रीमान्को अँगालोमा बाँधिएकी हुन्छिन्।

**हतारिनु हुन्न**

श्रीमान्हरू आफ्नो व्यावसायिक व्यस्तताले गर्दा हतारमा यौन क्रियाकलाप गर्छन् र अर्कातिर फर्किएर सुत्छन् भन्ने गुनासो प्रायः श्रीमतीहरूको हुन्छ। यस्तो व्यवहारले श्रीमान्हरूलाई त कुनै फरक पर्दैन तर श्रीमतीहरूलाई पर्याप्त असर पर्छ। यौनका सम्बन्धमा पूर्ण सन्तुष्टि नहुनु र मेसिनले जस्तो छिटो काम सक्ने प्रक्रियामा महिलाहरूले आनन्द प्राप्त गर्न सक्दैनन्। यस्तो स्थितिमा आफू कुनै वस्तु हो जसलाई श्रीमान्ले आफ्नो सन्तुष्टिका लागि प्रयोग गर्छन् भन्ने धारणा श्रीमतीहरूमा देखा पर्न सक्छ।

भर्खरै विवाह भएका श्रीमतीहरूलाई यौनसम्पर्कप्रति जागरुक हुन केही समय लाग्छ। यस्तो स्थितिमा श्रीमान्हरूले उनीहरूलाई आवश्यक समय दिनुपर्छ। उनीहरूलाई शारीरिक एवं मानसिक रूपले तयार हुन दिनुपर्छ, अथात् हतारिनु हुँदैन। महिलाहरूको कोमल भावनाअनुरूप उनीहरूसँग कुराकानी गर्नुपर्छ। यौनसम्पर्क गर्नुअघि सबै कुरा बिर्सिएर पूर्ण मनयोगले श्रीमतीलाई माया गर्छु भन्ने महसुस गराउनुपर्छ।

# आहा ! बेहुली



माघ लागेपछि फेरि विवाहको लगन प्रारम्भ हुन्छ। जहाँतहीं विवाहको खासखुस चल्छ। बेहुला-बेहुली हरेकको नजरमा छाउँछन्। माघ र फागुनमा गाउँ-सहर जताततै विवाहको रन्को देखिन्छ। बेहुलीलाई डोली चढाउने तथा भित्र्याउनेहरूलाई यो मौसममा सास फेर्ने फुर्सद पनि कमै हुन्छ। तामझामका साथ विवाह गर्नेहरूका लागि वर होस् वा वधू सिंगार्नैपर्ने हुन्छ। लगनको बेवास्ता गर्नेहरूका लागि यही महिना विवाह गर्नुपर्छ भन्ने छैन। मन मिल्ने जोडीहरू जुनसुकै महिना पनि विवाह गर्न सक्छन्। जस्तोसुकै ढंगले विवाह गर्नेहरू हुन् अधिंकाशले भने विवाहको लगन हेर्ने गरेको पाइन्छ। मंसिर, माघ, फागुन तथा वैशाख महिना विवाहका लागि शुभ महिना मानिन्छ।

कसैले आ-आफ्नै ढंगले घरमै वर-वधू सिंगार्छन् त हिजोआज ब्युटीपार्लर गएर चिरिच्याँट्ट पर्ने चलन पनि बढ्दो छ। हो त, विवाहको मौसममा ब्युटीपार्लर एवं ब्युटीसियनहरूलाई चापाचाप नै हुन्छ। गुरुङ ब्युटीपार्लर पृथ्वीचोकको ब्युटीसियन चिनु गुरुङलाई त एकछिन सास फेर्ने फुर्सद छैन, बिहानदेखि साँझसम्म बेहुलीको सिंगारपटारमै व्यस्त हुनुपर्छ। बेहुली सिंगार्न घरमै पनि बोलाएका छन्, एकाबिहानै पार्लरमा बेहुली सिंगारिरहेकी ब्युटीसियन गुरुङले साप्ताहिकसँग भनिन्- 'विवाहको मौसम सुरु भएपछि बेहुली सिंगार्न पार्लरमा भीड बढ्छ।'

चिनुलाई मात्र यस्तो व्यस्तता हैन, पोखराका धेरै पार्लरमा विवाहको लगन सुरु भएपछि बेहुला-बेहुली सिगार्ने यस्तै भीड देखिन्छ। ब्युटीपार्लरहरूले अरू सेवामा भन्दा पनि यसमै बढी समय खर्च गर्छन्। बेहुली सिंगार्ने मौसममा भ्याई-नभ्याई हुँदा ब्युटीसियनहरू मख्ख नपर्ने त कुरै भएन। आम्दानी राम्रो त हुन्छ नै, सेवा गर्ने मौका पनि हो यो। ब्युटीसियनहरूले एउटा बेहुली सिंगारेको अवस्था हेरेर २ देखि १८ हजार सम्म लिने गरेका छन्। बेहुली सिंगार्न दुई घण्टा त दिनैपर्छ।

विवाह भन्ने कुरा पटक-पटक हुने कुरा होइन। त्यही भएर त जतिसुकै खर्च होस्, बेहुला-बेहुली सिंगार्नेहरू खर्च गर्न बिल्कुलै डराउँदैनन्। आफ्नी छोरी सिंगार्नका लागि पार्लर आएकी एक महिला यो पंक्तिकारसँग आफ्नो नाम लुकाउँदै भन्दै थिइन्- 'ब्युटीपार्लरमा सिंगारेजस्तो राम्रो घरमै सिंगार्न सकिँदैन।' हुन पनि हो, ब्युटीसियनको जस्तो सीप सबैमा हुँदैन। ब्युटीसियनहरूले तौर-तरिका पुऱ्याएर बेहुला-बेहुली सिंगार्छन्।

ब्युटीक्लब एसकी ब्युटीसियन स्यान्द्रा पुन भन्छिन्- 'बेहुलाभन्दा बेहुली सिंगार्नेहरू नै बढी आउँछन्। उनको पार्लरमा पनि यस पटक बेहुली सिंगोर्नेहरूको राम्रै भीड देखिन्छ। कतिपय त पार्लर आउने चाहना हुँदाहुँदै पनि लाज लागेर पार्लरसम्म आउन नसकेको स्थानीय ब्युटीसियनहरू बताउँछन्। उता पोखरामा पहिलो पटक पुरुषका लागि हेन्डसम पार्लर खोलेकी सुरोचक हेन्डसम पार्लरकी सञ्चालिका कमला गुरुङलाई भने बेहुला सिंगार्दैमा फुर्सद हुँदैन। हेन्डसम पार्लर भएकाले उनीकहाँ सिंगारिन आउने बेहुलाहरूको चाप पनि बढ्दो छ।

–शिव शर्मा

# प्रेमको परिभाषा



प्रेम भन्ने शब्द जति पवित्र छ त्यति नै भयानक पनि। प्रेमले सुन्दर संसार र रमणीय दिनहरूको निर्माण गर्छ भने कस्ता-कस्ता भयानक घटनाको पनि सिर्जना गर्छ। प्रेम आगो हो, पानी पनि हो। प्रेम कलकल बग्ने खोला हो, प्रेम आँधी-हुरी पनि हो। प्रेमका अनेक उदाहरण हरेक क्षेत्रमा हरेक तरिकाले, हरेक प्रकारका भेटिन्छन्।

प्रेमलाई समाजले कुन रूपमा लिनुपर्ने हो? प्रेमको सीमा कतिसम्म छ? एउटा छोराले आफ्नी आमाबाट पाएको मातृप्रेम र त्यो छोराले कसैकी तरुनी छोरीबाट पाएको प्रेममा के फरक छ? प्रेमको नाममा दोबाटो कुरेर आफ्नो अमूल्य समय बर्बाद गरिरहेका युवायुवतीले प्रेमलाई कुन रूपमा लिइरहेका छन्? नेपाली सामाजिक मूल्य र मान्यताले यस्ता प्रेमलाई कसरी हेर्छन्? भक्तपुर बहुमुखी क्याम्पसकी छात्रा अञ्जु गिरी भन्छिन्- 'प्रेम भन्नेबित्तिकै हाम्रो दिमागमा आइहाल्छ– दुई मुटुको मिलन नै प्रेम हो तर प्रेमको व्यापक रूपलाई हेर्ने हो भने परिवारले परिवारलाई गर्ने प्रेम अनि एउटा नागरिकले देशलाई गर्ने प्रेममा एकरूपता पाइन्छ।'

आज-भोलिका युवायुवतीहरूले प्रेमलाई फेसनका रूपमा लिइरहेका छन्। कुनै एउटी राम्री केटी वा केटालाई भुलाउन सक्नु आफू क्षमतावान् भएको सम्झन्छन्। अहिलेका युवायुवतीहरूले प्रेमलाई जवानी अनि पैसासँग दाँजेका छन्। चाँगुनारायण स्कुलका शिक्षक नीलबहादुर श्रेष्ठको अनुभव छ- 'प्रेम आजको परिवेशमा एउटा बाध्यता र अपरिहार्य आवश्यकता भएको छ। प्रेमको अर्थ नै थाहा नहुनेहरू पनि रोमियो टाइटल राख्छन्।'

शिक्षिका संगीता खनाल प्रेम दुई आत्माको मिलन हो भन्दै प्रेम व्यक्तिले चाहेर गर्ने र नचाहेर नगर्ने होइन, यो हृदयदेखि नै स्वस्फूर्त उत्पन्न हुने एउटा भाव हो भन्ने धारणा व्यक्त गर्छिन्। 'प्यार किया नही जाता, हो जाता है' प्रेम भन्ने कुरालाई दुई अर्थबाट बुझ्न सकिन्छ। एउटा आफन्तलाई गर्ने प्रेम र अर्को विपरीतलिंगीबीच हुने प्रेम। प्रेमको निश्चित परिभाषा दिन गाऱ्हो पर्छ। यो संसार नै प्रेममा अडेको छ भन्दै खनाल थप्छिन्- 'सबैभन्दा ठूलो कुरा मन हो, मन हुने मानिसलाई मात्र प्रेम के हो भन्ने कुराको महसुस हुन्छ। प्रेमको परिभाषा दिन गाऱ्हो छ।'

माया भन्नाले हामी आफ्नो परिवारलाई गरिने मानवताको भावना हो भन्ने बुझ्छौं तर माया पनि दुई मुटुको मिलन नै हो। जस्तै- कुनै व्यक्तिलाई शारीरिक चोट लागेको देख्दा आत्मादेखि नै सहानुभूति, सद्भाव उत्पन्न हुन्छ, त्यो माया हो, समाजको विचारमा भने माया गर्नु भनेको आफ्नो जीवनमा कुनै केटा वा केटीलाई निम्त्याउनु भनिन्छ। आजभोलिका युवायुवती एकले अर्कालाई गर्ने सामान्य आकर्षणलाई प्रेम मान्छन्। पछि केटा वा केटीले अर्कैसँग विवाह गर्दा धोका पाएको भन्छन् तर वास्तविक प्रेम अविस्मरणीय क्षणबाट सुरु भएर दीर्घकालसम्म कायम रहन्छ।

– **कृष्णबहादुर थापा**

# बोटबिरुवा पनि प्रेम गर्छन्

मानवजातिबाहेक पशुपन्छीमा पनि प्रेमभाव हुन्छ भन्ने कुरा हामी सबैलाई थाहा छ, तर रूखविरुवा पनि एक-अर्कासँग प्रेम गर्छन् कुरा हालै गरिएको एक अनुसन्धानले प्रमाणित गरेको छ। अमेरिकी वैज्ञानिक वेक्सटार भन्छन्– 'रूखबिरुवा पनि एउटा अदृश्य तरंग पैदा गरेर मानिसले झैं एक-अर्कालाई दुःखसुखमा साथ दिन्छन्।' बोटबिरुवामा अनेकौं सूक्ष्म ज्ञानेन्द्रिय हुन्छन्, जसले मानिसको मस्तिष्कमा हुने सबै किसिमको हलचललाई मापन गर्न सक्छन्। मानिस रूखबिरुवाका बारेमा जुन कुरा सोच्छन्, उनीहरूले सूक्ष्म तरंगद्वारा तत्कालै जानकारी पाउन सक्छन्।

एक दिन वेक्सटार आफ्नो प्रयोगशालामा अनुसन्धानमा व्यस्त थिए। त्यसै बेला एउटा धारिलो हतियारले उनको हात काटियो। रगत भलभली बग्न थाल्यो। त्यसै बेला अनुसन्धानका लागि प्रयोगशालामा राखिएको बोटबिरुवाले उनीप्रति दुःख प्रकट गर्न थाले। यो कुरा उनले वायनोग्राफ नामक यन्त्रबाट पत्ता लगाएका थिए।

रूखबिरुवामा पनि संवेदना हुनुका साथै बोटबिरुवा पनि एक-अर्कासँग प्रेम गर्छन् भन्ने तथ्य उल्लेख गर्दै वैज्ञानिक वेक्सटारले हालै पत्ता लगाएका बिरुवासँग सम्बन्धित प्रेमप्रसंग यस्तो छ :

पाइनस नामक बिरुवाले आफ्नो फूलमा रहेको हजारौं सूक्ष्म परागकण हावामार्फत हावामा छर्छ। हावामा छरिएका केही परागकण भने पोथी फूलका स्टिग्मामा पुगेर बस्छन्। स्टिग्माभित्र एक प्रकारको चिल्लो र चिपचिपे तरल पदार्थ हुन्छ। त्यसैमा परागकरण टाँसिन्छ र पछि उक्त परागकण फूलको भ्रूणका रूपमा विकसित हुन थाल्छ। यस्तै किसिमको प्रेमभाव केराउ, सिमी, बदामलगायत थुप्रै वनस्पतिमा पनि हुन्छ।

पानीमुनि समुद्रभित्र पाइने, भेलिसनेरिया नामक बिरुवामा पनि यस्तै प्रेम भएर प्रजननक्रिया हुन्छ। भेलिसनेरिया बोटमा भाले र पोथी फूल अलग-अलग बोटमा उत्पत्ति हुने गर्छ। पोथी जातको बिरुवा लामो आकारको पातलो र सर्प आकारको हुन्छ। जब यो पूर्ण वयस्क अवस्थामा पुग्छ, तब पोथी बोटको भेलिसनेरियाबाट फूल फुस्किएर पानीमाथि तैरिन थाल्छ। यसैबेला भाले फुलको परागकण पनि पानीमाथि प्रवाह हुन थाल्छ र पोथी फूलमा गएर टाँसिन्छ। त्यसपछि पोथी फूल गुटुमटु भएर पहिलेकै अवस्थामा पुग्छ र उसले गर्भाधारण गरी नयाँ बोट उत्पादन गर्छ।

अमेरिकी वैज्ञानिकहरू यो अनुसन्धानबाट निकै उत्साहित छन्। भविष्यमा उनीहरू मानिस र रूख-बिरुवासँग प्रत्यक्ष रूपमा कुराकानी गरी आफ्ना सुखःदुखका अनुभूति साटासाट गर्न सकिने तथ्यको नजिक पुग्न सकिने कुरामा विश्वस्त छन्।



# विश्वकप क्रिकेट २००७

# कहाँ कसरी आयोजना हुँदैछ नवौं विश्वकप क्रिकेट

## विश्वकप क्रिकेटको इतिहास

**पहिलो विश्वकप**

सन् १९७५ जुन २१ मा लर्डस्मा भएको फाइनल खेलमा क्लाइभ लायडको नेतृत्वमा रहेको वेस्टइन्डिजले अस्ट्रेलियालाई १७ रनले पराजित गरेको थियो ।

**दोस्रो विश्वकप**

सन् १९७९ जुन २३ मा लर्डस्मा भएको फाइनल खेलमा क्लाइभ लायडको नेतृत्वमा रहेको वेस्टइन्डिजले इङ्ल्यान्डलाई ९२ रनले पराजित गरेको थियो ।

**तेस्रो विश्वकप**

सन् १९८३ जून २५ मा लर्डस्मा भएको फाइनल खेलमा कपिलदेवको नेतृत्वमा रहेको भारतले वेस्टइन्डिजलाई ४३ रनले पराजित गरेको थियो ।

**चौथो विश्वकप**

सन् १९८७ नोभेम्बर ८ मा कोलकातामा भएको फाइनल खेलमा एलन बोर्डरको नेतृत्वमा रहेको अस्ट्रेलियाले इङ्ल्यान्डलाई ७ रनले पराजित गरेको थियो ।

**पाँचौं विश्वकप**

सन् १९९२ मार्च २५ मा मेलवर्नमा भएको फाइनल खेलमा इमरान खानको नेतृत्वमा रहेको पाकिस्तानले इङ्ल्यान्डलाई २२ रनले पराजित गरेको थियो ।

**छैटौं विश्वकप**


सन् १९९६ मार्च १७ मा लाहोरमा भएको फाइनल खेलमा अर्जुन रनतुंगाको नेतृत्वमा रहेको श्रीलंकाले अस्ट्रेलियालाई ७ विकेटले पराजित गरेको थियो ।

**सातौं विश्वकप**

सन् १९९९ जुन २० मा लर्डस्मा भएको फाइनल खेलमा स्टिभ वाको नेतृत्वमा रहेको अस्ट्रेलियाले पाकिस्तानलाई ८ विकेटले पराजित गरेको थियो ।

**आठौं विश्वकप**

सन् २००३ मार्च २५ मा जोहान्सबर्गमा भएको फाइनल खेलमा रिकी पोन्टिङको नेतृत्वमा रहेको अस्ट्रेलियाले भारतलाई १ सय २५ रनले पराजित गरेको थियो ।





नवौं विश्वकप क्रिकेट प्रतियोगिता पहिलोपटक वेस्ट इन्डिजले आयोजना गर्दैछ । यो विश्वकप सहभागी मुलुक तथा खेलाडीहरूको दृष्टिले अहिलेसम्मकै सबैभन्दा ठूलो विश्वकप क्रिकेट हुनेछ । क्यारेबियन क्षेत्रमा छरिएर रहेका स-साना नौं मुलुक (सेन्ट भिन्सेन्ट, सेन्ट किट्स एन्ड नेभिस, ट्रिनिडाड एन्ड टोबागो, सेन्ट लुसिया, जमैका, एन्टिगुआ एन्ड बरबुडा, ग्रेनाडा, गुयाना तथा बारबाडोज) ले वेस्ट इन्डिजको नाममा आयोजना गर्ने नवौं विश्वकप क्रिकेटमा पहिलो पटक सोर्‍ह मुलुकले सहभागिता गर्दैछन् । जसमध्ये बरमुडाले पहिलो पटक विश्वकप क्रिकेटमा सहभागिता जनाउनेछ । यो विश्वकपमा तीन पटकको विजेता अस्ट्रेलिया (२००३, १९९९, १९९२), दक्षिण अफ्रिका, श्रीलंका (१९९६ को विजेता), भारत ( १९८३ को विजेता), बंगलादेश, न्युजिल्यान्ड, इङ्ल्यान्ड, पाकिस्तान (१९९२ को विजेता), दुई पटकको विजेता आयोजक वेस्ट इन्डिज (१९७५, १९७९) तथा जिम्बावेजस्ता टेस्ट क्रिकेट खेल्न मान्यताप्राप्त मुलुक सहभागी छन् । त्यसैगरी स्कटल्यान्ड, हल्यान्ड, केन्या, क्यानाडा तथा आयरल्यान्डले पनि यो विश्वकपमा सहभागिता जनाउँदैछन् ।

विश्वकपका लागि सहभागी १६ मुलुकलाई चार समूहमा विभाजन गरिएको छ, जसअन्तर्गत समूह 'ए'मा अस्ट्रेलिया, दक्षिण अफ्रिका, स्कटल्यान्ड तथा हल्यान्ड छन् । समूह 'बी' मा श्रीलंका, भारत, बंगलादेश तथा बरमुडा छन् । समूह 'सी' मा न्युजिल्यान्ड, इङ्ल्यान्ड, केन्या तथा क्यानाडा छन् भने समूह 'डी' मा पाकिस्तान, वेस्ट इन्डिज, जिम्बाबे र आयरल्यान्ड छन् ।

विश्वकपको समूह चरणका खेलहरू सेन्ट किट्स एन्ड नेभिस ( समूह 'ए'), ट्रिनिडाड एन्ड टोबागो ( समूह 'बी'), सेन्ट लुसिया (समूह 'सी') तथा जमैका (समूह 'डी') मा हुनेछन् । त्यसैगरी दोस्रो चरणको खेल, जसलाई सुपर एट सिरिज भनिएको छ, एन्टिगुवा एन्ड बरबुडा, ग्रेनाडा, गुयाना तथा बारबाडोजमा हुनेछन् । सेमिफाइनलका खेलहरू जमैका तथा सेन्ट लुसियामा हुनेछन् भने फाइनल खेल बारबाडोजमा खेलाइनेछ । अहिले अन्तर्राष्ट्रिय क्रिकेटमा दिवारात्रिको खेल लोकप्रिय भए पनि नवौं विश्वकपमा आयोजना गरिने सबै खेल दिउँसो खेलाइनेछ । प्रतियोगिताको औपचारिक उद्घाटन फागुन २७ गते हुनेछ ।

समूह चरणअन्तर्गत २४ खेल हुनेछन् । यी खेलहरू फागुन २९ गतेदेखि चैत ११ गतेसम्म हरेक दिन दुई खेलका दरले आयोजित हुनेछन्, तर फागुन २९ तथा चैत ११ गते एक-एकवटा खेल मात्र हुनेछन् ।

दोस्रो चरणको 'सुपर एट सिरिज' भनिएका खेल चैत १३ गतेदेखि वैशाख ८ गतेसम्म आयोजित हुनेछन् । 'सुपर एट सिरिज' अन्तर्गत हरेक दिन एउटा मात्रै खेल हुनेछ ।

सेमिफाइनलका खेलहरू वैशाख ११ तथा १२ गते खेलाइनेछ भने फाइनल खेल वैशाख १५ गते हुनेछ ।

## खेल तालिका

| मिति | प्रतिद्वन्द्वी टिम | स्थान |
|---|---|---|
| फागुन २९ | वेस्ट इन्डिजविरुद्ध पाकिस्तान | जमैका |
| फागुन ३० | अस्ट्रेलियाविरुद्ध स्कटल्यान्ड | सेन्ट किट्स एन्ड नेभिस |
| फागुन ३० | केन्याविरुद्ध क्यानाडा | सेन्ट लुसिया |
| चैत १ | श्रीलंकाविरुद्ध बरमुडा | ट्रिनिडाड एन्ड टोबागो |
| चैत १ | जिम्बावेविरुद्ध आयरल्यान्ड | जमैका |
| चैत २ | दक्षिण अफ्रिकाविरुद्ध हल्यान्ड | सेन्ट किट्स एन्ड नेभिस |
| चैत २ | इङ्ल्यान्डविरुद्ध न्युजिल्यान्ड | सेन्ट लुसिया |
| चैत ३ | भारतविरुद्ध बंगलादेश | ट्रिनिडाड एन्ड टोबागो |
| चैत ३ | पाकिस्तानविरुद्ध आयरल्यान्ड | जमैका |
| चैत ४ | अस्ट्रेलियाविरुद्ध हल्यान्ड | सेन्ट किट्स एन्ड नेभिस |
| चैत ४ | इङ्ल्यान्डविरुद्ध क्यानाडा | सेन्ट लुसिया |
| चैत ५ | भारतविरुद्ध बरमुडा | ट्रिनिडाड एन्ड टोबागो |
| चैत ५ | वेस्ट इन्डिजविरुद्ध जिम्बावे | जमैका |
| चैत ६ | दक्षिण अफ्रिकाविरुद्ध स्कटल्यान्ड | सेन्ट किट्स एन्ड नेभिस |
| चैत ६ | न्युजिल्यान्डविरुद्ध केन्या | सेन्ट लुसिया |
| चैत ७ | श्रीलंकाविरुद्ध बंगलादेश | ट्रिनिडाड एन्ड टोबागो |
| चैत ७ | जिम्बावेविरुद्ध पाकिस्तान | जमैका |
| चैत ८ | स्कटल्यान्डविरुद्ध हल्यान्ड | सेन्ट किट्स एन्ड नेभिस |
| चैत ८ | न्युजिल्यान्डविरुद्ध क्यानडा | सेन्ट लुसिया |
| चैत ९ | भारतविरुद्ध श्रीलंका | ट्रिनिडाड एन्ड टोबागो |
| चैत ९ | वेस्ट इन्डिजविरुद्ध आयरल्यान्ड | जमैका |
| चैत १० | अस्ट्रेलियाविरुद्ध दक्षिण अफ्रिका | सेन्ट किट्स एन्ड नेभिस |
| चैत १० | इङ्ल्यान्डविरुद्ध केन्या | सेन्ट लुसिया |
| चैत ११ | बरमुडाविरुद्ध बंगलादेश | ट्रिनिडाड एन्ड टोबागो |
| **सुपर एट सिरिज** | | |
| चैत १३ | डी उपविजेताविरुद्ध ए विजेता | एन्टिगुआ एन्ड बरबुडा |
| चैत १४ | ए उपविजेताविरुद्ध बी विजेता | गुयाना |
| चैत १५ | डी उपविजेताविरुद्ध सी विजेता | एन्टिगुआ एन्ड बरबुडा |
| चैत १६ | डी विजेताविरुद्ध सी उपविजेता | गुयाना |
| चैत १७ | ए विजेताविरुद्ध बी उपविजेता | एन्टिगुआ एन्ड बरबुडा |
| चैत १८ | डी उपविजेताविरुद्ध बी विजेता | गुयाना |
| चैत १९ | बी उपविजेताविरुद्ध सी विजेता | एन्टिगुआ एन्ड बरबुडा |
| चैत २० | डी विजेताविरुद्ध ए उपविजेता | गुयाना |
| चैत २१ | सी उपविजेताविरुद्ध बी विजेता | एन्टिगुआ एन्ड बरबुडा |
| चैत २४ | बी उपविजेताविरुद्ध ए उपविजेता | गुयाना |
| चैत २५ | ए विजेताविरुद्ध सी उपविजेता | एन्टिगुआ एन्ड बरबुडा |
| चैत २६ | डी विजेताविरुद्ध सी विजेता | गुयाना |
| चैत २७ | डी उपविजेताविरुद्ध ए उपविजेता | ग्रेनाडा |
| चैत २८ | सी उपविजेताविरुद्ध बी उपविजेता | बारबाडोज |
| चैत २९ | बी विजेताविरुद्ध सी विजेता | ग्रेनाडा |
| चैत ३० | ए विजेताविरुद्ध डी विजेता | बारबाडोज |
| वैशाख १ | ए उपविजेताविरुद्ध सी विजेता | ग्रेनाडा |
| वैशाख २ | बी उपविजेताविरुद्ध डी विजेता | बारबाडोज |
| वैशाख ३ | ए विजेताविरुद्ध बी विजेता | ग्रेनाडा |
| वैशाख ४ | ए उपविजेताविरुद्ध सी उपविजेता | बारबाडोज |
| वैशाख ५ | डी विजेताविरुद्ध बी विजेता | ग्रेनाडा |
| वैशाख ६ | डी उपविजेताविरुद्ध बी उपविजेता | बारबाडोज |
| वैशाख ७ | ए विजेताविरुद्ध सी विजेता | ग्रेनाडा |
| वैशाख ८ | डी उपविजेताविरुद्ध सी उपविजेता | बारबाडोज |

सर्वाधिक बिक्री हुने **साप्ताहिक** सबैको लागि सम्पूर्ण पत्रिका

## विश्वकप क्रिकेट क्विज

| प्रथम पुरस्कार | द्वितीय पुरस्कार | तृतीय पुरस्कार |
|---|---|---|
| ५ जनालाई १ वर्षसम्म साप्ताहिक | १० जनालाई ६ महिनासम्म साप्ताहिक | २० जनालाई ३ महिनासम्म साप्ताहिक |

१. विश्वकप क्रिकेट प्रतियोगिता सबैभन्दा धेरै पटक जित्ने मुलुक कुन हो ?

........................................

२. नवौं विश्वकप कतिवटा मुलुकले आयोजना गर्दै छन् ?

........................................

३. नवौं विश्वकपमा कतिवटा मुलुकले सहभागिता गर्दैछन् ?

........................................

४. नवौं विश्वकप कुन राष्ट्रले जित्नेछ ?

........................................

५. नवौं विश्वकपको 'म्यान अफ द टुर्नामेन्ट' को हुनेछन् ?

........................................

**नियमहरू**

१. एकभन्दा बढी सही उत्तर प्राप्त भएमा गोलाप्रथाद्वारा निर्णय गरिनेछ । कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.को निर्णय नै अन्तिम हुनेछ ।
२. पुरस्कार कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.को काठमाडौं सुविधानगरस्थित मुख्य कार्यालय र विराटनगर, पोखरा, भरतपुर र नेपालगन्जस्थित क्षेत्रीय कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
३. उत्तर २०६४ वैशाख १० गतेसम्म प्राप्त भइसक्नुपर्नेछ ।
४. उत्तर पठाउँदा साप्ताहिकको कटिङ नै पठाउनुपर्ने छ । फोटोकपिलाई मान्यता दिइनेछैन । एक जनाले असीमित उत्तर पठाउन सक्नेछन् ।
५. कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. सँग सम्बद्ध कर्मचारी तथा तिनका परिवारले प्रतियोगितामा सहभागी हुन पाउनेछैनन् ।

**उत्तर पठाउने ठेगाना**
कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., कान्तिपुर, कम्प्लेक्स
पो.ब. नं. ६०१७, तीनकुने, सुविधानगर, काठमाडौं

# नारीको अचुक निशाना



पोखरा- कोमल हातमा धनुष र वाण । जाँगरिला युवतीहरू देखेर हेर्ने पुरुषहरू छक्कै परे । नारी कमजोर छैनन्, परिआए जे पनि गर्न सक्छन् । यही मान्यतालाई चुनौती दिँदै युवतीहरू गत शनिबार पोखरामा धनुषको अचुक निशाना लगाउँदै थिए । उनीहरूले लगाएको निशाना चुकेका थिएनन् ।

महिलाहरूलाई आर्चरी खेलमा आकर्षित गर्न पोखरामा महिला आर्चरी च्याम्पियनसिपको आयोजना गरिएको थियो । प्रतियोगितामा महिला आर्चरी च्याम्पियनसिपको उपाधि अनिता गुरुङले चुमिन् । अनिताको निशानालाई सबैले मुक्तकण्ठले प्रशंसा गरे । अनिता नेपालमा आर्चरी खेल भित्र्याउनेमध्येका एक दीपक गुरुङकी छोरी हुन् । अनिताले एक वर्षदेखि आर्चरी खेल्दै आएकी छिन् । हिमालयन आर्चरी क्लब काडमाडौंकी अनिताले १२ सर हानेर १ सय ८ अंकका साथ उपाधि चुमेकी हुन् ।

महिला एकल प्रतियोगितामा कुल ६ जना सहभागी थिए, जसमा हिमालयन आर्चरी क्लब काठमाडौंबाट १ तथा अन्नपूर्ण आर्चरी क्लब पोखराबाट ५ जनाको सहभागिता थियो । प्रतियोगितामा अन्नपूर्ण आर्चरी क्लब पोखराकी शान्ति शेरचनले द्वितीय स्थान हासिल गरिन् । उनी ब्युटीसियन पनि हुन् । शेरचनले ७४ अंक ल्याइन् । त्यस्तै प्रतियोगितामा अन्नपूर्णकै सुजना गौचनले ४६ अंकका साथ तृतीय स्थान प्राप्त गरिन् । अन्तर्राष्ट्रिय आर्चरी फिटाको नियमका आधारमा नेपालमा खेलाइएको यो पहिलो प्रतियोगिता हो, -आयोजक क्लबका सचिव योगेन्द्र शेरचनले साप्ताहिकलाई बताए । परम्परागत रूपमा केही युवतीले पोखरामा तारो हान्दै आए पनि अन्तर्राष्ट्रिय मापदण्डका आधारमा प्रतिस्पर्धामा सहभागी भएको पनि यो पहिलो अवसर हो ।

पुरुषतर्फ नेपालमै पहिलो पटक आयोजित १८ फिटा आर्चरी प्रतियोगितामा अन्नपूर्ण आर्चरी क्लबका खगेन्द्र मल्लले प्रथम स्थान हासिल गरे । उनले कुल ९७ अंक पाएका थिए । प्रतियोगितामा हिमालयन आर्चरी क्लब, काठमाडौंका प्रेम चोचाङ्ग मगरले द्वितीय तथा अन्नपूर्ण आर्चरी क्लबका हेमन्त गौचनले तृतीय स्थान हासिल गरेका थिए । पुरुष एकलतर्फ जम्मा २५ जना खेलाडीको सहभागिता थियो ।

९ जना खेलाडीको सहभागिता रहेको पुरुष भेट्रान्सतर्फ हेमन्त गौचन प्रथम भए भने वसन्त गौचन साकुरा द्वितीय तथा इन्जिनियर गोविन्द गौचन तृतीय भए । त्यस्तै टिम इभेन्ट्सतर्फ अन्नपूर्ण आर्चरी क्लब प्रथम हिमालयन आर्चरी क्लब काठमाडौ द्वितीय तथा नेपाल मगर संघ कास्की तृतीय भएका थिए । इभेन्टसमा ८ टिमको सहभागिता थियो । प्रतियोगिता दुई दिनसम्म चलेको थियो भने विजयी प्रतियोगीहरूलाई आकर्षक पुरस्कार वितरण गरिएको थियो ।



# पार्श्वका धकेलिँदै नेपाली फुटबलका तारा



नेपाली फुटबलमा देवनारायण चौधरी पर्यायवाचीकै रूपमा स्थापित नाम हो । कुनै समय उनको नाममा फुटबल हेर्ने दर्शकको संख्या ठूलै हुन्थ्यो । देवनारायण जब आक्रामक पंक्तिमा रहेर उफ्रिएर हेड गर्न जान्थे, त्यसबेला बलले जाली चुमेकै हुन्थ्यो । उनी खुट्टाले फुटबल खेले पनि गोल भने टाउकाले गर्न खप्पिस मानिन्थे । तिनै देवनारायण अहिले पार्श्वमा धकेलिएका छन् ।

मोरङको सिद्राह गाविसमा जन्मिएका देवनारायणका पिताले छोराले पनि कृषि पेसा अपनाउँछ भन्ने आशा राखेका थिए । परिवारको कान्छो छोरा भएका कारण घरका कामहरू दुई दाइले गर्न थालेपछि उनी खेत खरियानमा कपडाको भकुन्डो खेलेरै दिन बिताउँथे । छोराले खेलेर दिन बिताएको देखेर बाबु जति आजित हुन्थे छिमेकीहरू उत्तिकै छक्क पर्थे, तर फुटबलप्रतिको लगाव देखेर विराटनगरको चन्द्रसूर्य स्पोर्टिङ क्लबले उनलाई खेल्न बोलायो । देवनारायण त्यो बेलाको सम्झना गर्दै भन्छन्- आफू त किसान परिवारको मानिस परियो, खाली खुट्टाले नै खुब खेलें । मसँग लगाउने जुत्तासमेत थिएन । सानैदेखि खाली खुट्टाले खेल्ने बानी परेका कारण खाली खुट्टा नै खेल्न सजिलो लाग्थ्यो ।

स्थानीय तहमा खाली खुट्टाले फुटबल खेल्दाखेल्दै उनलाई विराटनगरको युनाइटेड स्पोर्टिङ क्लबले खेल्न बोलायो । थारु समुदायका मानिस शारीरिक रूपमा बलिया त थिए नै, फुटबल पनि केही कुशलताका साथ खेल्न थालेपछि क्लबले अझ राम्रो खेल्छ भनेर बुट दियो । यो क्रम बढ्दै गएपछि उनले महेन्द्र पुलिस क्लबले फुटबल टिम तयार गर्न लागेको खबर पाएँ । त्यो समयमा ध्रुव क्षेत्री तथा रूपकराज शर्माहरूले पनि मलाई हौसाउनुभयो र म छनौटमा परें ।

वि.सं. २०४४ सालमा काठमाडौं आएपछि फुटबलको नयाँ संसारमा प्रवेश गरेका चौधरीले त्यसपछि पछाडि फर्केर हेर्नुपरेन । शारीरिक रूपमा बलियो भएका कारण प्रशिक्षकहरूले उनलाई रक्षात्मक पंक्तिमै खेलाउन चाहन्थे, जसका कारण उनले २०४४ देखि ५१ सालसम्म रक्षापंक्तिबाटै फुटबल खेले । चौधरीको रक्षापंक्तिलाई तोड्न जो कोहीलाई पनि हम्मे पर्थ्यो । बिस्तारै उनले आफ्नो स्थानलाई अगाडि बढाउँदै २०५२ देखि २०५८ सम्म अफेन्सिभ मिडफिल्ड खेलाडीका रूपमा प्रस्तुत गरे, त्यसपछि २०६२ सम्म आक्रामक पंक्तिका खेलाडीका रूपमा । फुटबलमा गोलकिपरबाहेक सबै भूमिका निर्वाह गर्न भ्याएका देवनारायण चौधरीले नेपालका तर्फबाट ४८ वटा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाइसकेका छन् ।

अन्तर्राष्ट्रिय प्रतियोगितातर्फ उनका लागि सबैभन्दा अविस्मरणीय खेल ढाकामा सम्पन्न छैटौं साफ खेलकुद प्रतियोगिता रह्यो । चौधरी भन्छन्- यो प्रतियोगिताको अन्तिम समयमा हामी पराजित भैसकेका थियौं । लगभग गोल भैसकेको थियो, गोलपोस्ट खाली भएर गोलकिपर लडिसकेका थिए, तर पोस्टमा छिर्न लागेको बललाई मैले बचाएँ । पछि हामीले त्यो खेल जित्यौं । यदि मैले त्यो बल नबचाएको भए केही बेरमै खेल पनि सकिन्थ्यो र हामी हार्थ्यौं । उक्त सफलता नै नेपाली फुटबलमा अहिलेसम्मकै सबैभन्दा ठूलो सफलता पनि मानिन्छ ।

धेरै अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेका कारण चौधरीसँग फुटबलको पर्याप्त अनुभव छ, तर उनलाई जीवनको सबैभन्दा रोचक क्षण काठमाडौंमा सम्पन्न आठौं साग खेलकुद प्रतियोगिता नै लाग्छ । उक्त प्रतियोगितामा उनी नेपाली फुटबलको राष्ट्रिय टिमको कप्तानका रूपमा प्रस्तुत भएका थिए । फुटबलप्रति उनको लगावकै कारण जर्मनीका चर्चित फुटबल प्रशिक्षक होल्गर ओभरम्यानले उनलाई टपक्क टिपेर मलेसियाको व्यावसायिक क्लब पुऱ्याएका थिए । त्यो बेला उनले मलेसियाको लिग फुटबल प्रतियोगितामा सर्वाधिक गोलसमेत गरेका थिए । देवनारायणले भारत तथा बंगलादेशका धेरै क्लबबाट व्यावसायिक फुटबल पनि खेले, तर विदेशमा जहाँ भए पनि देशका लागि खेल्न बोलाउँदा उनी जस्तोसुकै स्थितिमा पनि नेपाल आइहाल्थे ।

२०६० देखि राष्ट्रिय फुटबलबाट संन्यास लिए पनि देवनारायण राष्ट्रलाई उनको खाँचो खड्कियो भने खेलमा फर्कने सोचाइमा छन् । चौधरी भन्छन्- मौका त अरूले पनि पाउनुपर्छ, अहिले उनी घरेलु प्रतियोगितामा व्यस्त छन् । खेल विश्लेषकहरूका अनुसार उनको फुटबलमा जुन किसिमको कला छ त्यसलाई प्रशिक्षकहरूले पनि राम्रोसँग बुझ्न सकेका छैनन् । हाल आयोजना भैरहेको लिग फुटबल प्रतियोगितामा पनि प्रशिक्षकहरूले उनलाई बढी समय प्लेयर्स बक्समै राख्ने गरेका छन् । देवनारायण भन्छन्- यो मैले निर्णय गर्ने कुरा होइन । प्रशिक्षकहरूले के सोचिरहनुभएको छ त्यो हामीलाई थाहा हुँदैन । अहिले सञ्चालन भैरहेको लिग फुटबल प्रतियोगितामा महेन्द्र पुलिस क्लबका तर्फबाट पहिलो चरणका ३ खेल सकिएपछि मात्र उनी मैदानमा उत्रिन पाए भने दोस्रो चरणमा दुई खेल खेलेपछि उनी पुनः प्लेयर्स बक्समा बस्न बाध्य भए । फुटबलप्रति गहिरो रुचि राख्नेहरूका अनुसार देवनारायणलाई हतोत्साहित गरिँदैछ । राष्ट्रिय टिमबाट उनले जुन ढंगले संन्यासको घोषणा गरे सोहीअनुरूपको सम्मान उनले घरेलु लिग प्रतियोगितामा पाउनुपर्ने हो, तर देवनारायण पार्श्वमा धकेलिएका छन् । यद्यपि यो कुरा मान्न उनी तयार छैनन् । देवनारायण भन्छन्– 'म अझै पनि फुटबलमै समर्पित छु र फुटबलका लागि योग्य पनि ।'

देवनारायण अझै पनि केही वर्ष घरेलु प्रतियोगितामा सहभागिता गर्ने सोचाइ राख्छन् । उनी भन्छन्- जून दिन मैले आफूलाई शारीरिक रूपमा कमजोर भएको महसुस गर्छु त्यो दिन म आफैं टिमबाट हट्ने घोषणा गर्छु । मलाई म अझै पनि तीन-चार वर्ष खेल्न सक्छु भन्ने विश्वास छ, किनकि मेरो शिक्षा, कर्म, भाग्य जे भने पनि फुटबल नै हो । मैले फुटबलमा लागेकै कारणले पढ्न पाइनँ,रोजगारीका अन्य अवसर पनि त्यागिदिएँ । मेरो क्यारियर नेपाली फुटबलको इतिहासमा सीमित छ, म खेलबाट अलग भए पनि फुटबलमै केही गर्ने सोचाइमा छु । यो विषयमा अखिल नेपाल फुटबल संघका साथै खेलकुद परिषद्जस्ता जिम्मेवार निकाय गम्भीर बन्नैपर्छ । अन्यथा आदिवासी समुदायबाट आएर राष्ट्रकै शिर उँचो पार्ने खेलाडी चौधरीका सम्बन्धमा देखा पर्ने परिस्थितिका कारण नेपाली खेलकुदप्रतिको युवाआकर्षण पनि कायम रहन सक्दैन– देवनारायणले निराशा र पश्चात्तापको नियति भोग्नुपऱ्यो भने ।















# कान्तिपुर गाथा

किशोर नेपाल

रजिनाले एक्काइसौं एसएमएस पढी, 'हेप्पी भ्यालेन्टिन डे । आई एम वेटिङ फर यू, राइट हियर इन दि पिज्जा प्यालेस । कम एन्ड ज्वाइन युअर ओन धने ।' आजको दिन ऊ हुनुपर्थ्यो ठमेलमा, तर छे आकाशमा । भोलि ऊ फर्किंदासम्म भ्यालेन्टिन डे सकिइसकेको हुनेछ । रजिनालाई आज पटक्कै निस्किन मन थिएन कान्तिपुरबाट, तर ड्यूटीमा खटाएपछि नाइँ भन्न पनि मिलेन । ऊसँग काम छल्ने बहाना पनि थिएन । मन नलागी-नलागी ऊ एयरपोर्ट पुगेकी थिई ।

उडानको तयारी नहुन्जेल ऊ हातमा मोबाइल खेलाएर एसएमएस लेखिरहेकी थिई । जहाज उडेपछि एकैछिन सुरक्षा नियमहरूको अभिनयमा लागी । त्यसपछि फेरि मोबाइलसँगै खेल्न थाली । जहाज उडेको घण्टापछि ककपिटबाट संकेत आयो । ऊ ककपिटमा पसी । क्याप्टेन सुनीलले उसलाई तलदेखि माथिसम्म हेर्‍यो र भन्यो– हेप्पी भ्यालेन्टाइन डे । सुनेर रजिनाले मुन्टो बटारी । सँगैको को-पाइलट ज्ञान बोल्यो– आज तिमीलाई कसले ड्यूटी राखिदियो रजिना ? रजिना केही बोलिन । सोच्न थाली– साले, क्याप्टेनहरू पनि ताल-तालका छन । जहाज उत्रिन पाउँदैन, जंगली भैहाल्छन् ।

रजिना क्याबिनमा फर्किई र आफ्नो सिटमा बसी । एकैछिनपछि सुनीलको आवाज जहाजमा घन्कियो । ऊ यात्रुहरूलाई सुनाउँदै थियो– लेडिज एन्ड जेन्टलम्यान, गुड आफ्टरनुन । हामी भर्खरै म्यान्मारको एयर स्पेसमा पसेका छौं । मौसम सफा छ । अब केही छिनमा नै हामी म्यानमारबाट निस्किएर... सुनील बोल्दा-बोल्दै माइक्रोफोन बन्द भयो । जहाज थोत्रो भैसकेको थियो । सिस्टमदेखि सिटसम्म कुनै पनि वस्तु साबुत थिएनन् जहाजभित्र ।

रजिना सिटबाट उठी र एप्रोन लगाई । उसले हजारौं पटक यो एप्रोन लगाउने र फुकाल्ने गरिसकेकी छ । उसका साथीहरू खाना सर्भ गर्न ट्रे र ट्रलीको व्यवस्था मिलाउँदै थिए । हेमन्त रक्सीका बोतलहरू चेक गर्दै थियो । 'के भन्यो त क्याप्टेनले ?' ताराको प्रश्नले रजिना झल्याँस्स भई । ताराले ऊ ककपिटमा गएको देखेकी थिई । वायुसेवाका अन्य उडानमा जस्तै यो उडानमा पनि सबै उमेर धराशायी भैसकेका एयर होस्टेजहरू मात्र थिए । जहाजमा छिर्ने बित्तिकै यात्रुहरू एयर होस्टेजहरूको चाउरी परेको अनुहार देख्थे र आँखीभौं खुम्च्याउँथे । त्यसैले पनि रजिनाबाहेक अरू कसैले पनि ककपिटमा छिर्नुपर्दैनथ्यो ।

प्रश्न सुनेपछि रजिनाले तारालाई पुलुक्क हेरी र हाँस्दै भनी– भरे तारा दिदीलाई लिएर मार्केटिङ गर्न जाने भन्दै थियो । रजिनाको जवाफ सुनेर सबै गललल्ल हाँसे । तारा अक्क न बक्क भई । उसले मनमनै भनी– हिजोआजका ठिटीहरू कति चनमते ! त्यसपछि उसले आफ्नो यौवनकाललाई सम्झी । क्याप्टेन राणा र क्याप्टेन शर्माहरूको चहेती थिई ऊ । एकपटक क्याप्टेन शर्माले जहाजमा खराबी आएको बहाना बनाएर दुई दिनसम्म जहाज नेपालगन्जमा उभ्याइदिएका थिए । त्यहाँबाट उनी तारालाई लिएर लखनउ सहरको भुलभुलैयातिर लागेका थिए ।

हेमन्त ट्रली गुडाउन थाल्यो, रजिना धकेल्न थाली । बिजनेस क्लासका चार सिट सकिएपछि पाँचौंमा ट्रली रोकियो । रजिनाले सिटमा बसेको यात्रुलाई सोधी– के पिउनुहुन्छ ? प्रश्नसँगसँगै रजिनाको हात ह्विस्कीको बोतलमा परिसकेको थियो । ऊ जाम बनाउन थालिसकेकी थिई । यो रुटमा ह्विस्कीको खपत प्रशस्त हुने सयौं पटकको अनुभव थियो रजिनाको, तर यो उडानमा पहिलो पटक यात्रुले माग्यो, फ्रेस लाइम...

झन्डै चार घण्टापछि जहाज हङकङको विमानस्थलमा उत्रिँदा रात परिसकेको थियो । रातसँगै रजिनाको उदासी पनि बढ्दै थियो । उसले सोचेकी थिइ, भ्यालेन्टिनको चौबीस घण्टा धनेसँग बिताउनेछु । धनेले विगत सात वर्षदेखि उसलाई माया गर्दै आएको छ । यस पटक दुवै बसेर बिहेको टुंगो लगाउने सल्लाह भएको थियो । रजिनाले ताकेकी थिई मूढो, तर यहाँ रजिना देख्दै थिई, क्याप्टेन सुनिलको आँखाले उसैलाई ताकिरहेको थियो ।

# इन्टरनेसनल म्यानहन्टमा चन्दनलाई सफलता



गत फेब्रुअरी १० तारिक, शनिबारको दिन नेपाली युवाहरूका लागि महत्त्वपूर्ण रह्यो । पुरुषको आन्तरिक एवं बाह्य व्यक्तित्वको महत्त्वपूर्ण प्रतिस्पर्धाका रूपमा परिचित म्यानहन्ट इन्टरनेसनल प्रतियोगिताको १२ औं संस्करणमा नेपालको प्रतिनिधित्व गर्दै दक्षिण कोरिया पुगेका प्रेसिडेन्सी कलेजमा बीबीए अध्ययनरत २१ वर्षीय चन्दन अग्रवालले मिस्टर पर्सनालिटीको उपाधि जिते । दक्षिण कोरियाको न्यू काङ्वान्ल्यान्ड अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा भव्य रूपमा सम्पन्न उक्त प्रतिस्पर्धामा नेपालका चन्दनका अतिरिक्त विश्वका अन्य ५० मुलुकका प्रतिस्पर्धीहरूको सहभागिता थियो । ग्रुफ अफ इभेन्ट इन्टरटेनर्स (जीईई) ले म्यानहन्ट इन्टरनेसनल नेपाल २००७ का रूपमा चन्दन अग्रवाललाई छनौट गरेको थियो ।

यसअघि सन् २००५ मा मिस्टर कलेज चितवनको उपाधि विजेता चन्दनले म्यानहन्ट प्रतियोगितामा जानुपूर्व बानुज फिटनेसबाट फिटनेस, होटल याक एन्ड यतीबाट टेबल मेनर्स तथा रोजिन शाक्यबाट पर्सनालिटी ग्रुमिङसम्बन्धी प्रशिक्षण लिएका थिए । चन्दनका लागि बेस्ट ड्रेस राउन्डको पहिरन भने नमुना कलेजकी विद्यार्थी अल्पजा राजभण्डारीले तयार पारेकी थिइन् ।

सन् १९८७ देखि म्यानहन्ट कन्टेस्टका रूपमा प्रारम्भ भई सन् १९९३ देखि म्यानहन्ट इन्टरनेसनलका रुपमा आयोजना गरिँदै आएको उक्त प्रतियोगितामा नेपालको यो तेस्रो सहभागिता हो । यसअघि सन् १९९४ मा प्रशान्त ताम्राकार तथा सन् २००३ मा सुह्रद ज्योतिले नेपालको प्रतिनिधित्व गरेका थिए । १२ औं संस्करणको म्यानहन्ट इन्टरनेसनल प्रतियोगिताका विजेता भने चीनका झेङ युग्वाङ भए । विजेताको उपाधि, ट्रफीका अतिरिक्त उनले ३० हजार अमेरिकी डलर बराबरको मोडलिङ सम्झौता, ३ हजार डलर बराबरको गोल्ड एन्ड डायमन्ड रिङ र १० हजार अमेरिकी डलर नगद पुस्कार प्राप्त गरेका छन् । प्रतियोगितामा क्यानाडाका जेसन मिलटले फर्स्ट रनरअप तथा ग्रीसका आयोनिस एथिटाकिस सेकेन्ड रनरअप उपाधि हात पारेका छन् ।

# सहयोगका लागि क्याटवाक



महेन्द्र पुलिस हेल्थ क्लबको पौडीपोखरी छेउँतिर बनाइएको र्‍याम्पमाथि गत शुक्रबार गीत, संगीत, नृत्य तथा फेसन सो समेटिएको एउटा कार्यक्रम सम्पन्न भयो । राजधानीमा केही समयअघि सम्पन्न मिस नेवा: प्रतियोगितामा विभिन्न विधामा विजेता बनाइएका मिस नेवा: सुन्दरीहरूको सामूहिक प्रयासबाट आयोजित उक्त कार्यक्रमको उद्देश्य थियो मिस नेवा: कोष सिर्जना गर्नु र कार्यक्रमबाट उठेको रकमको केही प्रतिशत शान्तिनगरस्थित नि:सहाय सेवा सदनलाई आर्थिक सहयोग प्रदान गर्नु । गायिका लसता जोशी एवं गायक सुलिन्द्र शाक्यका गीत-संगीत तथा नेप्लिज फेसन होमद्वारा आयोजित विभिन्न प्रतियोगिताका ट्यालेन्ट उपाधी विजेताहरूको नृत्यका साथ उक्त कार्यक्रम ५ वटा सिक्वेन्समा विभाजित थियो । मिस नेवा: २००६ का सहभागी सुन्दरीहरूको क्याटवाकसँगै अघि बढेको फेसन प्रस्तुतिको पहिलो सिक्वेन्स थियो साडीको । जसअन्तर्गत कुपण्डोलस्थित सुजिनाज बुटिकद्वारा तयार पारिएका विभिन्न रंगीविरंगी साडीहरू प्रस्तुत गरिएका थिए ।

त्यसपछि पालो थियो ईशा फेसनद्वारा तयार पारिएका कुर्ता-सलवारको । कम्मरसम्म आउने कुर्ता र पाइन्ट शैलीको सलवारको कम्बिनेसनको उक्त सिक्वेन्सपछि मिस नेवा: सुन्दरीहरूले जुप फेसन वेयरका क्याजुएल पहिरनहरू प्रस्तुत गरे । यो सिक्वेन्समा प्रस्तुत स्वेटर, जिन्स, पुलओभर, ज्याकेटका साथमा कलरफुल ह्यान्ड ब्यागहरू तथा कालो नी-लेन्थ बुटको कम्बिनेसनबाट सुन्दरीहरूको गेटअपमा स्मार्टनेस झल्किएको देखिन्थ्यो । त्यसपछि प्रस्तुत सिक्वेन्समा भने मिस नेवा: २००६ को बेस्ट ड्रेस राउन्डमा प्रस्तुत पहिरनहरू समावेश थिए । अन्तिम सिक्वेन्समा भने कुपण्डोलस्थित फ्रेम फेसन बुटिकद्वारा डिजाइन गरिएका डिजाइनर कोट, ज्याकेट, ओभरकोट आदि फर्मल वेयरको प्रस्तुति समेटिएको थियो । र्‍याम्पमाथि प्रस्तुत कार्यक्रमको समापनसँगै उक्त कार्यक्रम डान्स पार्टीमा परिणत भएको थियो । जसमा सहभागी सुन्दरी तथा उपस्थित दर्शकहरू बेलुकी अबेरसम्म डिजेले घन्काएको डान्स नम्बरहरूमा रमाएका थिए ।

– रोजिन शाक्य

# पोखरामा हट फेसन नाइट



शिव शर्मा

पोखरा- लेकसाइडस्थित होटल कान्तिपुरको परिसर । फेसन पारखीहरूको जमघट भैरहेको थियो । रातको ठीक ९ वजे उद्घोषिका पूजा तथा आयुष श्रेष्ठको जोडदार उद्घोषणसँगै कार्यक्रमको ढोका उघ्रियो । अँध्यारो भैरहेको सभाहलमा एक्कासी झिलीमिली देखियो । रंगीचंगी बत्तीको प्रकाशसँगै बेहुलीको पहिरनमा एक मोडल क्याटवाक गर्दै र्‍याम्पमा देखापरिन् । दर्शकदीर्घामा उनले फूल वर्षा गराउँदा दर्शकहरूबाट जोडदार ताली गुन्जियो । अनि सुरु भयो जाडो मौसमको तातो फेसन ।

लामो समयको अन्तरालपछि पोखरामा फेसन परेड चल्यो । फेसन सोको चाँजोपाँजो मिलाएको थियो आईईसी फेसन सेन्टर, पोखरा शाखाले । लचकरदार कम्मर मर्काउँदै मोडलहरूले क्याटवाक गर्दा रात अझ रंगीन भएको आभास हुन्थ्यो । हट फेसन नाइटको मज्जा लुट्न तन्नेरीदेखि पाका फेसन पारखीसम्मको उपस्थिति थियो । फेसन सोमा पोखराका ख्यातिप्राप्त मोडलदेखि नयाँ अनुहारले र्‍याम्पमा क्याटवाक गरेका थिए ।

१२ सिक्वेन्समा विभाजित उक्त फेसन सोमा ब्ल्याक मेजिक, फ्युजन वेयर, जुलियट फेसन, रफ एन्ड टप, ब्लु एलीगेन्स आदि शीर्षकमा मोडलहरूले क्याटवाक गरेका थिए । राजधानीबाट आएका ४९ तथा पोखराका १९ जना डिजाइनका सृजनशील हातले तयार पारेको आकर्षक पहिरनमा मोडलहरूले क्याटवाक गरे । मौसम जाडोको भए पनि समरलाई हुने गरी पहिरन तयार पारिएको थियो । जाडोमा खुला पहिरनमा क्याटवाक गर्ने मोडलहरूले चिसो रातलाई न्यानो बनाएका थिए ।

भ्यालेन्टाइन डेलाई केन्द्रित गरेर तयार पारिएको जुलियट फेसन सिक्वेन्समा मोडलहरू आकर्षक देखिए । नेपालीपनको झझल्को दिन चन्द्रसूर्य झन्डा अंकित पहिरनमा समेत मोडलहरू र्‍याम्पमा प्रकट भए । रातको साढे एघार बजे सकिएको फेसन सोपश्चात् डिजाइनर तथा मोडलहरू एकसाथ नाच्दा रात रंगिएको थियो । फेसन सोको कोरियोग्राफी आशिष श्रेष्ठले गरेका थिए ।




तालिम
* फोटोग्राफी
* भिडियोग्राफी
* कलरल्याब
* लेमिनेशन
* डिजिटल फोटोग्राफी
सम्पर्क: * डिजिटल भिडियोग्राफी
अरुण दत्त पन्त द्वारा
वि.सं. २०५३ देखि निरन्तर.........
मान्यता प्राप्त पहिलो फोटो भिडियो इन्स्टिच्यूट
नेपाल फोटोग्राफी ट्रेनिङ इन्स्टिच्यूट
भोटाहिटी, साझा भण्डार माथिल्लो तल्ला, काठमाण्डौं
२१९१०३७, ४२१६२९१

अंग्रेजि दुई महिना मै!
*Basic *Intermediate *Advance
जान्दै नजान्ने हरुको लागी विशेष व्यवस्था
Free:Books, Cassets & Video-CDs
TOEFL, IELTS
Study in:
UK, USA, Australia
Free: Email & Internet
Computer:
Basic to Diploma
Member Of ECAN
Getway ☎ 4241870
Educational Consultancy P. Ltd
Bagbazar, KTM.

होटल तथा पर्यटन तालिम
★ Tour & Travel Mgmt
★ Tour Operation
★ Airlines & Travel (Manual, Amadeus & Abacus)
★ Hotel Management
★ F & B Management
★ Cook ★ Front Office
★ Waiter ★ Barman
★ Bakery ★ Housekeeping
SATS Course मा आधारीत तालीम
Compare our quality with the others
सम्पर्क:-सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र
नयाँ बानेश्वर चोक (अन्तराष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
४४७५११३/४४७२५५३
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)



मूल्य रू.१८५/–
Class XI
Taleju Refresher
English Guide
Class XI को Com. English पास गर्न चाहानु हुन्छ भने ..... !! !!!
तलेजु प्रकाशनको राम्रो गाइड पढ्न नभुल्नु होला ! सबैतिर पाइन्छ, आजै किन्नु होस् ।
तलेजु प्रकाशन

होटल तालीम होटल खुम्जुङ्मा
Cook-Indian, Chinese, Continental Waiter, Bar Man, Room Boy, House Keeping लगायत सम्पूर्ण होटल तालीममा भर्ना धमाधम लिईदैछ ।
हाम्रा विशेषताहरू
1. Cook Training गर्नेका लागि English तथा Waiter Training सित्तैमा
2. आफ्नै होटलमा सम्पूर्ण तालीम दिईने ।
HOTEL KHUMJUNG Training Centre
चक्रपथ, महाराजगंज, नारायण गोपाल चोकबाट ३ मिनेट पूर्व
Ph: 4-373411, 4-372194
City Office:- रानीपोखरी, जमल विश्वज्योती हलसंगै ,Ph:- 4249576


**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली/स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**